दायित्व

(मासिक)

वर्ष ७ || २०५० वैसाख || पूर्णाङ्क २०

सल्लाहकार
डा० मथुरा के. सी.
डा० भोला रिजाल

कार्यकारी संपादक
रामप्रसाद पन्त
४७४९८३

रचना संपादक
तारा कार्की
४७११४७

व्यवस्थापक
लक्ष्मी पन्त

संपादन सहयोगी
ठाकुरप्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
नील कुमारी गिरी (पूर्व)
विष्णु प्र. भण्डारी (पश्चिम)

सहयोग मण्डली
कृष्ण बहादुर थापा
गिरिराज पन्थ
पदम प्र. निरौला
सुशील चन्द श्रेष्ठ
मुकुन्द शर्मा
मदन स्थापित

भेटवार्ता

म पूर्वीय या पाश्चात्य ... – कृष्णभक्त श्रेष्ठ — १ — प्रस्तुति: रामप्रसाद पन्त / हेमराज पाण्डे

लेख/निबन्ध

देउता बाजेलाई चिट्ठी — ९ — उत्तम कृष्ण मजगैयाँ
शिक्षा नीति र विद्यार्थी जगत — १२ — विष्णु गोपाल रिसाल
इहलीला समाप्ती पछि... .. — ३३ — खिमानन्द पोखरेल

समीक्षा/समालोचना

कथाकार ध्रुवचन्द्र गौतम... .. — ५ — राजेन्द्र सुवेदी
'बन्द तगारो' लाई नियाल्दा — ४५ — रामप्रसाद पन्त

कथा/लघुकथा

गुफा — १९ — मनोक्रम शर्मा
क्रमश: मृत्युहरू — २३ — ध्रुव नेपाल
आत्मघात — ४० — कमला सरूप
धमिलो अस्तित्व — ४३ — संगीता 'स्वेच्छा'

संस्मरण

बाबा मलाई छाडेर..... — २७ — दार्सिङवासे माइलो

कविता/गीत/गजल/मुक्तक

मुकुन्द राज 'पथिक' ११/ मनोहर हितैसी ११/ अनु. सुवर्ण, देवकोटा १७/ रमेश 'क्षितिज' ३२/ ज्ञानेन्द्र 'विवश' ३२/ खगेन्द्र पधाक 'जन्तरे' ३७/ राम विक्रम थापा ३७/ मंजय अर्याल ३७/ भीमराना 'जिज्ञासु' ३९/ स्व. वासु शर्मा ५२/ कृष्णभक्त देवकोटा ५२/ सेवक नेपाल ५२/ डा. मथुरा के. सी. ५३/ बलराम बंञ्जारा ५६/ कृष्णप्रसाद दुवाल ५७/ मजुल ५७/ दिनेश अधिकारी ५७

प्रकाशन/कार्यालय
दायित्व परिवार
डिल्लीबजार काठमाडौं

पत्राचार
पो. व. नं. ६७६६
काठमाडौं

मूल्य:-
संस्थागत प्रयोजनका लागि रू. १०।–
सर्वसाधारणका लागि रू. ५।–

श्रद्धाञ्जली : वासु शशी र पारिजातलाई !

☐ वि. सं. २०४९ को अन्त र २०५० को शुरुकाल नेपाली साहित्य जगतका लागि दुर्भाग्यपूर्ण रह्यो। समयको छोटो अन्तरमा एकाएक नेपाली साहित्यका दुई महान् विभूतिहरू वासुशशी र पारिजातलाई गुमाउनु पर्दा नेपाली साहित्याकाशमा कताकता अँध्यारो छाएको अनुभव भैरहेको छ। हामीलाई गौरवको अनुभव यस अर्थमा भएको छ कि ती दुवै शीर्षस्थ साहित्य हस्तीसँग भेटघाट गरी अन्तर्वार्ताबाट प्राप्त उद्गारहरू पाठकसमक्ष पुऱ्याउन सफल भयौं। गत्याङ्कमा छापिएको पारिजातको अन्तर्वार्ता उहाँको जीवनको सबैभन्दा पछिल्लो अन्तर्वार्ता पनि हो।

☐ प्रजातान्त्रिक आन्दोलनका सक्रिय योद्धा तथा प्रतिष्ठित साहित्यकार वासुशशी र माहिला साहित्यकारहरूमा अग्रणी भूमिका निर्वाह गर्ने पारिजात जसले प्रजातन्त्र प्राप्ती र मानव अधिकारको लागि साहित्यिक रचना र वाक् अभिव्यक्तिद्वारा चेतना जगाउँदै नेपाली साहित्यलाई हराभरा बनाए। राष्ट्रिय सम्पत्तिका ती सम्मानीत प्रतिमालाई गुमाउनु पर्दा समस्त नेपाली जनता शोक विह्वल भएका छन्।

☐ वासुशशी र पारिजात दुवै आ-आफ्नो विचार र आस्थामा प्रतिवद्ध स्वाभिमानी साहित्यकारहरू हुन्। उनीहरू जीवनको अन्तिम दिनसम्म पनि आफ्नो स्वाभिमान र सङ्घर्षलाई छाडेनन्। आफूलाई भौतिक सुविधा एवं साधन र स्रोतको उपभोगबाट धेरैटाढा राखी सरल सुमधुर र गौरवमय जीवन बाँचे। जसले आफ्नो व्यक्तिगत स्वार्थको लागि कहिल्यै नैतिकता वेचेनन्।

☐ पञ्चायतकालमा तानाशाही सरकारबाट लखेटिएका यी साहित्यकारहरू प्रजातन्त्र प्राप्तीपछि जनताको सरकारबाट पनि यथोचित सम्मान पाउन सकेनन्। वासुशशीले प्राज्ञहरूको छनोट प्रजातान्त्रिक ढङ्गबाट भएन भनी आवाज उठाई रहे, पारिजातले त्यो आवाज नसुनेकोमा क्षुब्ध र क्रुद्ध भै मेरो पार्थिव शरीर प्रज्ञाप्रतिष्ठानमा नलगियोस् भनी अन्तिम इच्छा व्यक्त गरिन्।

☐ प्रतिष्ठित साहित्यकार वासुशशी अर्वुद रोगबाट पीडित थिए। यसैगरी पारिजात पनि उच्च रक्तचाप, दम र वाथको रोगले पीडित थिइन्। यी दुवैको उपचार समयमै हुन सकेको भए उनीहरू यस धर्तीमा बाँचेर साहित्यको फाँटलाई अरू हराभरा बनाउन सक्ने थिए। तर विडम्बना ! यति हुँदा-हुँदै पनि राष्ट्रका यी अमूल्य निधिहरूलाई विपन्नताले लामो समयसम्म बचाउन सकेन।

☐ प्रजातन्त्र स्थापनाको लागि २०४६ सालको जन आन्दोलनमा प्राज्ञिक सङ्घर्ष समितिको नेतृत्व गर्दै मुखमा कालोपट्टी बाँधेर सडकमा उत्रेका यी दुवै प्रतिमा कहिल्यै पनि सत्तापक्षको चाकडीमा लागेनन् बरू उल्टै सत्तापक्षको अपमान र तिरस्कार सहँदै स्वाभिमान साथ सिर्जनाको क्षेत्रमा निरन्तर लागिरहे। यही नै उनीहरूको आत्म सन्तुष्टिको विषय थियो।

☐ मरेपछि दुःख प्रकट गर्ने परम्परालाई तोडेर समयमै बुद्धि विवेकको प्रयोग गर्ने हाम्रो बानी बसोस् भन्ने कामना गर्दै आज ती महान् विभूतिहरूमा एक-एक अञ्जली श्रद्धाञ्जली अर्पण गर्नु नै हामी आफ्नो कर्तव्य ठान्दछौं।

वि. सं. २०५० को हार्दिक शुभकामना !

रामप्रसाद पन्त

म पूर्वीय या पाश्चात्य व्यक्तिमा प्रभावित नभएर युग र वादमा प्रभावित भएको छु

(कृष्णभक्त श्रेष्ठ)

नाम : कृष्णभक्त श्रेष्ठ

जन्म : २५ अक्टोबर १९४० ठमेल

शिक्षा : एम. ए. (अँग्रेजी)

कृति : कृष्णभक्त श्रेष्ठका कविता (२०३३)

"To Preserve the Freedom, to improve the morality, to establish the democracy". जस्तो रोमबाट प्रारम्भ भएको पुनर्जागरण (Renaissance) युगले जब वेलायत लगायत सम्पूर्ण युरोपलाई सङ्गीत, साहित्य, कला र संस्कृतिको क्षेत्रमा समृद्धशाली बनायो, Man is the guider of his path, Man is the first founder of his knowledge भन्ने शिक्षा दियो । यही युगलाई बढी आत्मसात र प्रेरणा स्रोत मान्ने कवि तथा सम्पादक श्री कृष्णभक्त श्रेष्ठलाई २०५०/१/२८ को पूर्व सन्ध्यामा भेट्ने मौका पाएका थियौं ।

सार्क सचिवालय, त्रिदेवी मन्दिर र सञ्चयकोषको भवनदेखि ठिक पश्चिम पट्टिको सीधा बाटोबाट असनतिर लाग्ने दक्षिण तर्फको पीच बाटोमा मोडिएर दुई मीनेट नहिंड्दै उक्त पीचबाटोबाट पश्चिम पट्टी मोडिएको नागवेली लिङ्कगेड आउँछ । उक्त रोडको दक्षिण पट्टीको पहिलो अति पुरानो शैलीको एक सामान्य घर पार नगर्दै ३ तल्ले रातो चाइनिज ईटाले निर्मित उत्तर मोहोडा भएको घरको दोस्रो तल्लाको वरण्डाबाट पूर्लुक्क हेरेर अभिवादन स्वीकारेपछि घरमा काम गर्ने एकजना केटाले त्यो कोठामा पुऱ्याउँछ, जहाँ सेक्सपियर, क्रिष्टोफर चाउसर, मेक्सिम गोर्की, हेनरीक, हाइनेक, रविन्द्रनाथ टैगोर देखि आधुनिक कालसम्मका विश्व स्रष्टाहरूका तस्वीरहरूले सजाइएको छ । त्यही कोठामा बसेर यी पंक्तिकारहरूले श्री श्रेष्ठसँग लिएको भेटवार्ताको सारसंक्षेप यस प्रकार छ—

१) साहित्यिक प्रेरणा र लेख्न शुरू गरेको समय बताइ दिनु हुन्छ कि ?

☼ "सर्पको खुट्टा सर्पले मात्र देख्न सक्छ" भने जस्तै जसले बचपनमा शारीरिक या मानसिक पीडा भोगेको छ, त्यसबाट उसको जीवनको फाँटमा अनुकूल र प्रतिकूल प्रभाव नपरी रहन सक्तैन । म पनि २ वर्षको कलिलो अल्प उमेरमा शरीरको देब्रे भागमा पोलियो (पक्षघात) जस्तो रोगले ग्रस्त थिएँ । पाँच वर्षको उमेरसम्म नेल (कल्ली) को सहाराले मुस्किलले मात्र हिंड्डुल गर्थें । त्यही विदारक जीवन यापनको उद्धारकार्यमा क्लोरोफर्म प्रयोग गर्दा करिब एक घण्टासम्म त मृत्यु अवस्थामा नै पुगेको थिएँ रे । पछि पोलियो (पक्षघात) ले देब्रे साइडका

आधाभाग सुकाएर लाने भएकोले समयमै यो विकराल रोगबाट बच्न देव्रे खुट्टा काट्नु पर्ने डाक्टरले सल्लाह दियो रे। तर वीर शमशेरको दरबारमा काम गर्ने आयुर्वेदिक डाक्टरद्वारा प्रदत्त जीत नारायण तेलको मालिसले मृत्युको मुखमा होमिन नपरेको कुरा मेरा अभिभावकहरू बताउनु हुन्थ्यो। त्यसको असर अद्यावधिक रहेकोले मलाई प्रेरणा मिलेको मान्नु पर्छ।

पारिवारिक प्रेरणा अनुसार घोड सवार, पौडी, रूख चड्ने, जस्ता प्रत्येक जीवन मरणका चुनौतीहरू जीतेर नबसेको भए शरीर कुँजीएर सायद आज एउटा अपाङ्ग अवस्थामा रूँदै बस्नुपर्ने थियो। दश वर्षकै उमेरमा आमाको स्वर्गवास भयो। एकातिर शरीरको कष्ट र पीडा अर्कोतिर आमाको प्रेम, कोमल मन र न्यानो मायाबाट संधैको लागि टुहुरो बन्नु पर्दा आफूभित्रको अव्यक्त पीडा खोज्ने माध्यम मैले लेखन कार्यलाई चयन गरें। मेरो साहित्यिक यात्राको पहिलो प्रारम्भ त्यहीबाट भयो। आफूलाई आफैभित्र बाट खोज्न र अभिव्यक्ति दिनु नै मेरो लेखन अभियानको सफलता पनि ठान्छु। त्यसैगरी दाजु वाइ.बी. श्रेष्ठबाट पनि केही प्रेरणा पाएको थिएँ।

२) अक्सर प्रत्येक नेपाली लेखकहरू पूर्वीय र पश्चिमी लेखकबाट प्रभावित भएर कलम चलाउने गरेको विचार व्यक्त गर्छन्, तपाई आफ्नो प्रभावलाई त्यही उत्तरसँग सहमती जनाउनु हुन्छ कि! अथवा यस भन्दा फरक ?

भाइहरू, मेरो उत्तर भन्दा पहिले नेपाल माथिकै कुरा गर्छु। हाम्रा उत्कृष्ट कृतिहरू जति नेपाली भाषामा निस्के तिनमा संस्कृतको प्रत्यक्ष प्रभाव पऱ्यो, अँग्रेजीको अप्रत्यक्ष प्रभाव। आज ठमेलको सानो होटलमा संसारका मानिससंग विचार विनिमय गर्न सहजै सकिन्छ। सञ्चारले मानिसलाई जति नजिक बनाएको छ त्यती ठूलो भूगोलको नक्सा पनि छोटो बनाएको छ। यसैले संसारबाट प्रभाव विहीन भएर आफ्नो Virgin (भर्जिन) मौलिकता बचाउँछु भन्ने मुलुक संसारबाटै एक्लिएर र एकलकाँठ भएर रहनु पर्दछ।

मेरो अहिले पनि एक्लो जीवन छ। अरू परिवारहरू भारत बङ्गलादेशमा छन् र मैले विद्यार्थी जीवनमा पनि मेरा परिवारहरू दार्जिलिङ भारतमा रहँदा तिनै युरोपीयनहरूसंग विचार विनियम गर्न गर्थें र अद्यापि गर्दैछु।

भाइहरूलाई मैले यो प्रश्नसँगै केही अरू कुराहरू पनि भन्न चाहन्छु। हाम्रो साहित्यलाई भन्दा भाषालाई प्राथमिकता दिने नयाँ शिक्षाले साहित्यलाई अपाङ्ग मात्र बनाएन। एम. ए. नेपालीमा पास गर्नेलाई ह्रस्व दीर्घ र अँग्रेजीमा पास गर्नेलाई सामान्य अँग्रेजी शब्दको Speliing शुद्ध लेख्नबाट बञ्चित गऱ्यो। यस्तो उठ्न नसक्ने साहित्यको मधौरो विरामी अवस्थालाई लेखा जोखा गर्ने अधिकार प्राप्त प्राज्ञहरू तारिकका कुर्सी बचाएर फाइदा लिई साहित्यको क्षतितर्फ आँखा चिम्लिए। म तपाईहरूलाई विश्वास साथ भन्छु– लोक सेवा आयोगको वर्तमान चयन प्रक्रियामा भाषासम्बन्धी समस्या यथावत रहेमा सायद नेपाली मात्र लेख्ने बोल्ने पारङ्गत परीक्षार्थीलाई २० औं वर्षपछि जागीरको चयनबाट विमुख बन्नुपर्ने अवस्था आउने छ।

हाम्रो विद्यार्थी जीवनमा जति भाषालाई चर्को रूपमा प्राथमिकता दिइएको थियो, नयाँ शिक्षाको आई. क्यू. ले त्यसलाई बिखण्डन पाऱ्यो। त्यसैले

हाम्रो साहित्य मोतिराम जस्ता युवक कविको योग-दानमा आजसम्म पराश्रयी भएर रहेको छ, त्यही बीच बीचको खण्डित परम्पराले हाम्रो साहित्य अक्षुण्ण रूपमा आउन सकेन । तर Quest For Knowledge Power, Riches को रूपमा इटालीबाट शुरु भएको १४ औं शताब्दीको पुनर्जागरण युग (Renaissance Period) ले क्रमश: जर्मन, फ्रान्स हुँदै १५ औं शताब्दीको अन्त्यतिर बेलायतमा भित्रियो त्यही पुनर्जागरणले आजसम्मको बेलायतको मानिसलाई First Founder of Knowlege Man सिद्ध गऱ्यो । सारा सन्सारको इतिहास त्यसैबाट प्रभावित भयो । युरोपियनहरूले कला, साहित्य र सङ्गीतमा सक्षम बन्ने सौभाग्य यसैबाट पाए तर हाम्रो कला, साहित्य, सङ्गीत- मन विखण्डन, पढाइको कोर्स विखण्डन र अक्षुणता विखण्डन बन्नाले खण्डहर भएर रह्यो । उता युरोपियन साहित्य सर्व क्षेत्रको अभिव्यक्ति एकै ठाउँमा दिन सक्षम भयो । यसैले म पाश्चात्य या पूर्वीय व्यक्तिमा प्रभावित नभएर युग र वादमा प्रभावित भएको छु । विशाल देश जस्तै विकसित साहित्यको पृष्ठभूमि भएको रसियन साहित्यमा अझै म बढी प्रभावित छु ।

तर शेक्सपियर र शेलीको जन्ममिति र सामान्य जीवन थाहा नभएका प्रचारमुखी साहित्यकार लाई शेक्सपियर र शेलीको उपमा राख्ने यहाँका समालोचकको हात कसरी अगाडी बढ्छ, त्यो ताजुब लाग्दो कुरा छ । अरू आफ्ना कृति, आफ्नो समुदाय र आफ्नो समर्थक प्रतिको अन्ध समर्थन गर्ने परिपाटिको विषयमा म मौन रहन चाहन्छु ।

३) हुनत हामी आफै कवि र कथाकार होइनौ, तर पनि राम्रो लेख्ने र धेरै अध्ययन गर्ने प्रति ठूलो श्रद्धा छ, अक्सर कथाकार र कविलाई माथि उठाउने र स्थापित गराउने अन्य साहित्यिक पत्रिकाहरू जस्तै तपाईंकै प्रधान सम्पादनमा सम्पादित "मधुपर्क" पत्रिका पनि एक हो– आज रजत जयन्ती मनाई सकेको मधुपर्कमा पहिलेभन्दा कम स्तर रहेको आम पुराना र प्रकाण्ड पाठकहरूको गुनासो छ । लेखकहरू र कविहरूमा पुरानो इमान्दार र तीक्ष्ण लेखाइभन्दा सुस्तता आएको हो वा सम्पादन प्रक्रियामा आलश्य ?

✡ हाम्रो सम्पादनमा प्रकाशित पत्रिका प्रतिको आमविज्ञ पाठकको गुनासो तपाईहरूको दायित्व पत्रिका मार्फत Mass-Media गर्नु भएकोमा धन्यवाद ! तर भाइहरू, यस्ता पाठकका गुनासा नआएका भए र नआउने भए हामी अझ सक्षम र पवित्र सम्पादन गर्न पनि विर्सन्थ्यौं होला । जहाँसम्म स्तरको कुरा छ– मेक्जीन बनाउने, आवरण लेख लेखाउने, खेलकुद लेख लेखाउने, चलचित्र लेख लेखाउने, सम्पादकले आफ्नो रचना नछपाउने तथा साहित्यिक पत्रिकामा विविधता थपेर एउटा विषयमा बढी प्रभावित पाठकले सबै विषयमा अध्ययन गरी ज्ञान उपार्जन गरोस् भन्ने हो । यती नगरेको भए ७–८ सय सदस्यसम्म झरेको संख्या बढेर १० हजार पुग्ने पनि थिएन । राम्रो लेख्न नसक्ने तर छाप्न मात्र खोज्नेले अवश्य त्यसो भन्छन् होला । हाम्रो मधुपर्कमा दिएको रचनालाई १ वर्ष सम्म प्रकाशित हुने म्याद र सो भित्र अन्य पत्रिकामा पनि दिएको वा प्रचार गरेको थाहा पाइएमा ब्लाक लिस्टमा नाम राख्ने नियमले लेखकहरूलाई इमान्दार बन्न र रचना प्रकाशनमा धैर्य गर्न सिकाएको पाठ हो, प्रतिसोध वा पूर्वाग्रहबाट पीडित भएर होइन । अब मधुपर्कको सम्पादन-

मा आलश्य र थकाई हो वा लेखकमा सुस्तता बसको उत्तर दिने जिम्मेवारी तपाईहरूकै दायित्व पत्रिकामा सुम्पिउँ कि ?

५) भरखरै देहावसान भएका साहित्यकारहरूको बारेमा यहाँ के भन्नु हुन्छ ? उहाँहरूको अभावबाट यहाँले नेपाली साहित्यमा के प्रभाव पर्ने देख्नु हुन्छ ?

म अलिकति अगाडि जाउँ– सिद्धिचरण श्रेष्ठ मेरा सर्वप्रिय कवि हुन् । सिद्धिचरणका जस्ता छोटा र मीठा कविता देवकोटामा पनि पाएको छैन । उनका कवितामा जोश, जाँगर र उत्साह छ– 'संकट पर्दछ मान्छेलाई ढुङ्गालाई के पर्दछ' जस्तो कविता पढ्दा मान्छे जुर्मुराएर उठ्न थाल्दछ । यसैगरी भूपी शेरचनका कविता पनि समय र युगानुकूल छन् । २०१२-१३ सालतिर वासु शशी, कुमार नेपाल, मोहन हिमांशु थापा, भूपी शेरचन र म भएर खोलेको रोदी ४–५ वर्ष सम्म अत्यन्त प्रभावकारी रह्यो । भूपी जे बने त्यो त्यही अवधिको देन हो । वासु शशी केही गरूँ भन्ने उत्साही व्यक्ति थिए । सम्पर्कमा आएको व्यक्तिलाई विशेष गरेर नयाँ पुस्ताका साहित्यकारहरू हात लिन सक्ने शक्ति थियो– वासु शशीमा । पारिजात पनि महिला लेखिकामा सर्वश्रेष्ठ स्थान ओगट्ने नारी हुन्, उनी पोलिटिक्ससँग पनि सम्बन्धित थिइन् । तर पारिजातलाई बाँच्नको लागि साहित्य नै पर्याप्त छ राजनीति चाहिँदैन । यी सबैको अभावले नेपाली साहित्यलाई अवश्य क्षति पुगेको छ ।

५) साहित्य र संचार दुवै क्षेत्रमा समान रूपमा योगदान गरेवापत कुनै पुरस्कार वा पदक पाउनु भएको छ कि ?

पुरस्कार वा पदक पाउने आशाले म काम गर्दिन र त्यस्ता प्राकृतिका सभा समारोह आदिमा भाग पनि लिन्न । मैले आजसम्म लवेदा सुरूवाल सिलाएको छैन ता कि त्यस्तो ठाउँमा जान नपरोस् ।

६) जागीरबाट निवृत्त भैसकेपछिको जीवन कसरी यापन गर्ने विचारमा हुनुहुन्छ ?

जागीरको साढेसत्ताइस वर्षको अवधिमा मलाई जागीरमा कहिल्यै मोह भएन । मैले धेरै काम गरें, अझ धेरै काम गर्न बाँकि छ । आफू जिम्मामा भएको काम सन्तोषजनक रूपमा सम्पन्न गर्ने मेरो सोचाई रही रहन्छ । मेरो दायित्व सह्याल्न कोही आउँछ भने तत्काले छाड्न तयार छु । त्यसपछिको जीवन कसरी चलाउने मैले अझ सोचेको छैन ।

७) यहाँबाट अरू केही भन्नु छ कि ? सुझाव सहित ।

अहिलेको साहित्य प्रचारमुखी भएको छ, त्यो राम्रो होइन । यस सम्बन्धमा सरकार, एकेडमी, युनिभर्सिटी र अन्य सम्बन्धित संस्था सबै लाग्नु पर्दछ । हामी अहिलेसम्म मोतिरामले देखाएको बाटोमा हिँडीरहेका छौं । एकेडमी जस्ता वाङ्मय संबर्धनको लागि स्थापना भएका संस्थाहरूले १००–२०० वर्ष पछि नेपाली साहित्यको स्थिति कस्तो होला भनी सोच्न सक्नु पर्दछ । महाकवि देवकोटा, सिद्धिचरण जस्ता कविहरूलाई विश्व साहित्यमा चिनाउने प्रक्रया चलेकै छैन । जबकि बङ्गलादेश जस्तो देशमा पनि स्वतन्त्र भएपछिको यो छोटो अवधिमा बङ्गाली साहित्यलाई अनुवाद गरी विश्व साहित्यमा चिनाउने र विश्व साहित्यको अनुवाद गरी बङ्गाली साहित्यमा प्रवेश गराउने जस्तो महान कार्य भैरहेको छ । यस्तै प्रक्रया यहाँ चलेको भए देवकोटा जस्ता प्रतिभाशाली कवि विश्व साहित्यको अग्रपङ्तिमा सम्मान पाएका हुने थिए ।

– प्रस्तुतिः रामप्रसाद पन्त
हेमराज पाण्डे

कथाकार ध्रुबचन्द्र गौतम र उनको प्रतिनिधि कथाका प्राप्तिहरू

– राजेन्द्र सुवेदी

२०२० सालदेखि २०४० सालसम्मको दुई दशकका अवधिमा लेखिएका कथाहरूको सङ्ग्रह 'गौतमका प्रतिनिधि कथाहरू' २०४४ सालमा आएर प्रकाशित भएको छ। यस सङ्ग्रहमा परेका २१ वटा कथामध्ये ५ वटा कथाहरू २०१५ सालमा प्रकाशित 'अँध्यारोद्वीपमा' पनि परिसकेका छन्। 'अध्यारोद्वीपमा' सङ्ग्रहले नेपाली कथाको परम्परामा पारेको प्रभावलाई यसभन्दा अघिल्लो लेखमा चर्चा गरिसकेको छ। यस सानो लेखमा 'अँध्यारोद्वीप' कालमा छुटेका र त्यसपछिका वर्षहरूमा लेखिएका कथा प्रवृत्तिलाई चर्चा गर्ने उद्देश्यले यस लेखनलाई अगाडि बढाइने काम भएको छ।

गौतमका समकालीन कथाकारहरूमा परशु प्रधान, प्रेमा शाह, कुमार नेपाल, वानिरा गिरी, तारानाथ शर्मा, पुष्कर लोहनी लगायतका कथाकारहरूले जन्माएका कथा प्रवृत्तिको अध्ययन गर्दा के निष्कर्षमा पुगिन्छ भने मनोविज्ञानका कथालाई, यौन प्रभावित फाँटलाई प्रस्तुत गर्ने क्रममा मानव अन्तर्गतका गुफातिर प्रवाहित हुन्छ भन्ने कुरातिर आफ्नो सृजना प्रयासलाई केन्द्रीत गरे। मनोविज्ञानको यौनकेन्द्री प्रवृत्तिलाई कथा रचनाको केन्द्रीयता बनाएर रचना गर्ने पुष्कर लोहनी, परशु प्रधान, प्रेमा शाह, कुमार नेपालहरूको तुलनामा निरपेक्ष र अल्छे पाराको यौन प्रयोग गर्ने कथाकार गौतम अन्य समकालिक कथाकारका पङ्क्तिमा उभेर पनि छुट्टै र आफ्नो किसिमको परिचय दिने कथाकारका रूपमा देखापरेका छन्। दोस्रो सङ्ग्रहका रूपमा प्रकाशित 'प्रतिनिधि कथाहरू' २०२० देखि २०४० सम्मको सृजनागत इतिहासलाई एक्लैले प्रतिनिधित्व गरेको छ। यसै केन्द्रीयतामा प्रस्तुत लेखलाई आधारित गरिनेछ।

तीनवटा सङ्ग्रह प्रकाशमा आइसक्दा पनि २५/३० वटा कथाहरू छरिएर बसेका छन्। आजका सन्दर्भमा जीवित कथाकारहरूमध्ये धेरै कथा लेख्ने कथाकारमा गौतमको नाम आउँछ। आजको समयमा आइपुग्दा कथा साधनाको शतक पार गरिसकेका गौतम नेपाली कथा जगत्मा आफ्नै प्रतिष्ठा र मूल्य आर्जन गरिसकेका व्यक्तित्वका रुपमा देखिन्छन्। २०४० साललाई सीमाङ्कन गरेर सम्पादन गरिएको प्रतिनिधि सङ्ग्रह पनि यसै लेखकको धारणा व्यक्त गर्ने कृति हो। त्यस कृतिले गौतमको विशिष्टताले नेपाली समाजको यथास्थिति मूलक यथार्थ-

तालाई अङ्कन गरेको छ । नेपाली उपन्यासका सन्दर्भमा जस्तै कथामा पनि महारथी बनेका गौतमलाई यस छोटो समीक्षामा 'प्रतिनिधि सङ्ग्रह' मा मात्र सीमित गरेर हेरिनेछ । २०४० सालभन्दा अघिका तर दुवै सङ्ग्रमा पर्न नसकेका २०/२२ वटा कथाहरूलाई पनि यहाँनेर सम्झनु पर्ने हुन्छ ।

मूलभूत रूपमा २०४० साल पूर्वका कथाकार गौतम समाजका बाह्य तन्तुलाई स्पर्श नै नगरी आन्तरिक तथा विसङ्गतिमूलक तत्त्वलाई केन्द्र बनाएर कथा निर्माण गर्दथे । तर २०४० पछिका अवधिमा सामाजिक विसङ्गतिलाई आधारशिला बनाएर कथा निर्माण गर्ने गौतम नेपाली कथा क्षितिजमा प्रकाशमय व्यक्तित्व बनेका छन् । समाजवादी चेतना, मूल्य र तथ्यवादी प्रवृत्तितिर अभिमुख भएर कथा लेख्ने कथाकार रमेश विकल र खगेन्द्र सङ्ग्रौला जस्ता कथाकारका बीचमा दौलत विक्रम विष्ट, पारिजात, परशु प्रधान, प्रेमा शाह, पुष्कर लोहनी, कुमार नेपाल आदि कथाकारको यौनवादी र यौन मनोविज्ञानवादी कथा सृजनाको तीव्र बोलबाला थियो । रमेश विकल र पोषण पाण्डेलाई पनि यौन रोगले आक्रान्त गरेको थियो– कथा सृजनामा । त्यस्तो समयमा कथा लेखनमा प्रवृत्त भएको कथाकार गौतमको व्यक्तित्व धर्म, समाज, संस्कृति र राजनीतिका पाटा र कोठाहरूलाई यौनका सानातिना झिल्काहरूले स्पर्श गर्दै कथा सृजना गर्ने काम गर्नुमा केन्द्रीत रहेको छ ।

२०२४ सालमा पहिलोपल्ट प्रकाशित साझा कथामा नेपाली कथाको प्रतिनिधित्व गर्ने दायित्व जिम्मा नपाएका गौतम महत्त्वपूर्ण व्यक्तित्व बनिसकेका थिए । सम्पादकले उनको कथा प्राप्तिलाई ओझेल राखेको भए पनि कथा सृजनाको उच्चता प्रखर भैसकेको थियो । २०३५ सालमा प्रकाशित 'अँध्यारो द्वीपमा' सङ्ग्रहमा देखिने कथाकार गौतम नेपाली कथा परम्परामा एक धुरी भएर देखापरेका छन् । प्रस्तुत सन्दर्भमा नेपाली कथा जगत्ले मनोविज्ञान, यौन, अस्तित्व र विसङ्गति समेतको सङ्गम विन्दु गौतममा प्राप्त गरेको छ । यथार्थका कथाहरूलाई समष्टिमा बटुलेर पूँजिवादी विसङ्गतिमाथि पोखिने बेलामा पलायनतिर धकेलिने प्रवृत्तिको सङ्केत भरेर कथा लेख्ने गौतमको परिधिलाई नियाल्दा समसामयिक अवधिका गैर प्रजातन्त्रवादी लेखकका फाँटमा पलायन र अन्तर्मुखी ठहरिए पनि प्रजातन्त्रवादी (पूँजीवादी) कथा सृजनाका फाँटमा यथास्थिति र बुर्जुवा विसङ्गतिका कटु आलोचक स्रष्टा बनेका देखिएका छन् । शासन सत्तामा र सत्ताको आडमा आउने आवर्तन र प्रत्यावर्तन, विवर्तन र परिवर्तन जति आए पनि सत्ताका आडमा भएका निन्दनीय दुष्कार्य र जघन्य अपराधलाई अनावरण गर्ने काम सत्तारोहीबाट हुन सक्दैन भन्ने कुरा उनका कथाले प्रस्तुत गरेका छन् ।

परम्परादेखि नै रूढ भएर समाजमा उभिन आएका मानदण्डहरूको महत्त्व र तिनका प्रयोगलाई बेवास्ता गर्दै नयाँ र आफ्नै किसिमका मानदण्ड कायम गर्ने प्रयास गर्नु गौतमको प्रयास देखिन्छ । व्यष्टि र सपाट चरित्र, घटना र वस्तुव्यञ्जनाको बाह्य प्रस्तुतिबाट मुक्त भएर समष्टि जीवनको प्रतिष्ठा कायम गर्नु नयाँ कथा मूल्य मानिन्छ । सामाजिक यथार्थबाट समाजवादी यथार्थतिरको यात्रा अरू समष्टि चरित्रको विम्बन गर्नु ठहर्छ । तर समाजवादी यथार्थसम्मको लामो यात्रालाई तय गर्न सफल भैनसकेका गौतम सामाजिक यथार्थमा भएका विकृतिलाई सघन र बर्तुल ढङ्गले पाठक सामु राख्न प्रयास गरेका छन् । समाजवादी दर्शनसम्मको यात्रामा उद्यत रहने चरित्र भने गौतमबाट सृजना हुन सकेको देखिदैन । यथास्थितिबाट वितृष्णा पैदा भए पनि त्यसबाट मुक्ति पाइने मार्गतिरको

यात्रा तय गर्न नसकेका पात्रहरूको प्रयोगले पाठकमा के भ्रम पर्न सक्ने देखिन्छ भने गौतमको मानसिकता यथा-स्थितिको समर्थन नै नतमस्तक हुने हो कि ! तर सूक्ष्म एवं नकारात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले कथाको सन्देश धेरै ठाउँमा यथार्थतिरै उन्मुख हुँदा हुँदै पनि गतिशील यथार्थतालाई अनावरण भने गर्न सकेको देखिंदैन ।

उपेक्षापूर्ण जीवनको भोगाइ : वर्तमान परिवेश भरी बढ्दै गएका विसङ्गति र विकृतिले मूल्यलाई दमित गर्दै गएको र जीवन समेत मान्छेलाई भार झैं अनुभव हुन लागेको स्थिति प्रदर्शित गरिनु गौतमको सामयिकताबोध हो, तर आफै उपेक्षाका अनुभव गरेर पात्रले पलायनको दिशातिर सङ्केत गर्नु अन्तर्मुखी र जीवन निरपेक्षताको स्थितिको उद्घाटन हो । यस्तो स्थितिलाई प्रदर्शित गर्ने कथाहरूमा 'सङ्कट', 'मानिस जो', 'धाप', 'दिनचर्या', 'सीमाना', 'निधाउनु अघि', 'एकपटक फेरि' र 'नरिस' जस्ता कथा पर्दछन् । जीवनलाई विसङ्गतिका च्यापमा पहिल्याएर अर्थ दिनु र त्यसलाई भोग्न बाध्य भएको अनुभव गर्नु पनि गौतमका कथाका पात्रको जीवन भोगले पुष्टि गरेको छ । वस्तुको स्थितिलाई वर्णनबाट रोचक बनाउने परम्परा गौतममा पाइंदैन । हाम्रा पाइताला मुनिको धर्ती भासिने र थाप्लामाथिको आकाश खस्ने प्रक्रिया वर्तमान विश्वमा व्याप्त छ । सङ्केत र स्वैर-कल्पनात्मक स्थितिको अवस्था पनि गौतमका यसै समयका कथामा व्याप्त छ । जीवनका उपेक्षित भोगाइलाई प्रस्तुत गर्ने प्रक्रियालाई प्रस्तुत गर्ने क्रममा अत्यन्त तीव्र रूपमा आविर्भाव भएको देखाइएको छ ।

जीवनका जटिलताभित्र बाच्नका निमित्त गरिने सङ्घर्ष : आज जीवनका सामूहिक र व्यापक मूल्यहरू समेट्ने नारा चर्को रूपमा प्रस्तुत गरिंदै गरे पनि व्यक्तिगत जटिलतामा च्यापिंदै र खण्डित हुँदै आएका स्थितिलाई अत्यन्त विकराल रूपमा स्थापित गरेको छ– गौतमका कथाले । समाजमा बेरोजगारी, महङ्गी, अभाव र आव-श्यकता दिन प्रतिदिन बढ्दै छन् । मीठो खान र राम्रो लाउन उत्सव र चाडवाड पर्खिनु पर्ने, इज्जत धान्न सङ्घर्ष गर्नु पर्ने जस्ता आजका स्थितिमा जीवन अवनतिको रक्षा-तलतिर धस्सिंदै गएको अवस्था कथामा प्रदर्शित भएको छ । यस्ता कथाहरूमा स्वाद, अभ्यस्त, सँग-सँगै, बयानका सन्दर्भमा घटना, भिराज, सुखान्त र प्रसङ्ग आदि पर्छन्– जस्ले जीवनका जटिलतालाई टिपेर पाठकसामु राख्ने काम गरेका छन् । कण-कणमा विखण्डित एकाइलाई जोडेर जीवन भोग्न विवश भएको स्थितिलाई गौतमले टिठ लाग्दो पाराले उतारेका छन् । गौतमका कथाको यस वर्तमानतालाई सजिलैसँग ठम्याउन सकिन्छ ।

यौन पनि जीवनको एक पक्ष : यौनको अतृप्ति र अपूर्तिमा जीवन अपूर्ण रहन्छ भन्ने फ्रायडीय मतलाई गौतमले पनि नकारेका छैनन् । उनका कथामा स्त्रीपुरुषका अनेकतम प्रसङ्गहरू प्रशस्त छन् । कथाकारका दृष्टिमा मान्छे जीवनलाई आफ्नै हिसाबले उपयोग गर्न सकिन्छ भन्ने विश्वास गर्ने प्राणी हो । 'एकपटक फेरि' कथाको अर्द्धवयस्क महिला अथवा गत वयस्क महिला आफ्ना कुरूपताका कारणले विवाह नभएपछि विहासम्बन्धी प्रसङ्ग नै काँडो भएर उपस्थित भैंदिन्छ । यस्ता कथामा मध्यान्न, स्वीकार अस्वीकार, रिस, कथा, उक्लिनु, शोक र ऊ जस्ता कथामा पाइने नारीपुरुषका बीचका प्रणय प्रसङ्गहरू मान्छेका वयस्क अवस्थाका छट्पटीलाई प्रस्तुत गर्न सफल भएका छन् । यी कथामा यौन भावनाका पोषक तत्वभन्दा बढता बाधकतत्वको विजय भएको देख्न पाइन्छ । आर्थिक व्यवधानका कारणले प्रणयबन्धन चुँडिन पुग्नु, आफ्नै खुट्टामा उभिन सक्ने भएपछि मात्र विवाह गर्छु भन्दा-भन्दै विहाको उमेरै भेड्किनु जस्ता अवस्था

गौतमका कथाले प्रस्तुत गरेको छ। यौनको गम्भीर मन्त्रणा भए पनि गौतमको कथाकार पुरुष तहको आङ्गिक तहको क्रियान्वित सम्बन्धलाई मात्र लक्ष्य बनाउँदैनन्। त्यसैले कथाकार गौतम यौनलाई मूल ध्येय भित्र पर्न नदिई कथा निर्माण गर्न प्रयास गर्दछन्।

जीवन एक उपेक्षित र हास्यास्पद तत्व : मानव जीवनका क्रियाकलापहरू नेपथ्यदेखि मञ्चसम्मका अभिनय हुन्। जीवन मैदान, नेताको रङ्गशाला बनेको कुरा पुष्टि हुन्छ। जीवनका र विसङ्गतिहरू वर्तमानमा विकराल रूप लिएर विदूषक बनेको मान्छे स्वयं धर्मरिन लागेको कुरा पनि कथाले पुष्टि गरेका छन्। सामाजिक मर्यादामा रहेको छु भनेर गर्व गर्ने हामीहरू समाजमा उपेक्षा पात्र बनेर सबैलाई हँसाइरहेका हुन्छौं। यस क्रममा हामीले जीवनलाई बाध्यतावश भोगेका पक्षपक्षान्तरलाई गौतमले पनि आत्मसात् गरेर उतारेका छन्। समाज र त्यस समाजमा आधारित संस्कारमा थपिन आएका भीषण विसङ्गति र बहुविध चरित्रहरू समाजमा स्वत: प्रदर्शित हुन्छन्। विसङ्गतिका प्रतिकात्मक प्रस्तुतिहरू उनका कथामा जिउँदो रूपमा रहेको देख्न पाइन्छ।

सम्वेदना र जीवन : मानवीय सम्वेदनाहरू आज प्राय: चेतनहीन भैसकेका छन्। आज जीवन क्रियाशील रहँदा रहँदै पनि सम्वेदनाहीन बनिसकेको हुँदा गत्यात्मक र चेतनशील रहन सक्तैन। बरू सनमाइकाको टेबुल जस्तो मुलायम तर समरो भएको अवस्था आजको जीवनमा पर्याप्त रहेको छ। वर्तमान समयको जीवन त्यतिसम्म सम्वेदना अनुकूल पनि छैन भन्ने कुरो उनका कथाले प्रस्तुत गरेको देखिन्छ। समय, समाज र जीवनका यथार्थ एवं विसङ्गत तत्वलाई यस समयले समेटेर मान्छेका सम्वेदन पटलमा राखिदिएको छ। यसरी प्रस्तुत समयका कथाहरूमा सम्वेदना शून्य जीवनका मूल्यहरू स्थापित भएको देखिन्छ। यहाँ नेपाली जीवनका समष्टि कोण र प्रतिकोणहरू होइन, अर्द्धशहरीकरणका स्थिति र प्रसङ्गहरू यथार्थ रूपमा उपस्थापन भएका छन्।

नभनिकन पनि यथार्थतालाई अभिव्यक्तिको रङ्ग दिने, थोरै भनेर निकै धेरै कुरा व्यक्त गर्ने, स्थितिको पहिचानलाई थोरैमा अनावृत गरिदिने काम गौतमबाट भएको छ। आमा-बाबु, छोरा-छोरी, लोग्ने-स्वास्नी, दाजु-भाइ, दिदी-बहिनी, साहु-आसामी, घर-गृहस्थी, अड्डा-कचहरी, शासक-रैती, नेता-जनता जस्ता मान्छेका सम्बन्धहरू, नेता र जनताका बीचका सम्बन्धहरू अनि घर र व्यवहारका आन्तरिक जटिलता, लेनदेन र रीतिस्थितिका समस्याका समष्टि प्रस्तुतिहरू, भोज-भतेर र चाडबाडहरू कथाभित्र नितान्त गम्भीर रूपमा उपस्थित भएका छन्। आवश्यकताभन्दा बढता सम्वेदित र मार्मिक कणहरूलाई मौन-रूपमा उद्घाटन गर्ने प्रयास गरेका छन्। कतिपय यथार्थताहरू भन्न खोज्दा खोज्दै अनावृत गरिएको गौतमको कथा कथन महत्त्वपूर्ण प्राप्ति हो। नेपाली र विश्वजीवनका यथार्थतालाई गौतमले समष्टिमा उद्घाटन गरेका छन्। यस स्थितिले के तथ्यलाई स्पष्ट गरिदिन्छ भने नेपाली जीवनको समष्टि परिवेश नेपाली जीवनको इतिबृत्तात्मक मूल्य विखण्डनका स्थितिबाट धर्मरिंदै र घस्रिंदै मरिमरी अडेको छ। यस स्थितिलाई उनका प्राय: सबै कथाले उद्घाटन गरेका छन्।

यस सङ्ग्रहका कथाकारको प्रस्तुतिमा कथा र कथन दुबै क्षीण छ। कथालाई नेपाली मात्र होइन, विश्वजीवन नै विखण्डित र विकटग्रस्त एवं फुकीफुकी पाइला चाल्नु पर्ने त्रस्त जीवन गतिलाई गौतमका कथाले पुष्टि गरेको छ। रचनाको आन्तरिक तहमा मात्र कथा शिल्प प्रस्तुत हुन्छ कतै र कतै चाहिं वाह्य तहमा नै प्रदर्शित हुन्छ।

(बाँकी अंश ५३ पेजमा)

(हास्य-व्यङ्ग)

"देउता बाजेलाई चिट्ठी"

— उत्तम कृष्ण मजगैयाँ

आदरणीय लोक-प्रतिपालक,
देवाधिदेव-विष्णु भगवान्
बैकुण्ठ-धाम, 'लक्ष्मी-महल'

दया सागर ! करुणा निदान ! अदृष्य रहेर पापीहरूको पाप मोचन गर्ने महान शक्तिधारी परमेश्वर ! मेरो कष्ट निवारण गर्न म माथि पनि कृपा-दृष्टि बक्सियोस् प्रभो ! म हजुरको दूत हुँ, तर पनि मलाई यो मर्त्यलोकको हावाले छोइ सके छ धर्मावतार ! इन्द्रपुरीको रमझम भन्दा पनि दशगुना बढी चम्चमाचम् भएको यो मान्छेको लोकले मलाई हावा खवाएछ–कावा खवाएछ खवामित् ! मुफत्मा रम्भा र तिलोत्तमाको नाच हेर्न बालोले यहाँ ब्लैकमा टिकट किनेर भित्तोमा मान्छेको छायाँ नाचेको हेर्न थालेको छु । नारद बाजेको झैं टल्ल टल्कने चिल्लो टाउको भएकोले लामा लामा जुल्फी पाल्न थालेको छु दयानिदान ! पहिरनको त कुरै न गरौं, कहिले ली र गो गो, जिन्स र पङ्स, कहिले सफारी र सूट, अनि जीउँदै घाँटीमा अपहत्तेको फुर्को । के हो, के हो खवामित् ? तर यहाँ दैवी प्रसाद सुरा र सोमरस भने प्रशस्त पाईंदो रहेछ । यो पेय मैले पनि लिने गरेको छु । के गरूँ ? रम्भा र तिलोत्तमा भन्दा पनि सुन्दर युवतीहरूले मेरो ओंठ सम्म रातो गिलास पुऱ्याई दिंदा म आफुलाई मर्त्यलोकको इन्द्र ठान्ने भूल पनि गर्छु । मर्त्यलोकका वासिन्दाहरूको झुठो बोल्ने गुण ममा पनि प्रशस्त रूपले आईसकेको भएतापनि हजुरको नून-पानी खाएकोले कसरी ढाँटूँ ? सबै सत्य लेख्दै छु ।

मर्त्यलोकको विषयमा हजुरहरूको सङ्कटकालीन बैठक बसेको आजै हो कि झैं लाग्छ । सभापतिको आसन-बाट शिव गर्जेका थिए– "म सर्वशक्तिमान हुँ... .. ।" तर आफ्नो पद अनुसारको अधिकार ब्रह्मा र हजुरलाई पनि प्राप्त थियो । ब्रह्माले सृष्टिको काम पाए, हजुरले लालन-पालनको जिम्मा लिनु भो । शिव चाँही शक्ति कै प्रदर्शन गर्ने वाला ठहरिए र चलाए मार-मुंग्री । सृष्टि, उत्थान र विनाश गर्ने यी तीनवटा देउता नै प्राणीहरूको हृदयमा आसन जमाउने वाला ठहरिए । तर प्रभो, आज त उपासक भन्दा उपास्य धेरै छन् । उपदेश सुन्नेहरू भन्दा उपदेशक बढी छन् । यी विभिन्न देवी देउताका दलाल-पण्डाहरूले मान्छेको धन बुकाएका छन् एवं हवामहल बनाएर उनको मन र मोटे आन्द्रो सुकाएका छन् । तर हजुरको शीतल नीति र बाँच्ने बचाउने कुरामा विश्वास राख्नेहरूको प्रतिशत निकै कम छ । हजुरको खास दूत हुँ

तर मलाई पनि कसैले टेर्दैनन् । उल्टो धम्काउँदै भन्छन्- "धेरै न बोल्, इशालाई झैं गोलीले उडाइ दिउँला, सुकरातलाई झैं विष ख्वाएर यमपुरी पठाई दिउँला !" यिनीहरूलाई के थाहा कि म त हजुरको दूत हुँ, यमपुरी किन जान्थे ? के गरी संझाउँ प्रभो ? मैले ईंट उठाउँदा उनले ढुङ्गाले मेरो पुर्पुरो सेक्न पुग्छन् । बोलीले तर्साउन खोज्दा गोलीले उडाउन खोज्छन् । मेरो दुःख माथि निगाह होस् नाथ !

ब्रह्मा बुढाको गिदी खुस्केर के के बनाए के के ? एक युगलाई बुद्ध दिए त अर्को युगलाई युद्ध दिए । मान्छे कहिले राममा बाँच्यो त कहिले काममा । कहिले नाममा बाँच्यो त कहिले हरामको माममा । सत्ते, आज ब्रह्माका प्रतिनिधिहरू छाडा साँढे झैं जतातत घुम्दैछन् । नियन्त्रण गर्ने कुनै छैन । समुद्र-मन्थनबाट थुप्रै वस्तुहरू निस्के झैं यिनको मस्तिष्क-मन्थनबाट पनि थुप्रै वस्तुहरू निस्कंदैछन् प्रभो, कालकूट भन्दा पनि खतरनाक ! अब त हाम्रो स्वर्गमा देव र असुरहरू बीच मारकाट् न भएको पनि धेरै भो, तसर्थ सायद स्वभाव तुष्टिको लागि पनि यिनीहरू कुनै समुन्द्र पारी जन्मेछन् त कुनै समुन्द्र वारि । मैले सबैलाई चिन्हेको छु- साइनो खुट्याएको छु । तर उनिहरूले मलाई साधारण मान्छे नै ठानेका छन् प्रभो ! तबै त कहिले नेल लगाएर जेलमा बन्द गर्छन् त कहिले झूठो मैत्रीको स्वाङ भर्छन् । म तटस्थ रहन खोज्छु, तर बाहिर लोभ देखाउछन् शान्तिपूर्ण घरजमको । भित्र भने त्रास देखाउँछन् सशक्त एटम बमको । गजब छ बा ! यहाँ ब्रह्माले लगाएको फुलबारीबाट मान्छेले धतुराका गेडा टिप्छन्, गाँजाका डाँठ भाच्छन्, स्म्याक्स ब्राउन सुगर र हेरोइनको धुलो झार्छन् । यो विषालु धुँवाले गौटा पिढी नै स्वाहा हुन थालेको छ दया सागर !

पृथ्वीलोकमा नारीहरूले चिच्याएर आफ्नो हक मागेको सुनी स्वर्गबाट पनि थुप्रै देवीहरू पृथ्वीतलमा सुटुक्क ओलिएका छन् । काली रणमा छिन् भने हजुरकी कमला कण-कणमा छिन् । उनको पृथ्वी-वासले हजुरको मर्यादालाई चोट पुऱ्याएको छ ख्यामित् । इमान-धर्म सबै उनको मुखापेक्षी छ । उनकै कृपाले चुलो तातिन्छ, उनकै कृपाभोगी मातिन्छ, अनि भाइद्वारा भाइको शिर काटिन्छ । तर अब सुतेर भएन, मोह-निद्रा त्यागी मर्त्यलोकमा ओर्लनु पर्‍यो । सुदर्शन र गरुडको खाँचो छैन, बरु नाँगै खुट्टा दगुर्नु पर्‍यो प्रभो ! गनी नसक्नु देवी-देउताले प्रत्येक ढुङ्गालाई आफ्नै शालिक बनाई छाडे । को कस्को डम्फु र मादल सुन्नु ? अरू त अरू हजुरकै शेषनाग पनि मान्छेको जिब्रो-जिब्रोमा सुटुक्क बसेका छन् । बाक्छन् त विषै बाक्छन्, पिउँछन् त रगतै पिउँछन् । शान्तिका अग्रदूत हजुर हुनु हुन्छ तर उपेक्षा गर्ने हो भने हजुरको नाममा पनि कालो पर्चा टाँसिन बेर लाग्ने छैन । पुनः कुनै व्यास जन्मेछन् र शास्तर-पुरान लेख्न थालेछन् भने त्यसमा हजुरको नाम रहने छैन । रहने छ भने पनि त्यसमा राम रावण हुनेछ, कृष्ण कंश हुनेछ एवं विष्णु कालनेमी अर्थात् सबै उल्टो । इतिहासै फेरिने छ । मेरो यो रिपोर्ट सयमा सय सत्य छ ख्यामित् ।

मर्त्य-लोकमा अब बसी नसक्नु भै सकेको छ करुणा सागर ! चारैतिर कोलाहल र चित्कार मात्र सुनिन थालेको छ । नाना थरिका सिपाहीका बूटले धर्तीमाता रून्छिन् । भएको ब्रह्मबूटले विचरा किसान र कामदार रून्छन् । तत्काल कुनै कदम नचाल्ने हो भने पछि हजुरको केही लाग्ने छैन । त्यस वेला अर्जुनको गाण्डिव, भीमको गदा, इन्द्रको बज्र र हजुरको चक्रले समेत केही गर्न सक्ने छैन । किनभने आज सबैले यिनी भन्दा पनि डर लाग्दा हात-हथियार बनाउन होड्बाजी गरेका छन् । कुनै दिन ब्रह्माको एउटै चेलाको गिदीमा सनक चढ्छ र छोडी

दिन्छ सानो मट्याङ्ग्रो – अनि मर्त्य-लोक सबै भष्म। ब्रह्माको सुन्दर सृष्टि उनकै चेलाको क्रोधले जलेको भू-पिण्डमा परिणत भै हाल्ने छ। तत्काल मर्त्य-लोकमा ओर्लनु पर्‍यो। हजुरको भृगुपादले अवश्य पनि सहनशीलताको पाठ पढाउने छ। तर सुदर्शन चक्र बिर्सेर पनि नल्याउनु होला। यहाँ सुदर्शन होइन बरू प्रेम र समताको प्रदर्शन चाहिएको छ। विराट्-स्वरूप पनि होइन, साधारण ज्यामी र कृषकको भेषमा आइ दिए पुग्छ। शौर्य र रणको दुन्दुभि होईन, विनय र मृदुताको सन्देश छरे पुग्छ। यहाँ नारद बाजेको झैं आपस-आपसमा गोरू जुधाई गराउने वालाहरूको कमी छैन। 'बाहिर-बाहिर लोकाचार, भित्र घृणाको पोको पार्' भने जस्तै मित्रताको धुरी अहं र घृणामा अवस्थित छ। वारूदको थुप्रो माथि बसेर शान्ति र निसस्त्रीकरणको सम्झौता र मस्यौदा पेश गरिन्छ। जोर-बलको अघि निर्धो नाचेको छ, भोको रोएको छ, खाने हाँसेको छ। मेरो यो रिपोर्ट माथि हजुरको ध्यान जाँदैन र तत्काल कुनै कदम चाली बक्सिन्न भने मेरो यही चिट्ठीलाई नै राजीनामा मानी कारवाही गर्नु हुन बिन्ती चढाएको छु, जो आज्ञा !

उही हजुरको आज्ञाकारी दूत
ईहलोक अन्तर्गत् गुप्तचर विभाग
पोष्ट बक्स नं. O (शून्य)
राम झुपडी – मर्त्यलोक

(दाङ)

आधुनिक गीत

– मुकुन्दराज 'पथिक'

नेपालको माटो भिजेछ मेरो नुनिलो आँशुले
दैबले चुड्यो मुटुको टुक्रा पोल्दछ आँशुले ।।

धर्तीलाई आज सिगार्नु थियो बादल लागेछ
शिकारी दाइले हानेको गोली चरीलाई लागेछ ।
ताराको बीच बसेको जून रातमा झरेछ
रङ्गी र चङ्गी फुलेको फूल साँझमा खसेछ ।।

साँचेको थिएँ एउटा नासो त्यो पनि हरायो
जिन्दगी भरी हाँसेर बाच्ने आशा नै हरायो ।
सुन्सान भयो संसार सबै बास नै हरायो
बिरह गीत कोइलीले गाउँदा होस नै हरायो ।।

नेपालको माटो भिजेछ मेरो नुनिलो आँशुले
दैबले चुड्यो मुटुको टुक्रा पोल्दछ आँशुले ।।

गजल

– मनोहर हितैसी

नपीएर आज मैले बाटो हराएछु
टोपी जुत्ता लथालिङ्ग पैसा छराएछु

हिंड्दा हिंड्दै दिनभरि घाम डुबी सक्यो
आपनै घरमा वास पाउँ भनी कराएछु

सुस्ताएर सोच्न थाले कहाँ म आएछु
घर सम्झी रातभरि म त डराएछु

जान्छु भनी विदा भन्दा चिनेझै पो लाग्छ
संधै हाँस्ने ओंठलाई पराई गराएछु

जब देखे यी आँखाले दराज भरि पानी
होस आयो अब मेरो भनी कराएछु

– लाजीम्पाट, काठमाण्डु ।

(हास्य-व्यङ्ग)

"देउता बाजेलाई चिट्ठी"

— उत्तम कृष्ण मजगैयाँ

आदरणीय लोक-प्रतिपालक,
देवाधिदेव-विष्णु भगवान्
बैकुण्ठ-धाम, 'लक्ष्मी-महल'

दया सागर ! करुणा निदान ! अदृष्य रहेर पापीहरूको पाप मोचन गर्ने महान शक्तिधारी परमेश्वर ! मेरो कष्ट निवारण गर्न म माथि पनि कृपा-दृष्टि बक्सियोस् प्रभो ! म हजुरको दूत हुँ, तर पनि मलाई यो मर्त्यलोकको हावाले छोइ सके छ धर्मावतार ! इन्द्रपुरीको रमझम भन्दा पनि दशगुना बढी चम्चमाचम् भएको यो मान्छेको लोकले मलाई हावा ख्वाएछ–कावा ख्वाएछ ख्वामित् ! मुफत्मा रम्भा र तिलोत्तमाको नाच हेर्ने बालोले यहाँ ब्लैकमा टिकट किनेर भित्तोमा मान्छेको छायाँ नाचेको हेर्न थालेको छु । नारद बाजेको झैं टल्ल टल्कने चिल्लो टाउको भएकोले लामा लामा जुल्फी पाल्न थालेको छु दयानिदान ! पहिरनको त कुरै न गरौं, कहिले ली र गो गो, जिन्स र पङ्स, कहिले सफारी र सूट, अनि जीउँदै घाँटीमा अपहत्तेको फुर्को । के हो, के हो ख्वामित् ? तर यहाँ दैवी प्रसाद सुरा र सोमरस भने प्रशस्त पाईंदो रहेछ । यो पेय मैले पनि लिने गरेको छु । के गरूँ ? रम्भा र तिलोत्तमा भन्दा पनि सुन्दर युवतीहरूले मेरो ओंठ सम्म रातो गिलास पुऱ्याई दिंदा म आफुलाई मर्त्यलोकको इन्द्र ठान्ने भूल पनि गर्छु । मर्त्यलोकका वासिन्दाहरूको झुठो बोल्ने गुण ममा पनि प्रशस्त रूपले आईसकेको भएतापनि हजुरको नून-पानी खाएकोले कसरी ढाँटूँ ? सबै सत्य लेख्दै छु ।

मर्त्यलोकको विषयमा हजुरहरूको सङ्कटकालीन बैठक बसेको आजै हो कि झैं लाग्छ । सभापतिको आसन-बाट शिव गर्जेका थिए– "म सर्वशक्तिमान हुँ... .. ।" तर आफ्नो पद अनुसारको अधिकार ब्रह्मा र हजुरलाई पनि प्राप्त थियो । ब्रह्माले सृष्टिको काम पाए, हजुरले लालन-पालनको जिम्मा लिनु भो । शिव चाँही शक्ति कै प्रदर्शन गर्ने वाला ठहरिए र चलाए मार-मुंगी । सृष्टि, उत्थान र विनाश गर्ने यी तीनवटा देउता नै प्राणीहरूको हृदयमा आसन जमाउने वाला ठहरिए । तर प्रभो, आज त उपासक भन्दा उपास्य धेरै छन् । उपदेश सुन्नेहरू भन्दा उपदेशक बढी छन् । यी विभिन्न देवी देउताका दलाल-पण्डाहरूले मान्छेको धन बुकाएका छन् एवं हवामहल बनाएर उनको मन र मोटे आन्द्रो सुकाएका छन् । तर हजुरको शीतल नीति र बाँच्ने बचाउने कुरामा विश्वास राख्नेहरूको प्रतिशत निकै कम छ । हजुरको खास दूत हुँ

शिक्षानीति र विद्यार्थी-जगत्

– विष्णुगोपाल रिसाल

विद्या (ज्ञान) को चाहना गर्ने सबै विद्यार्थी । जान्नु के हो, त्यही नै ज्ञान हो । जुन विषयको इच्छा छ त्यही जान्नु नै त्यो विषयको ज्ञान हो । त्यो विषयको विद्या हो । विषय के कति छन्, त्यसको सीमा त छैन, तर पनि कुनै तोकिएको ठाउँमा वा स्कूल, कलेज वा विश्वविद्यालयमा तोकिएका केही विषयहरूको मात्र पढाई हुन्छ, किनभनें मानव मात्रको सीमा छ । ऊ असीमित काम गर्न सक्दैन । यसर्थ अनन्त विषयको अध्ययन अध्यापन गर्ने कुनै खास ठाउँ वा स्कूल कलेज र विश्वविद्यालय कतै सुनिएको छैन । यसर्थ खास खास स्कूल विद्यालय विश्वविद्यालयमा खास खास विषय पढाइने व्यवस्था गरिएको हुन्छ । जस्तो– कुनै डाक्टरी विषय कुनै ठाउँमा पढाइन्छ भने इञ्जिनियरिङ्ग अर्को ठाउँमा । त्यस्तै प्रत्येक विशेषता हुन्छ र त्यही अनुसारको महत्त्व दिइएको हुन्छ । कुनै पनि विद्यालै विषय सम्बन्धी ज्ञान मात्र दिदैन । त्यसको साथै विद्याले शिष्टता, इमान्दारी, राष्ट्रियता, मातृ-प्रेम, ईश्वर-भक्ति आदि पनि दिएको हुन्छ । त्यसलाई प्रादुर्भाव गर्ने हो– नम्रता, किनभने नम्रता (विनय) भित्र उपर्युक्त सबै कुराहरू लुकेर रहेका हुन्छन् । त्यसैले भनिन्छ–

"विद्या ददाति विनयं ।"

वास्तवमा भन्ने हो भने विषयको ज्ञानबाट त्यो विषयमा थोर बहुत जे जति बोध भए पनि त्यसको साथै नम्रता र गंभीरता पनि स्वतः प्राप्त हुन्छ । विषयको ज्ञान दिने विद्यालयले सम्बन्धित विषयको भौतिक ज्ञानमा मात्र प्रमाणपत्र दिन्छ तर सम्बन्धित विद्यार्थीले भने प्रमाणपत्रमा उल्लेख नभएको विषय विनयको अप्रमाणित प्रमाणपत्र पाइरहेको हुन्छ । त्यो हो आध्यात्मिक ज्ञान । यसरी पाएको नजानिदो प्रमाणपत्रले अर्थात् आध्यात्मिक ज्ञानले सम्बन्धित विद्यार्थीलाई पात्र बनाइराखेको हुन्छ । अर्थात् ऊ योग्य व्यक्ति बन्दछ । हामी प्रमाणपत्रले मात्र योग्यताको कसी जाँचिन्छ भन्ने ठान्दछौं तर उसको साँच्चैको प्रमाणपत्र त सम्बन्धित विद्याले दिएको विनय पछिको पात्रता नै हो । त्यसैको कारणले उसले धनको उपार्जन पनि गर्न सक्दछ । उसले कुनै नाजायज धन्दा गर्नु पर्दैन । आफ्नै पसीना र इमानले ऊ धनी बन्दछ । त्यस्तो व्यक्तिले उपार्जन गरेको धन अनावश्यक खर्चमा कतै खेर जाँदैन । उपयुक्त ठाउँमा, सत्कार्यमा लाग्दछ । त्यसैलाई धर्म पनि भनिन्छ । सत्कार्यका गरिएको खर्चले उसलाई सन्तोष दिलाउँछ । यसैमा उसलाई सुख मिल्दछ । यसरी खर्च गर्दा उसलाई कुनै कठिनाई वा समस्या भोग्नु पर्दैन । कसैलाई

दुःख कष्ट दिनु पर्दैन; चोरी, ठगी वा बेइमानी गरेर उसले आर्जन गरेको सम्पत्ति खर्च गर्नु परेमा उसलाई घोर दुःख हुन्थ्यो र मन कुँडिन्थ्यो पनि । तर आफ्नो इमान र परिश्रमले कमाएको सम्पत्ति खर्च हुँदा उसलाई कति पनि ग्लानी हुँदैन । जहाँ जे जति गर्न सक्यो, त्यसैमा आनन्द अनुभव हुन्छ, सन्तोष हुन्छ । यसैले पनि उसलाई अगाध सुख हुन्छ । त्यसैले भनिएको छ –

"विनयाद्याति पात्रताम् ।
पात्रत्वात् धनमाप्नोति,
धनात् धर्म ततः सुखम् ।।"

तर कठै, हाम्रा विद्यार्थीहरू ! के साँच्चै यस्तो विद्या आर्जन गर्दै त छन् ? यी केही सिक्न जान्न विद्यालय धाउँछन् कि अन्य कार्य– साधनको लागि ? यो वास्तविकता छुट्याउने हो भने यौटा सशक्त सर्वेक्षण गर्नै पर्दछ । नत्र हामीहरू देखिरहेछौं कुनै पनि विद्यालयको स्थिति त्यति सन्तोष-प्रद छैन । कहिं के छैन त, कहिं के छैन । विद्यालयको अभावसंगै विद्यार्थीको पढाइ पनि गाँसिन गै सम्बन्धित विषयमा पनि राम्रो ज्ञान सम्पन्न गर्न पाएका हुँदैनन् र बेला मौकामा हुनु पर्ने पढाइ, परीक्षा हुन नसकेर पछि पछि हट्दै गएको हुन्छ । त्यसको परिणाम विद्यार्थीको प्रगति पनि पछि नै सरेको देखिन्छ । अभिभावकहरू जे जति आशा र भरोशा राख्छन् त्यो कति पनि पाउन नसकेर खिन्न हुनु त स्वाभाविक छ, त्यति मात्र नभै सर्वाङ्गिण रूपले परिवारको, समाजको र देशको उन्नति पनि पछि परेको छ त्यो कुरा गहिरिएर हेर्नु परेको छ, सोच्नु परेको छ, खोज्नु परेको छ । अनि यो दुःखद स्थितिबाट उत्तनको लागि गम्भीर चिन्तन, अनुसन्धान योजना र कार्यान्वियन चाहिएको छ ।

तर बिडम्बना के छ भने दिनहुँ हामी देखिरहेछौं– हाम्रो देशमा विद्यार्थी भनेका राजनीतिक साधन बनीरहेछन् । यिनलाई हतियार बनाएर आ-आफ्नो काम पटाउनु पर्छ, उद्देश्य हासील गर्नु पर्छ भनेर विभिन्न वर्ग, सङ्गठन र राजनीतिक नेताहरू नै तँछाड मछाड गरेर लागीरहेछन् । हत्केला जत्रो आँगन, चोक नभएका विद्यालयले फुटबल, भलीबल, क्रिकेट, आदिको लागि भनेर प्राइमरी विद्यार्थीहरूसँग पनि गेम फी असूल गर्नु, आफ्नो तोकिएका १/२ ओटा किताब पनि पढ्न नसक्ने विद्यार्थीसँग पुस्तकालय फी असूल गर्नु जस्ता नाजायज धनोपार्जन गर्ने काम एकातिर प्राथमिक विद्यालयदेखि सुरू गर्न छुट पाइरहेछन् भने अर्कोतिर त्यस्ता स्कूलका विद्यार्थीहरूदेखि विश्वविद्यालय सम्मका विद्यार्थीहरूलाई जुलुसमा भाग लिन लगाई कसैको विरोध र कसैको समर्थन गर्ने गराउने होडबाजी झन् झन् बढ्दै गएको पनि छ । पेरूमा कोही जेल पऱ्यो रे, कोरियामा हडताल भयो रे, इण्डियामा बम पड्क्यो रे, चीनमा कोही मारियो रे आदि अनेक कुरालाई लिएर यिनै विद्यार्थीहरूले सडकमा अनेकाअनेक नारा लगाई दिनहुँ गुँजायमान गर्दैछन् । हिजोको फलानो विषयको जुलुस त अस्तिको फलानो शहरमा उठेको फलानो कार्यको जुलुस भन्दा लामो थियो । उसको जुलुसमा भन्दा हाम्रो फलानो कार्यको जुलुसमा विद्यार्थी पनि बढी हुँदा फलानो पार्टी सफल भयो भन्ने चर्चा परिचर्चा पत्र पत्रिकामा देखिन्छन् सुनिन्छन् । अझ के पनि सुनिन्छ भने फलाना नेताले फलानो हलमा विद्यार्थीहरूलाई फलानाको विरोध यसरी गर्नु पर्दछ र ढिस्कानाको समर्थन यसरी जुलुस बढाएर गर्नु पर्दछ भनि यति लामो भाषण गर्नु भयो रे । फलानाले गरेको भाषणमा त फलानो शहरका प्राइमरी स्कूलका सबै विद्यार्थी थिए रे । अनि फलानो क्याम्पसमा शिक्षक समयमा नहुँदा घाम तापी रहेका वा बाहिर बसीरहेका विद्यार्थीहरूको आपसमा झगडा हुँदा छुरीले कति जना घाइते भए रे, जँजीरले

पिटिए रे, कोकोलाई कालोमोसो दलियो रे, आदि नौला नौला घटनाहरूले पत्रिकाको पेज भरिने गर्दछ । अनि तिनै कारणले गर्दा फलानो क्याम्पसको जाँच सऱ्यो रे । जाँचमा सारसुर र सोधपुछ गर्न नपाउँदा यति गार्डहरू पिटिए रे, जाँचमा फेल भएको कारणले फलानो शिक्षकलाई यस्तो बस्तो धम्की दिइयो रे । यी हुन आजभोलि शिक्षा क्षेत्रमा चलेका प्रगतिका विवरणहरू । अनि लाजगोल प्रवेशिकामा यति प्रतिशत र चच्च शिक्षामा यति प्रतिशत विद्यार्थी पास गरिएका छन् भन्ने पनि समाचार आउँछ । किनभने संख्यात्मक लेखा जोखा पनि नहुने हो भने शिक्षकहरूले र व्यवस्थापकहरूले अभिभावकहरूलाई कसरी मुख देखाउने भनेर पनि हो, अनि ती विचरा विद्यार्थीहरूको बीचमा फलानो पास, फलानो फेल भनेर वर्ग र क्लास छुटाउनको लागि पनि हो । अझ अर्को रमाइलो अभियान के पनि देखिन्छ भने त्यो हो– हड्ताल । विद्यार्थीले गरेको यस्तो हड्तालको अर्थ हुन्छ– धम्की । यो धम्की कसलाई दिएको हो त ? त्यो हो– सम्बन्धित विद्यालय व्यवस्थापकलाई र सरकारलाई । परिणामतः पढाइ बन्द हुन्छ, विद्यार्थी, शिक्षक र सम्बन्धित प्रशासन हात बाँधेर बस्छन् । काम हुँदैन । पढाइको कोर्स सकिँदैन । त्यो सबको प्रगतिमा कमी हुन्छ, तर जाँच हुनै पर्छ, हुन्छ । समय भित्रै हुनु पर्ने पढाइ नभएर करबलले भएको जाँचले गर्दा पढाइको प्रगति बिनाको कागजी काम सम्पन्न हुन्छ । विद्या आर्जनमा नोक्सानी हुन्छ विद्यार्थीले पाउनु पर्ने ज्ञान समयभित्रै नमिल्दाको नोक्सानी पछि गएर पूर्ति हुनै पाउन्न ।

यसरी विद्यार्थीलाई खेलाएर मतियार बनाई कुनै वर्ग र सङ्गठनको क्षणिक स्वार्थ पूरा गर्नमा भँड्याउने नीति कुन सभ्य देशमा चलेको छ ? अमेरिका, बेलायत, जापान, आदि देशका विद्यार्थीको अवस्था पनि हाम्रै देशको जस्तो हुँदो हो त उच्च शिक्षा र विशेष दक्षता हाशिल गर्न संसार भरका विद्यार्थीहरू ती देशका विद्यालयहरूमा प्रवेश पाउनका लागि टाउकाले टेकेर किन मरिमेट्नु पर्दथ्यो ? यस्तो कुरा देख्दा देख्दै पनि हाम्रा राजनीतिक नेताहरू तथा सम्बन्धित प्रशासकहरू र योजनाविद्हरू-विद्यार्थीलाई विद्योपार्जनको लागि मात्र प्रयोग गरौं, तिनलाई त्यतै पट्टि मात्र एकोहोऱ्याउँ र उनीहरूको पढाइलाई चाँडो भन्दा चाँडो सम्पन्न गर्नमा सहयोग गरौं भन्ने धारणा राख्दैनन्, योजना बनाउँदैनन् र शुद्ध शैक्षिक नीति कार्यान्वयन गर्दैनन् भने हाम्रो परिवार समाज र देशले कहिले उन्नति गर्ने ?

आज देशमा प्रजातन्त्र आएको छ । आफूलाई लागेको कुरा बोल्न लेख्न सबैले पाउने बेला छ । सबै आ-आफ्नो हक र हितको लागि संरक्षण गर्नमा तत्पर देखिन्छन् तर यसरी अधिकार खोज्ने प्रत्येक व्यक्तिले आफ्नो कर्तव्य के हो त्यो चाहिँ बिर्सदै गएका छन् अथवा त्यसको कुनै पर्वाह गरेका छैनन् । विद्यार्थीलाई सम्बोधन गर्दा प्रत्येक पटक "देशका कर्णधार" भनी सम्बोधन गर्ने नेताहरू तिनै विद्यार्थीलाई आफ्नो स्वार्थ सिद्धिको लागि डाकी बोलाई जुलुसमा नारा लगाउन लगाउने, हुल दङ्गा गराउने र लडाउने जुधाउने गर्छन् । त्यस्तो अधिकार यिनलाई कसले दियो ? कुन ऐनले वा नीतिले दिएको छ ? शिक्षकलाई पिट्ने, घेराउमा पार्ने, कार्यालयमा काम गर्दागर्दै थुन्ने र अनेक रङ्गीन झण्डा लिएर सडकमा फलाक्दै हिंड्ने अधिकार विद्यार्थीले कहाँबाट पाएका हुन् ? यस किसिमको अराजक परिस्थितिको सिर्जना गर्न दिने र गरेकोमा रोक, डण्ड सजायँ नगर्ने नीति कस्तो सरकारको हुन्छ ? त्यो कहाँ परिभाषित छ ? सर्वसाधारण जनताले पनि थाहा पाउनु जरूरी छ । त्यो थाहा दिनु तत्कालीन सरकारको जिम्मेवारी पनि हो ।

विद्यार्थीलाई विषयगत तथ्यताको बोध दिन नसक्नु

वा दिने त्याकत नहुनु वा दिन नचाहनु सम्बन्धित शिक्षक-को अयोग्यता हो । चाहिंदो योग्यता नभैकन शिक्षकको भेचमा बस्न जानु त्यस्ता शिक्षकको पेशा लिएर झण्डा बोकी सडकमा उत्रनु गैर जिम्मेवारीपन हो र नैतिक अपराध पनि हो । यस किसिमको व्यवस्था र प्रशासनलाई बढावा दिनु तत्कालीन जिम्मेवार व्यक्तिहरूको असक्षमता र महान् कमजोरी पनि हो । के त प्रत्येक घरघरका अभि-भावकले यो स्थितिलाई टुलुल्लु हेरेर बस्ने ? विद्यार्थी-जगत्माथि भएको यो घोर अत्याचारलाई सही रहने ? सँधै विद्यार्थीलाई सङ्घीय तथा पार्टीगत झगडामा जेली राख्ने ? के नेपाली विद्यार्थीले सिक्ने विद्या यस्तै नै हो त– रातोदिन झगडा ?

"विद्या विवादाय" ?

नेपाल पिछडिएको छ, किनभने यहाँ काम धन्दा खुलेको छैन रे । काम छ तर काम गर्न जान्ने जनशक्ति छैनन् रे । जनसंख्या वर्षै पिच्छे थपिंदै छ तर शिक्षाको अभावमा ती बेकारी छन् रे । तर जो कोही सिक्न जान्न पढ्न भनेर स्कूल कलेज जान्छन्, ती प्रत्येकले एकौटाको झण्डा र नारा बोकी पढाइ छोडेर, जाँच छोडेर, बाबु-आमाको आँखा छलेर, तिनले दुःखले आर्जेको धन सम्पत्ती मासेर, अनि नजानिदो रूपले आफ्नो भविष्य बिगारेर सडकमा दगुर्ने ? यहि हो हाम्रो शिक्षाको स्तर ? यस्तै हो हामीले दिने शिक्षा ? हाम्रा विद्यार्थीको भाग्य यस्तै शिक्षामा निर्भर रहने ? अनि देशको उन्नति हुने कहिले ? यहाँको प्रगति कहिले ? देशलाई ठीक बाटो देखाउने कसले ? भोलीका कर्णाधार कहलिएका यिनै विद्यार्थीले ? हाय ! दुर्भाग्य ! अनि कस्ले त ?

यहाँ विद्यार्थी भन्नाले कुनै एक वा दुई व्यक्ति विशेष-लाई भनिएको होइन, यो त सम्पूर्ण विद्या आर्जन गर्ने वर्गलाई भनिएको हो । त्यसो हुँदा प्रत्येक घर परिवारमा विद्यार्थी हुन सक्छन् । या त ती प्राथमिक तहमा पढ्ने हुन्, या हाइस्कूलमा पढ्ने हुन् या ती विश्वविद्यालयमा उच्च तहको शिक्षा हाशिल गर्ने हुन् । त्यस्तै ती विद्यार्थी त तिनै नेता प्रशासक वा शिक्षकका आफ्नै भाइ बहिनी छोरा छोरी पनि हुन् । अतः ती विद्यार्थी बिग्रे सप्रेमा त्यसको भागी वा परिणाम भोगी त तिनै बाबु आमा वा अभिभावकहरू पनि हुन्छन् । आज यी कुरा हाम्रा व्यवस्थापकहरूले किन बुझेका छैनन्, वा जानेर बुझेर पनि आफ्नो खुट्टामा आफै बञ्चरो हान्दैछन् ? हो, सर-कारले विरोध पनि सुन्नु पर्छ र आफ्नो तर्फमा समर्थन पनि पाउनु पर्छ, तर त्यो कुरा यस्ता पढाइ लेखाइमा तल्लीन हुनु पर्ने आलाकाँचा विद्यार्थीलाई विरोधीको हति-यार बन्न दिएर वा पढाइ बिगारी विद्यालयको नोक्सानी गराएर होइन । पढाइको नीति नियम कडा हुनु पर्छ । कुनै हालतमा पनि तोकिएको कोर्श सक्ने गरी नियमित ढङ्गले पूर्ण अध्ययन अध्यापन हुनु पर्छ । त्यसमा कसैले विरोध बखेडा गर्छ भने उसलाई तुरून्त उचित दण्ड सजायँको व्यवस्था पनि हुनु पर्दछ । साथै सरकारको समर्थन वा विरोध गर्ने विद्यार्थीको होइन, त्यो हो तिनका अभिभावकहरूको । त्यस्तै यो काम शिक्षकहरूको पनि होइन ।

आज हामीलाई उपयुक्त शिक्षा-नीतिको सारै नै खाँचो छ । कुन किसिमको जनशक्तिको पूर्ति गर्नु आवश्यक छ भनी एकातिर सोच्नु परेको छ भने अर्कातिर कुन विषय-को कति कस्तो ज्ञान दिएमा कुन किसिमका विद्यार्थी तयार होलान् भनेर गहिरिनु पनि परेको छ । स्कूल, कलेज, युनिभर्सिटी पार गरेर आएका उम्मेदवारले लोकसेवा आयोगको परीक्षामा सम्मिलित हुन पनि निक्कै गाह्रो पर्दछ भने त्यहाँ सरकारलाई चाहिने किसिमको पाठ्यक्रम पढाइँदो रहेनछ भन्ने स्पष्ट बुझिन्छ । त्यस्तै बाहिरी कुनै

व्यवसायमा लाग्न खोज्ने विद्यार्थीले पनि पुनः आफ्नो विषयगत अध्ययनले नपुगी थप कुरा जान्नु पर्दछ । यसको मतलब हो विद्यालयको सम्बन्धित विषयको पढाइमा केही केही कमी छ । त्यो कहिलेदेखि कसरी पूरा गर्ने ? त्यस तर्फको अध्ययन अनुसन्धान यहाँ कसले गर्दैछ ? त्यो ज्यादै नै जरूरी छ । बाहिरी व्यवहारसंग मिलन गरिने किसिम-को पढाईलेखाई नभएसम्म हाम्रो ज्ञान अधुरै रहन्छ र हाम्रो प्रगतिमा गति आउन सक्दैन । यो नीतिकारको जिम्माको विषय हो । वर्तमान हाम्रो शिक्षा ज्ञानकारी होइन, अर्थकारी छ । भौतिक रूपले संधै अभाभै अभाव देखाउने र जिन्दगीभर "नपुगको रोग" ले ग्रस्त भएर रहने शिक्षा छ । यहाँ केही पाउन, केही दिनै पर्दछ । अथवा केही दिएपछि केही पाउनै पर्छ भन्ने आशा झुण्डी रहेको हुन्छ । अनि त्यही परिपाटिबाट हुर्की आएका हिजो-का विद्यार्थी आज समाजमा आएपछि पनि त्यस्तै नै विधि र व्यवहार खोज्दछन् । अनि दिन प्रतिदिन भ्रष्टाचार किन नबढ्नू ?

शिक्षामा शुद्धता र शिष्टता हुनु पर्छ । अनिमात्र विद्यार्थी पनि शुद्ध र शिष्ट निस्कन्छन् । अनि तिनको बाहिरी भित्री दुबै व्यवहारमा शुद्ध भाव, निष्कपट व्यवहार, अनुशासनशील स्वभाव र प्रेमयुक्त बोलीबचन बन्दछ । यस्तो व्यवहारमा पक्षपात हुँदैन । त्यहाँ पार्टीगत विचार धाराले प्रश्रय पाउँदैन । परिणामत: कसैको ढ्याङ्ग्रो र झण्डा बोकेर हिंड्नु पर्ने प्रश्नै उठ्दैन । नत्र त –

"अनन्तपारं किल शब्द-शास्त्रं,
स्वल्पं तथायुर्बहवश्च विघ्नाः
सारं ततो ग्राह्यमपास्य फल्गु –
हंसैर्यथा क्षीरमिवाम्बु मध्यात् ।।"

– चाणक्य

अनेक विघ्न बाधाले जकडिएका, छोटो आयु भएका हामीले शब्द-शास्त्रको पार नै कहिले पाउन सक्छौं र ? त्यसैले हाँसले जस्तै दूध पानी मिसिएको ठाउँबाट दूध दूध निकालेर खानु पर्छ । अर्थात् आफूलाई चाहिने कुराहरू मात्र लिने र अरू अनावश्यक विषयलाई छोडीदिनु पर्छ । यसैगरी कुनै पनि विषयमा ठोस कुरा सिकाउने व्यवस्था हुनु पर्छ । उच्च शिक्षामा मात्र सीमित नगरी निम्न कक्षा-को पढाइमा पनि त्यही नीति लिनु पर्दछ । नेपालको भौगोलिक बनावट र आर्थिक स्थितिको कारणले गर्दा यहाँ "शीपमूलक" शिक्षाको अति नै आवश्यक देखिन्छ । सालिन्दा ७० प्रतिशत जति एस. एल. सी. का विद्यार्थी फेल हुने गरेको पाइन्छ भने पास गरेकै विद्यार्थीहरूमा पनि सबैले उच्च शिक्षा लिने अनुकूल हुँदैन । त्यसो हुँदा तिनले पढाइ छोडेर अन्य व्यवसायमा लाग्नु पर्दछ । तर अब कुन व्यवसायमा लाग्ने ? आजसम्मको हाम्रो पढाइमा त्यस्तो कुनै सीपमूलक शिक्षा नमिलेको हुँदा सबका सब केवल सरकारी जागीर खोज्ने । जागीर नपाउँदा यताउता भनसुनको लागि दौडादौड । एकले अर्कोलाई भन्ने, अर्कोले झन् अर्कोलाई खुसामद् गर्ने । अनि कसरी पार लाग्ने ? यही रूपले कति जनाले काम पाउने र तिनले आफ्नो घर व्यवसाय चलाउने ? घरका तन्नेरी छोरा छोरीले काम नपाउँदा बूढा बाबु आमाको मन कुँडिन्छ । दिनपर दिन खुचिदै गएको शारिरीक अवस्थाले गर्दा बाबु आमाको पनि आम्दनी घट्दै जान्छ । तिनै बेकार छोरा छोरीको आश हुन्छ । तर हाय, ती हतभागी छोराछोरीले पनि के पो गरून् ? यही स्थितिमा हामीले दिन गुजार्दै जानु परेको छ । अनि निःसहाय जस्तो भएर विदेशीको मुख ताकेर यो कुरामा यति सहयोग दिए हुने थियो, त्यस पछि अर्कोमा यति भनेर औंला भाँचेर काकाकुलले बादल ताके झैं परमुखी नै बन्ने बानी बस्न थालेको छ । यो कुरालाई आत्मसात् गरी स्वावलम्बी बन्ने, आफ्नै पाखुरामा भर

गरी आफ्नै खुट्टामा उभिन सिकाउने कस्ले ? हामीलाई डकर्मी चाहिएको छ, सिकर्मी चाहिएको छ, त्यस्तै प्लम्बर, कुचीकार, सूजिकार आदिको साथै कृषि, पशुपालन जस्तो व्यवसाय मूलक अनेकौं सीपका कामदारको खाँचो छ। तर त्यो सीपमा अशिक्षित हामीले कहाँ के काम पाउने र हामीले हाम्रो आर्थिक सुधार गर्ने ? हाम्रा आर्थिक सुधार नै विभिन्न विषयका सीपहरूमा छ, तर त्यो कुरालाई हाम्रा नीतिकार, योजना विद्, प्रशासक र राजनीतिक नेतावर्गले देख्नु परेको छ।

विद्यार्थी त विद्यार्थी नै हुन्। तिनलाई जे सिकायो, त्यही नै सिक्दछन्। तिनलाई राफल चिठ्ठा बेच्न, भिडियो फिल्म हेर्न, हाँसखेल मोजमज्जा गर्न, त्यस्तै अनेक फेसन गर्न सिकायो तिनीहरू त्यसै नै गर्छन्। हैन, तिनलाई आफ्नो घरायसी र सामाजिक कामकाज आफैले गर्नु पर्छ, उल्फा खर्च गर्नु हुन्न, अनावश्यक तडक् भडक् र फेसन गर्नु हुन्न, आफ्नो "घाँटी हेरी हाड निल्नु पर्छ" आदि कुरा सिकायो भने तिनले त्यही नै सिक्छन्। तिनलाई फलाना-को विरोध गर्नु, फलानो पार्टीको समर्थन गर्नु, जुलुसमा जानु, नारा लगाउनु, आदि कुरा सिकायो भनें त्यही नै गर्छन्। यसैले भनिएको छ– "शिष्य पापं गुरुस्तथा"। अर्थात् विद्यार्थीले जे जस्तो अपराध गर्दछन्, त्यसको भागी सम्बन्धित शिक्षकहरू नै हुन्छन्। यहाँ शिक्षक भनेर कक्षा-मा पढाउने मात्र नभएर योजना विद्, नीतिकार तथा प्रशासकहरूलाई पनि भनिएको हो।

अतः राष्ट्र भित्रै हुने अपराध र दुष्कर्मबाट बच्नको लागि तथा देशलाई यथाशीघ्र उन्नतिशील गराउनको लागि पनि खास गरी सत्विवेकी राजनीतिवर्ग, प्रशासक, शिक्षक र नीतिकारहरूको दिव्य-दृष्टिमा सदा झल्कियोस्।

चिनियाँ कविता

"वसन्तको प्रतीक्षा"

– श्वेथाओ

जब फूल फुल्छन्
मेरो खुशी
कसैले पनि बाँड्दैनन्
जब फूल झर्छन्
मेरो दुःख कोही पनि बाड्दैनन्
अब फेरि,
यस एकान्त प्रेमीलाई उदास कहिले आउंछ ?
जब फूल फुल्छ र झर्छ
म घाँसहरूको माला बनाउंछु
जसलाई मैले आफ्नो बनाएं
सच्चा प्रेमी सम्झेर
बसन्तको दुःख अहिले पनि समाप्त भएको छैन
जब चराहरू चिरबिराउंछन्
आवाजहरू घरि घरि मात्र सुनिन्छन्
खुशीको दिन त कहिले काहीं मात्र आउंछ
अनि जवानीको दिन छिटो नै हराउँछ
जसलाई मैले प्रेम गर्छु
उ मेरो दिलमा कहिल्यै आउंदैन
व्यर्थै एक्लै, मैले कोमल घासलाई छोएं
छोएर, जसको महिमा फुल्यो
शायद एकान्त प्रेमीको दुःखलाई लुकाएर
आँशुले पुरिएको घाँस माथि
मेरो कथाले भन्यो –
के बसन्तको हावाले कहिल्यै बुझ्न सक्छ ?

अनु : सुवर्ण देवकोटा

जुन मानिस ऐश्वर्य मदले मातिन्छ, त्यसले पतनपछि मात्र सम्झालिन जान्दछ। – महाभारत

गुफा

– मनिक्रम शर्मा

त्यस अनौठो गुफाको मुख सहरतिर फर्केको छ कहिले गुफाको मुखले सहर ओकल्दै गरेको र कहिले सहर निल्दै गरेको देखिन्छ ।

त्यस सहरका मानिसहरूको एउटै मात्र काम छ, गुफाका मुखमा थुप्रिनु र उदास-उदास बस्नु । उनीहरू बाहिर बसे पनि उनीहरूका कानहरू चाहिं गुफाभित्रै डुलिरहन्छन् । गुफा भित्र पालैपालो गुन्जिने दरो आवाज उनीहरूका कानभित्र पसिरहन्छ ।

ठूलो आवाज– तँ गधा होस् ।

दरो आवाज– तँ गधा होस् ।

ठूलो आवाज– तँ चोर होस् ।

दरो आवाज– तँ चोर होस् ।

ठूलो आवाज– तँ देशघाती होस् ।

दरो आवाज– त देशघाती होस् ।

एक्कासी गुफाभित्र ड्याङ्ग गोली पड्किन्छ । कानहरू झस्किन्छन् र बाहिर बसेका मानिसहरू होहल्ला गर्न थाल्छन् । गोलीले फोरेको छाती समाएर एउटा युवक गुफाबाट बाहिर आउँछ । ऊ रगताम्मै छ । तीखातीखा आँखाले बाहिर बसेका मानिसहरूलाई हेर्छ । ऊ पीडा मुछिएको दरो आवाजमा भन्छ, "जाओ, सबै मिलेर भित्र जाओ, एक भएर जाओ । कोही पनि बाहिर नबस, आगो भएर गुफाभित्र पस, छुरी भएर गुफाभित्र पस ।"

मानिसहरू जुर्मुराउँछन् र जन्याकजुरुक उठ्छन् । युवकको छातीबाट बग्दै गरेको आलो रगतको टीका लगाएर सबै एकसाथ गुफाभित्र पस्छन् । गुफाभित्र फेरि आवाज गुन्जन्छ ।

ठूलो आवाज– हाहाहा, तिमीहरू पनि मर्न आएका ?

सबैको आवाज– मर्न होइन, तँलाई मार्न आएका !

गोलीको आवाजले गुफा थर्किन्छ, गुफा हल्लिन्छ । आखिरमा थाकेर गोलीको आवाज बन्द हुन्छ । मानिसहरू हाँस्दै गुफाबाट बाहिर निस्किन्छन् र विजयको नारा लगाउन थाल्छन् ।

गुफाको मुखले सबैभन्दा पछि भारी आवाज हुने व्यक्तिलाई ओकल्छ । उसको बन्दूक भाँचिएको छ, उसका हात भाँचिएका छन् र उसका खुट्टा भाँचिएका छन् । उसलाई ओकलेर गुफाले आफ्नो मुख बन्द गर्छ । विजयको नारा लगाउँदै गरेका मानिसहरू हर्कबढाइँ गर्दै चारैतिर छरिन्छन् ।

– कीर्तिपुर काठमाण्डौ ।

पुस्तक परिचय

'तस्मात चरैवेति, अर्थात हिंडिरहू हिंडिरहू प्रस्तुत पुस्तकको शाब्दिक अर्थ । लेखक लोकजीवनमा धुलमिल हुन र नेपाली लोकसंस्कृतिको अध्ययन गर्न औंशी मन पराउनु हुन्छ, '..... यस यात्रा वर्णनका विषय पनि बहुतै रोचक छन् र पढ्दा पढ्दै गस्तो लाग्छ यसलाई लेखकले अलि विस्तारले लेखिदिएको भए हुन्थ्यो'– भूमिकामा कवि माधव प्रसाद घिमिरे ।

कर्तव्य पालन गर्दा मान्छेले बेलाबखत दुःख पनि भोग्नुपर्छ तर त्यस दुःख भोगाईसंग सुखमय पक्ष पनि सम्बद्धछ भनें त्यही फलप्राप्तिको आशाले दुःखको पक्षलाई विर्साई दिन्छ । लेखकको सोचाई यस्तै छ क्यारे ! मान सरोवर जान पाउने आशाले हुम्ला जस्तो विकट ठाउँमा जाने दुःखलाई लेखकले बिर्सिदिनु भएको छ । नेपालगञ्ज सूर्खेत हुँदै २०–२२ दिन लगाएर पैदल सिमीकोट पुग्न सम्भव नदेखेर लेखक नेपालगञ्जबाट वायुयानद्वारा प्रस्थान गर्नु हुन्छ सायद ! यी सबैकुरा लेखकले प्रष्टयाउनु भएको छैन, पाठक स्वयंले बुझ्नु पर्दछ । सिमिकोटबाट श्रीमती इन्दु, रामचन्द्र, ख. मीन प्रसाद र भरिया तरियाका साथ हुम्ला जिल्ला कार्यालयको स्वीकृति लिएर मानसरोबर तर्फ यात्रा शुरू गर्नु हुन्छ ।

लेखक गौतमले विभिन्न १५ शीर्षक दिएर यात्रा-लाई अगाडि बढाउनु भएको छ तर त्यो यात्रा एउटै निर्दिष्ट यात्रासंग सम्बद्ध छैन अर्थात एउटै यात्रा निरन्तर गतिमा अगाडि बढेको छैन । प्रस्तुत ग्रन्थमा अन्य २–३ वटा यात्राहरू पनि समाहित छन् । मानसरोवरको यात्रा-लाई समाप्त गरेर हामी खप्तड तिर लाग्छौं । पढ्दै जाँदा थाहा हुन्छ मानसरोवर यात्रा २०४१ सालमा गरिएको छ भने खप्तड यात्रा २०४० सालमा । अन्तमा चूदी रम्घा आदि भानुभक्तीय ऐतिहासिक क्षेत्रको भ्रमण गरेपछि ग्रन्थको इतिश्री हुन्छ ।

कवि घिमिरेको शब्दमा यात्रालाई सविस्तार वर्णन गरी दिएको भए हुन्थ्यो– अवश्य ! म भन्छु प्रकाशन गर्ने क्रममा ने. रा. प्र. प. ले पनि केही सावधानी अपनाएको भए हुन्थ्यो । यात्राको प्रमुख लक्ष्यलाई मुख्य शीर्षक दिएर अन्य घटनालाई उपशीर्षकमा राखी दिएको भए पाठकलाई हामी कुन कुन यात्रामा निस्कंदैछौं र के-कस्ता अनुभवहरू हासिल गर्ने छौं भन्ने कुराको पूर्व ज्ञानकारी प्राप्त हुन्थ्यो । त्यतिको लागि लेखकीय अनुमति लिई राख्नु पर्ने पनि थिएन होला ।

जे होस् मानसरोवर यात्राको क्रममा भोगेका उकाली ओराली भीर पाखा, खोलानालाका अनुभवहरू र उच्च एवं रमणीय हिमश्रृङ्खला प्राकृतिक सुन्दरताका झलकहरू तथा मानसरोवरमा डुबुल्की मर्दाका आनन्दानुभूतिहरूले हामी पाठकलाई एकैछिन सम्पूर्ण कुराहरूलाई भुलाएर

तिनै यात्राका परिदृश्यहरूमा अलमल्याई दिन्छन् । त्यसैगरी डोटी सिलगढी हुँदै खप्तड उकालो लाग्ने क्रममा देखापरेको खप्तड राष्ट्रिय निकुञ्ज, खप्तडका वृक्ष बनस्पतिहरू र लालीगुराँसको भव्यताले मनलाई आह्लादित पारी दिन्छन् भने चिसो बतास, असिना पानी, शरीरै कठ्यांग्रीने खालको जाडो आदिको अनुभव अति रोमाञ्चकारी प्रतीत हुन्छ । तर दुर्भाग्य ! त्यही असह्य जाडो तथा वर्षाको कारण लेखकले खप्तड यात्रा परित्याग गर्नु पर्दछ । दुःखको साथ लेखकले यो गीत गाउँदै ओरालो लाग्नु हुन्छ–

खप्तड पुग्न त मन थियो हिउँ र असिनाले छेकियो ।
टाढैबाट दर्शनछ खप्तड तीर्थको ।

कृति : तस्मात चरैवेति
लेखक : श्रीकृष्ण गौतम
प्रकाशक : ने. रा. प्र. प्रतिष्ठान (२०४५ साल)
मूल्य : ?
पृष्ठ : ६३ पेज

× × ×

चार महिना झरी पानी र चार महिना हिउँले यातायात बन्द हुने हुम्लामा सुर्खेतबाट पैदल हिंडेर पुग्नु भनेको वीर पुरूषको काम हो । प्रस्तुत ग्रन्थमा लेखकको पनि यस्तै धारणा रहेको छ । नेपालमा खस जातिको प्रथम स्थल, तिब्बतबाट आएका देवहुती र कर्दमका सन्तानको प्रथम वासस्थल, परशुरामको बञ्चरोबाट ज्यान बचाउन जनैफाली शरण लिन त्यहाँ पुगेका मतवाली क्षेत्रीहरूको आश्रयस्थल तथा केही ब्राह्मण केही तामाङ र अन्य निम्न वर्गहरूको सङ्गमस्थल– हुम्ला । यतिमात्र होईन कैयौं देवी देवताहरूले पदार्पण गरेको, विभिन्न जाति समूदाय र संस्कृतिको अनौठो मिलन र प्राकृतिक सौन्दर्यले शोभायमान– हुम्ला । जुन बाटोहुँदै पाण्डवहरू महापन्थ प्रस्थान गरेका थिए । जुन जिल्लाको सदरमुकाम सिमीकोटले अधिराज्यका सदरमुकाम मध्ये सर्वोच्च स्थानमा रहने सौभाग्य पाएको छ, जुन मार्ग हुँदै हिन्दूहरूको सुन्दर तीर्थस्थल मानसरोवर जान सकिन्छ ।

लेखक श्रीकृष्ण गौतमले यिनै आधारभूत कुराहरूलाई आधारशीला बनाएर यस ग्रन्थको रचना गर्नु भएको छ । उहाँले विषय प्रवेशमा उल्लेख गर्नु भएको छ– जाडो याममा बाक्लो उनी पाखीलाई घुम्टो जस्तो पारेर गम्ल्याङ्ग ओढेको र खुल्ला भाग जति हिउँले ढाकेको हिमाली जलवायुको पोषण पाएको स्वस्थ सबल हुम्ली जनजीवनका जे जति रङ्ग मैले देखें ती सबै जस्ताको तस्तै प्रस्तुत गरेको छु । तसर्थः यसैको रूप हो– घुम्टो भित्रको सयरङ्गी अनुहार हुम्ला ।

पौराणिक धर्मशास्त्रहरूलाई आजको विकसित समाजसंग दाँजेर तुलनात्मक अध्ययन गर्न खोजिएको र नेपाली भाषा संस्कृति र मान्यताको विकासलाई हुम्लाले प्राथमिक चरणको भूमिका निभाएको ठोकुवा गर्नु हुने लेखकले विभिन्न धर्मशास्त्र र पुराणहरूको आधार लिनु भएको छ । हुम्ला जिल्लाको जाति धर्म संस्कार चाडपर्व चालचलन वेशभूषाको साथै प्रभुत्वशाली जातिको रूपमा रहेको मतवाली क्षेत्रीले अपनाई आएको भूतप्रेत, असुर, राक्षस आदिको पूजा आराधना गर्ने परम्परालाई श्री गौतमले औंल्याउनु भएको छ । लेखक भन्नु हुन्छ– त्यहाँका जातिहरू नत मनुस्मृति अनुसारको धर्म पालना गर्छन् नत त्रिपिटक अनुसारको । मतवाली क्षेत्रीको बाहुल्य भएको त्यो ठाउँमा असली ब्राह्मणहरूको कमी छ त्यसकारण त्यस्तै ब्राह्मण सम्बद्ध कार्यको लागि ब्राह्मणहरू जुम्लाबाट बोलाइन्छन् ।

हो त्यहाँको विशिष्ट पर्यावरणले गर्दा कतिपय रूख विरूवाहरू, पशु, अन्नपात यस्ता छन् जुन अन्यत्र पाईदैनन् । नेपाली शब्द भण्डार समृद्ध छ, त्यहाँको मूर्तिकला धातु-

कला निर्माण शैली त्यहाँका मन्दिर गुम्बा र अन्य धार्मिक एवं ऐतिहासिक क्षेत्रहरू बिसिनसक्नु छन् । तर यतिको बाबजुद पनि सर्पको खुट्टा सर्पले मात्र देख्छ भने झैं हुम्ली जीवनको दुःख दर्द र मर्म उनीहरूलाई मात्र थाहा छ ।

लेखक गौतमले हुम्ला र हुम्ली जनजीवनको बारेमा खोजपूर्ण अध्ययन गर्नु भएको छ र यसैको मूल्याङ्कन स्वरूप उहाँले लोक साहित्य पुरस्कार पनि पाईसक्नु भएको छ । यहाँ सबै कुरा प्रस्तुत गर्न सम्भव छैन । त्यसकारण पाठकवर्गले प्रस्तुत ग्रन्थ माथि एक नजर दौडाई दिनु भएमा अवश्य पनि ठूलो उपलब्धि हासिल गर्न सक्नु हुनेछ भन्ने मेरो धारणा छ ।

अन्तमा गौतमसंग मेरो एउटा गुनासो के रह्यो भन १–२ वर्षको बसाईमा हुम्लाको जनजीवनसंग त्यसरी भिजेर यति ठूलो उपलब्धिपूर्ण ग्रन्थ दिन सक्ने लेखकबाट आफ्नै जिल्लाको विविध जनजाति, भाषा र विलुप्त अवस्थामा रहेको त्यहाँको संस्कृति एवं परम्परालाई समेट्न सक्षम महत्त्वपूर्ण ग्रन्थ हामीले किन नपाउने ।

कृति : घुम्टो भित्रको सयरङ्गी अनुहार: हुम्ला
लेखक : श्रीकृष्ण गौतम
प्रकाशक : साझा प्रकाशन (२०४६ साल)
मूल्य : १५/४०
पृष्ठ : ८८

राप्रप

Best Wishes For
HAPPY AND PROSPEROUS
NEW YEAR 2050

LALIMA TRAVELS
P. O. Box 3639, Kamaladi, Kathmandu.
Tel. : 221111, 224114
Fax : 977-1-229025

नव वर्ष २०५० सालको सुखद् उपलक्ष्यमा

समस्त नेपालीमा सुख शान्ति तथा समृद्धिको मङ्गलमय

शुभकामना व्यक्त गर्दछौं ।

कृषि विकास बैंक
मुख्य कार्यालय, काठमाडौं

क्रमशः मृत्युहरू

– ध्रुव नेपाल

(१)

यो हाहाकार, यो कङ्कालस्वर । उहुँ.....हुँहुँहुँहुँ ! छातीपिटेर रोइरहेछ अधबैंसे भइसकेको विमल अनि उसकी स्वास्नी बनिता पनि । उसका छोरा छोरी अझै भूईंमा लडीबुडी गर्दैछन् । क्रन्दन छ यो घर तवाह भयो ! घर पूर्णतः भताभुङ्ग हुनेछ अब नाल भाँचिए जस्तै । यो दिन देख्नु पर्ने थियो भने बाँच्यौं किन ? अब बाँच्न सकिंदैन मृत व्यक्तिको अभावमा । ऊ त सूर्य थियो यो घरको लागि । सूर्य बिना जीवन सम्भव छैन, त्यसैले बाच्न सकिंदैन ! यी भाव शोक विह्वलका रोदन, क्रन्दन र छटपटाहटमा देखिएको छ । मृत व्यक्ति साह्रै महत्त्वको रहेछ । ऊ एक्लो ज्यान बाँचेको रहेनछ आजसम्म, अरू पाँच जनाको जीवन धानेको रहेछ । त्यसैले यहाँ एकको मात्र होइन, छ छ को सामूहिक मृत्यु भइसकेको वा हुन लागे जस्तो छ । बडा कारूणिक स्थिति !

विमल एक हातले कपाल लुछ्दै र छाती पिट्दै– बा, मलाई अब यो संसारको क्षणक्षणमा डुबिने समस्याको दहबाट कसले छेउ लगाई दिन्छ ? बनिता झाँको फिजाउँदै– हजुर नभई यो घरको खर्च कसरी चल्ला ? बुनु, जुनु, मन्नु– अब हाम्रो होम-वर्क को सिकाई दिन्छ ? सरको हातको पिटाई सधैं खान्छौं र फेल पनि सधैं हुनेछौं अब !

मुटुको धड्कन एकदमै बढेछ, दुख्न पनि थालेछ । अब अरू सहन सकिन्न । पराकाष्ठा भईसक्यो । सास पनि खुब फुलेछ । ऊ कहालिंदै उठ्यो अनि चिमोट्यो आफैं-लाई र आँखा च्यातेर हेऱ्यो चारैतिर, ऊ ज्यूँदै त छ ? कति भयावह सपना ! छोरो विमल त उसको आमासंगै (बालकको आमा) मस्त निन्द्रामा रहेछ । उसले फुलिरहेको धड्कन लिएर पत्नी र छोराको कपाल मुसाऱ्यो, अनि भर्खर देखेको डरलाग्दो सपनालाई बिर्सेर यथास्थितिमा आश्वत हुन खोज्यो ।

(२)

रोग असाध्य हो भनी डाक्टरहरू भन्दैनथे र मात्र दसेक दिन ओछ्यान परेर उसका बाबु मरे । यति चाँडै मर्लान् जस्तो कसैलाई लागेको थिएन । ७० वर्ष जतिका थिए । करेसाबारीको स्याहार गर्न, फूलबारीको हेरचाह गर्न साथै नाति-नातिनालाई पढाउन, नीतिका कथा सुना-उन उनको जाँगर चल्दै थियो । जीवन सरकारी सेवामा विताएकाले थोरै नै रकम भए पनि निबृत्तभरण आउँथ्यो । छोराको औलादौलाको अगाडि हात्तिको मुखमा जीरा

सरी भए पनि उनको त्यो आय साधारण तवरले एक बृद्धको जीविका चल्ने खालकै थियो। यो आडले उनमा आत्मबल दिन्थ्यो। ग्लानिले बरफ झैं पानी सदा-सदा बन्नु पर्दैनथ्यो। बृद्धावस्थामा पूर्णत: परमुखापेक्षि बन्नु नपर्दा जीवन सरकारी सेवामा बिताएकोमा पश्चात्ताप भई रहेंदैनथ्यो। गर्दैनथे।

बुढाको मृत्यु अनपेक्षित, असामयिक, अप्रत्याशित भए झैं प्रतिक्रिया त्यस घरमा देखिएन। कुनै नियमित घटना हो कि झैं गरेर यावत् मृत्यु संस्कार सम्पन्न हुँदै आए। छोरो आफूले पानी खवाउँदा खवाउँदै किक्लिक किक्लिक गरेर बुढाले सास छाडे पछि एक दुई निमेष टोलाएको देखिन्थ्यो अनि दुई थोपा आँसु तप्किए तर त्यसपछि साधारण रेखाहरू मात्र उसका अनुहारमा देखिए। बुढाको छोराबाट मृतात्माले तिर्खा मेटाउनका लागि त्यत्ति नै पानी पायो। नाति-नातिना साना-साना थिए, मृत्यु के हो बुझ्दैनथे। कथा सुनाउने मान्छे घरमा नदेख्दा घरि-घरि खटकिंदो रहेछ र शिकायत गर्थे– "हजुर बा खोई ?" बा-आमाबाट उत्तर पाउँथे– "माछा मार्न जानु भा' छ।" अनि ती अबोध शिशुको मन माछाको स्वाद, पर्खेर बस्थ्यो।

बुढाको स्थिति छोराको दृष्टिमा के थियो– मात्र छाक पर्खंदो गिर्दो अवस्थाको उपतिहीन ज्यूँदो मान्छे जुन मात्र खर्चको बाटो हो। उनीबाट न त अहिले नै परिवारलाई कुनै क्षेत्रमा भरथेग पुग्छ न त भविष्यमा कुनै आशा गर्न सकिन्छ। केवल दायित्व हो परिवारको लागि मृत्यु नहुञ्जेलसम्म। अनि विगत र बुढालाई सँगै राखी हेर्दा नि ? विगत याने भूत। तर्साउने र सातो लिने जात ! मन्छे योबाट जतिसक्यो तर्किन चाहन्छ, भाग्न चाहन्छ। को चाहन्छ भूतको नजीक पर्न ? मान्छे त बाँच्न चाहन्छ, यसले वर्तमान र भविष्य पो सोच्नु पर्छ। विगतको मात्र कुराले जीवन हुँदैन। विगत त मान्छेले पारेको डोब हो जुन समयको बालुवा र माटोले क्रमश: पुरिदिन्छ। पैंतालाले पारिसकेका डोब मात्र हेरेर गन्तव्यमा पुगिंदैन, नयाँ डोब पो चाहिन्छ। जीवन भविष्यलाई सामना तान्छ, वर्तमानलाई चबाउँछ खाद्य वस्तु झैं अनि अतीत यिनको विसर्जन हो। विसर्जित वस्तुले फेरि जीवन दिन त सक्दैन।

ती बृद्ध बाबुको महत्त्व मात्र अतीतको खाममा थियो। वर्तमान र भविष्यको खाममा नि ? मात्र रित्याई ... रित्याई।

उसका प्रियजन शुभेच्छुक पितृशोकको बज्र परेको थाहा पाई समवेदना दिन आए– "यहाँमाथि आइपरेको यो पितृशोकको खबर सुनेर हामी साह्रै दुःखित छौं। यस्तो असह्य प्रहार दैवले गरेको हुनाले मान्छेले टार्न सक्ने कुरा पनि आएन। दैवी प्रहार जे-जस्तो आइपरे पनि सहन गर्नु नै पर्नै हुन्छ। सहने क्षमता पैदा गर्नोस्, यहाँप्रति हाम्रो हार्दिक समवेदना छ।" समवेदना दिनेको अनुहार गम्भीर देखिन्थ्यो। सुस्त बोल्थे दब्दादब्दै आवाज निस्के झैं।

समवेदना सुन्दासुन्दै उसको अनुहार बक्ताकोभन्दा कम गम्भीर भएर आउँथ्यो। अनुहारका मांशपेशी तनाव र पीरले घेरै समयदेखि तन्किनु परिरहेझैं देखिन्थे। सहज, ताजा र हसिला नै थिए यद्यपि उसका पिता दिवंगत भएका नै थिए।

समवेदनाप्रति उसको प्रतिक्रिया हुन्थ्यो, "पिताजी बृद्ध भैसक्नु भएको थियो। बाँचेको भए पनि खास केही गर्न सक्ने हुनु हुने थिएन। झन् दुःख नै बढ्थ्यो मात्र। यहाँ उपचार हुन सकेन अन्यत्र लगे के हुन्थ्यो कुन्नि ? पैसा पानी झैं बग्ने तर बाँचे पनि खास केही गर्न सक्ने खालको नहुने भएकाले लगिन। त्यसो भएकाले जे भयो ठीक नै भयो भन्नु पर्छ।"

प्रत्युत्तरित हुनेको मुटुमा सियोले एकपटक चसक्क घोचे झैं हुन्थ्यो र एकछिन अरू गफ गरेर फर्कन्थे । फर्कनेले बाटामा मुटुमा गडेको सियो झिक्दै भन्थे, "उसले बूढो मऱ्यो, टण्टा घट्यो भन्ने माने झैं छ नि ?" "वृद्ध बाबुले अब केही गर्न सक्दैनन् भनेर मरे हुन्थ्यो भन्न हुने होइन ।" ..... आदि... इत्यादि !

(३)

त्यसको मात्र दुई महिनापछि मृत्युले फेरि आक्रमण गऱ्यो त्यस घरमा । यस पटकको शिकार थियो तीन वर्षीय बालक विमल । ऊ त्यस परिवारको आँखाको नानी थियो जसबाट भविष्य हेरिन्थ्यो । उसलाई अझ मुटु नै भने पनि हुन्छ जसले उत्साह, उमङ्ग, जाँगर, प्रेरणाको सञ्चार गर्थ्यो, जुन नभए बाँच्नु, नबाँच्नुमा खास अन्तर हुँदैन । त्यो शिशुलाई अरू पनि धेरै उपमा दिन सकिन्छ- कलेजो, फोक्सो, मृगौला, सूर्य, चन्द्र, जल- जे-जे अति महत्त्वपूर्ण हुन्छन् । मृत्युको वैषम्य नगर्ने नीति र बेला-कुबेला आक्रमण गर्ने सनक दुर्दमनीय भएकाले धेरै कोशिश गर्दा पनि, पैसाको खोलो बगाएर विदेशका प्रतिष्ठित अस्पताल पुऱ्याउँदा पनि त्यो तीन वर्षीय शिशुलाई बचाउन सकिएन ।

बाबु आमाको एक्लो सन्तान विमल । हजुर बा एक्ला थिए, बाबु पनि एक्लो सन्तान नै हो । यसरी मात्र एक-एक छोरा मात्र जन्मने क्रम तीन पुस्तादेखि चल्दै आएको छ । विमलको देहान्तले यो क्रम टुङ्गिएको छ, अब चौथो पुस्ता आउने छैन । उसकी पत्नीबाट अर्को सन्तान जन्मन नसक्ने जानकारी चिकित्सा विशेषज्ञहरूले दिइसकेका हुन् । ऊ यो जमानामा आएर पुनः पुत्र प्राप्तिको कारणले दोस्रो विवाह गर्न चाहँदैन पनि ।

सानो बालकको चितासंगै त्यो घरको सन्तोष, आनन्द, उमङ्ग, उत्साह र अझ जीवनका सारतत्वहरू सम्पूर्ण नै जलेर गए । ती दुई पति-पत्नी सितिमिति निदाउन सक्दैनथे, बालकको मिठासपूर्ण तोतेबोली सुस्त-सुस्त चीत्कारमा परिणत हुन्थ्यो जब झकाउन थाल्थे त्यो सुन्दर मुहार आँखामा आएर बस्थ्यो, त्यसले परेला जोडिने ठाउँ ढाक्थ्यो । यदि निदाई हालेछन् भने सर्वाङ्ग कालो परिधानमा एक हातमा आँसूको बटुको र अर्को हातमा खुँडा लिएर भविष्य ताण्डव नृत्य गर्दै आउँथ्यो । हतियारले घाँटी रेट्ने धम्की दिन्थ्यो, अनि उनीहरू प्राण-दानको अनुनय गर्न थाल्थे आँसू झार्दै र भविष्य-बटुकोमा आँसु थाप्थ्यो । पिउँथ्यो यसलाई, मात लाग्दो रहेछ अनि अट्टहास गर्दै पुनः ताण्डवमा लीन हुन्थ्यो ।

"लौ न नि ..... मार्ने भयो..... ।" चिहिरिदै व्युँझन्थे ती पति-पत्नी । चिन्ताले ज्यादै गलाउँदा पनि प्राण गएको थिएन, तर केही दिनमै उनीहरू हाडमा छाला बेरिएका आकृति देखिए ।

बाबु मर्दा समवेदना दिन आएका प्रियजन, शुभेच्छुक यस पटक पनि आए । करीब उस्तै-उस्तै शब्दमा आफ्ना भावना व्यक्त गरे । उसको आँखाबाट आँसूको झल बगिरह्यो अविरल रूपमा । जसोतसो अवरूद्ध गलाबाट आवाज निकाल्न सक्यो- "मेरो जीवनको सार भन्नु जे थियो, त्यो यही नै छोरो थियो । अब जीवनको सार नै नभएपछि के हेरेर बाँच्ने ? मेरो वर्तमान यसकै हाँसोमा लुटपुटिन्थ्यो, भविष्यको आकाशमा उसलाई नै हामी घाम देख्थ्यौं । महाअन्धकार भविष्यमा कसरी बाँच्ने खोई ..... ।

... उसलाई सन्चो गराउन म आफू नै बेचिनु परे बेचिन्थे तर के गर्नु दैवले मानेन । उपचार गराउन विदेशका ठूला ठूला अस्पतालसम्म पुऱ्याएँ, तर केही लागेन । हामी पूर्णतः तबाह भयौं । ...उसको गला भक्कानिंदै रोकियो ।

उसका प्रियजनको हृदय पनि उसको यो विलाप सुनेर पग्ल्यो । फर्कदा बाटोमा कुरा गरे- "...बिचराले अब के सम्झेर हेरेर बाँचोस्, लौ..... !" - पाल्पा ।

बाबा मलाई छाडेर किन जानु भयो ?

– दासिङ्वासे माइलो

२०४९ साल माघ १७ गते विहान पौने सात बजेको समय, म डिल्लीबजार काठमाडौंको डेरावाल घरमा सुती रहेको हुन्छु । ढोका ढकढक्याएको आवाजले म व्यूँझन्छु । मेरो अगाडि एकजना भतिज र एकजना भाञ्जा देखा पर्छन् । म बोल्दै जान्छु– हिजो रातीसम्मको बसाईले भुसुक्कै निदाइएछ, कताबाट त यसबेला ! उनीहरूको अनुहारमा पहिले जस्तो तेजिलोपन थिएन, गम्भीर वाणी-मा उनीहरू यसो भन्दै थिए– घर त फेरि जानु पर्ने भयो, बरु अहिले नै । तानसेनको साझाबस पौने आठमा छुट्छ, त्यसमा जान सकियो भने रात साँझ गरेर आजै पनि पुग्न सकिन्छ ।

म घरबाट फर्केको हप्तादिन पनि भएको थिएन, बुबालाई सञ्चो भएन भन्ने खबर पाएर घर गएको थिएँ । म पुग्दासम्म बुबा सामान्य रूपमा ठिक भै सक्नु भएको थियो । हामी तिनै भाइ र दिदी बहिनी समेत जम्मा भएको मौका पारेर एउटा स्वस्ति शान्ति यज्ञ सम्पन्न गरी म फर्केको थिएँ । फेरि एकै हप्तामा के भएछ त ! मैले खबर ल्याउने मान्छेको नाम मात्रै सोधे, त्यो भन्दा बढी निदिखुदी गर्ने साहस ममा भएन । ८८ वर्ष नाघीसकेको वृद्ध मानिसलाई जुनबेला जे पनि हुन सक्छ । तसर्थः बेर गर्ने कुरै थिएन । मेरो परिवार त्यसबेला त्यहाँ नभएकोले खबर पठाएर म पूर्व सोचाई अनुसार प्रस्थान गरें– मनमा अनेकौं शङ्का उपशङ्का लिएर, एउटा झीनो आशा बोकेर ।

अपराह्न ठिक ५ बजे म तानसेन पुगेको हुँ तर साढे पाँचमा हिंड्ने बस रिडी बास बस्ने रहेछ, यसबाट घर पुग्ने सम्भावना भएन, म ट्रकको प्रतीक्षामा बसें । त्यो रूटमा ट्रकहरू रातीसम्म चली रहन्छन्, मैले सम्झें– बलेटक्सार बास बस्ने ट्रक पाउन मलाई कुनै गाह्रो पर्ने छैन । तर दुर्भाग्य ! सात बजेसम्म बस्दा पनि मैले ट्रक पाउन सकिन । आपत परेपछि मान्छे भीरू बन्दै जान्छ र अर्थ अनर्थका अनन्त कुराहरू सोच्न थाल्दछ । मैले पनि त्यस्तै सोचें कहीं ईश्वरले मलाई बाबु आमाको सकास देखि सधै टाढा रहेर बिताउने जीवनलाई अन्तिम घडीमा पनि मिलन हुन नदिने कठोर दण्डको भागी बनाउन खोजेको त होइन ! नभए बुटवलदेखि आएका सबै ट्रकहरू तानसेन काटेर नजाने किन त ! मैले अरू मान्छेसंग पनि सोधपुछ गरें, सबैले त्यस्तो हुनुलाई विशेष घटनाको रूपमा लिए ।

सात बजेको आसपासमा दैनिक त्यहाँ आई पुग्ने र बलेटक्सार बास बस्न जाने ट्रक पनि त्यसदिन आएन– सवासातसम्म पनि । म निराश भएर घरपुग्ने उत्कट

अभिलाषालाई परित्याग गरी होटेलको खोजीमा लागें ।

त्यहाँ ठूलो ठूलो बोर्डमा होटेल सिद्धार्थ, होटेल शेरचन र होटेल धवलागिरी देखिन्थे, तर मलाई ती होटेलहरूमा बस्ने जाँगर थिएन । मेरो मन-अगेना नजिकै पीकामा बसेर सुख-दुःखका गफहरू गर्दै मोइ र मकै खाने चाहना गरी रहेको थियो । बस स्टपको एकफन्को पार्दा मैले गुल्मी वीरवास होटेल लेखिएको एउटा सानो बोर्ड देखें र त्यसैमुनी भित्तपट्टी चुल्लोमा आगो बालेर गुन्द्रीमा बसी गफमारी रहेका दुई जना बूढाबूढीलाई देखेर सम्बोधन गरें– बाजे ! बस्न पाइन्छ ?

पाइन्छ ।

खानाखान के पाइन्छ नि ?

दालभात तरकारी ।

रोटी बनाउन सकिन्छ ?

सकिएला ।

म रोटी तरकारी खाइवरी सुतें, धेरैबेरसम्म मलाई निद्रा परेन । जीवनमा विर्सन नसकिएका विशेष गरेर बुबासँग सम्पर्कमा आएका घटनाहरूको पुनरावृत्ति गरें, धेरै स्मृतिहरूको पछि दौडेर आफूलाई हराएँ । कुन्नि कति बजेतिर निद्रा परेछ थाहा भएन । त्यहाँ मैले यस्तो सपना देख्न पुगेछु –

बुबा सिकिस्त हुनुहुन्छ भन्ने थहा पाएर घर जान भनी हिंडेको म सरासर घर नगएर उल्टो बाटो ठूलो बाको घरमा पुगेछु । त्यहाँ मैले ९३ वर्षिय पितामह जो घरको दलानमा लिपेको ठाउँमा अलग्गै बसेर भातखाइ रहनु भएको थियो र जस्ले अर्धचेत अवस्थामा कष्टकर जीवन विताई रहनु भएको छ । त्यो देखेर म झस्कन्छु र बुबाको विगत र वर्तमानमा सशङ्कित हुन थल्छु । उहाँको स्थिति वा लय, सत्ता वा नश्वरतालाई सम्झेर भय पैदा हुन थाल्छ । त्यसैबखत मलाई बोलाउन मेरी कान्छी दिदी आउनु हुन्छ र विलम्ब गरेकोमा प्रश्न उठाउनु हुन्छ । म त्यहाँ त्यसरी अनर्थमा भुलेकोमा पश्चात्ताप गर्छु र हतारिदै उठेर घरतर्फ लाग्छु । हिंडाइकै क्रममा मेरो अगाडि पधेंरो देखा पर्छ । त्यो पंधेरो पहिले जस्तो पातपतिङ्गरले भरिएको हुँदैन । किन यसरी सफा सुघ्घर पारिएको होला ! म उभिएर अचम्मित हुँदै आँखा घुमाउँछु । नजिकै खाली ठाउँमा खनेर सम्म पारिएको छ र त्यहाँ चुल्लाहरू बनाइएका छन्, रूखमा ध्वजाहरू झुण्डाइएका देखिन्छन् । म भयभीत हुन्छु, मेरो मुटु काप्न थाल्छ । म आत्तिन्छु, छटपटिन्छु, अघिको शङ्का विश्वासमा परिणत हुन थाल्छ । गलित अवस्थाका मेरा पैंताला अगाडि बढ्नबाट हतोत्साहित हुन्छन् । तैपनि प्रयाश गरी अगाडि बढ्छु । आँपै आँपका बृक्षहरूले सुशोभित बगैंचाको बीच भागमा विशाल खड्कुलाहरू बसालेर भोजको भव्य तयारी भैंरहेको दृष्य मेरो आँखामा पर्छ, म झन् बढी कातर र भयभीत हुन्छु, मेरो होसले ठाउँ छोड्न थाल्छ । मैले अझ पनि साहस गरेर कसैले पनि नदेखुन् भन्ने मनशाय राखी अर्कै विपरित मार्गबाट घरतिर लाग्छु । घरको दक्षिण ढोकाबाट भित्र चिहाउँछु– त्यहाँ एउटा अनौठो दृष्य देखिन्छ ।

मजेरीमा लामै गुन्द्री विच्छाइएको छ, त्यसमाथि ४–५ जना बृद्ध पुरुषहरू बसेर प्रशन्नतासाथ कुराकानी गरी रहेका छन् । म एकपछि अर्को अनुहार देख्दै जान्छु, मलाई थाहा हुन्छ, ती सबै स्वर्गीय आत्माका प्रतिमूर्ति हुन् । हेर्दै जाँदा पल्लो छेउमा मेरा बुबालाई पनि देख्छु– जो हालको उमेरमा करिव १० वर्ष कम हुनुहुन्थ्यो र मजाले पलेटी कसेर वसी कुरामा सही थाप्दै हुनुहुन्थ्यो । म हडबडाउँछु, आत्तिन्छु र मूर्तिवत उभिएर हेरी मात्र रहन्छु– किन कोही पनि बोल्दैन म सित ! मेरी कान्छीदिदी भन्न थाल्नु हुन्छ– किन आश्चर्य मानी हेरीरहेको तिमीले,

धेरै दिन बाहिर बसेकी सहधर्मिणी र जेष्ठ पुत्रको आगमन भएको देखेर ? म पुनः चौकिन्छु र आँखा नचाउँछु ती स्वर्गवासी सहचरीका मातापुत्रहरू भान्सामा खाना पकाइ रहेका देखिन्छन् । अनि त म थामिन नसकेर करुण रोदनकासाथ पूज्य बुवाज्यू भए ठाउँ हुत्तिएर पुग्छु र अङ्गालो मारेर कराउँछु– बाबा, मलाई छाडेर किन जानु भयो ?

मेरो निन्द्रा भङ्ग हुन्छ ।

मेरो स्वास प्रस्वास तीव्र गतिमा चलिरहेको हुन्छ ।

घडीहेर्छु– १२:३५ भएको छ । कस्तो सपना देखिएछ, के साँच्चै नै मैले ती धर्मराज बाबुलाई गुमाएकै हुँ त ! के मैले ती कर्मवीर बाबुलाई देख्न नपाउने नै भएँ त ! मेरो ९५ प्रतिशत आशा मरेर जन्छ, मलाई विश्वास हुन्छ, पिताज्यू अब यस लोकमा हुनुहुन्न ।

विगत दिन बेलुका सवारी साधन पाउन नसकेकोमा मलाई पश्चात्ताप र ग्लानी महसूस हुन थाल्छ । यहाँ नरोकिएर सरासर जान पाएको भए जीवितावस्थामा देख्न पाइन्थ्यो कि ? यो मेरो कस्तो दुर्भाग्य !

त्यसपछि मेरो मनमा एकपछि अर्को सम्भावनाका आवेगहरू गतिमान हुन थाल्छन् । बाबुको जीवनमा घटित अनन्त घटनाहरूको सम्झनामा मैले अनन्त अश्रुधारा बगाउँछु । मलाई रातभर निन्द्रा लाग्दैन, उठेर बस्छु फेरि सुत्छु । विहान ४:३० बजेको 'रिडी-तंघास' को आवाज कानमा टक्कराएपछि म उठ्छु र तयारी भै होटेलदेखि निस्केर टिकट काउण्टरतिर लाग्छु ।

विहान ठिक ६ बजे बस छुट्छ । विभिन्न तर्फ-वितर्क शोच, अपशोच र मानसिक आरोह अवरोहको महासागर-मा तरङ्गित हुँदै जीवितावस्थाको मात्र पाँच प्रतिशत आशा बोकेर बसको यात्रा पूरा गरी पैदल घरतिर लाग्छु । मेरो मनले बाटोमा कोही पनि नभेटियोस् भन्ने इच्छा गर्छ । म उधो मुण्टो लगाएर लम्की रहेको हुन्छु । घरको तगालोमा पुग्दा नपुग्दै छिमेकी धनकुमारी भाउजुसँग मेरो भेट हुन्छ । उहाँले मलाई नै पर्खेर बस्नु भएको रहेछ । उहाँको एउटा सोधाईमा औपचारिकता स्वरूप छोटो उत्तर सुम्पेर म अगाडि बढ्न खोज्छु तर बचाई राखेको मेरो पाँच प्रतिशत आशालाई निमोठ्दै उहाँले मेरो मुटु माथि वज्रप्रहार गर्नु हुन्छ– बाबु ! यसै पहिरनमा सीधै घरजान त हुन्न क्यारे !

त्यसपछि एकछिन म सम्पूर्णतालाई विर्सेर जडवत उभिन्छु । मानौं मेरो अगाडि गहन अन्धकार व्याप्त छ, म केही देख्दिन । विस्तारै म सचेतावस्थामा फर्कन्छु, मेरो शरीर जृम्भित हुन्छ, मानसिक धरातलमा तीक्ष्ण कण्टकले चुम्बन गर्छ । त्यसैबाट उद्धृत प्रतिवेदना पराङ्मुख हुँदै कण्ठ प्रवेशमा आई वाक् अवरूद्ध गर्न थाल्छ । म अर्धचेत जस्तो हुन्छु । तवसम्म भाउजुले मेरो आगमनको समाचार घरमा पुऱ्याएर फर्कदै मलाई वारीतिर गएर बस्ने सल्लाह दिनु हुन्छ । म साङ्केतिक ठाउँमा गएर बस्छु ।

त्यहाँ मेरो अगाडिका ती परिदृष्यहरू देखिन्छन्, जस-ले मेरो मनलाई झन् तहस नहस पारी दिन्छन्– वारीको डोरामा उभिएका घाँसका ती रूखहरू तथा केरा, वेलौति, कटहर, दरियाँ (भूइँकटहर) कागती, नास्पाती, सुन्तला, आरू र अमिला (निबुआ) आदि फलफूल र वनस्पतिहरू जुन मेरा पूज्य पिताबाट रोपण गरिएका थिए र तिनीहरू-ले दिएका फलहरू मलाई सानो छँदा खुवाउनु हुन्थ्यो, म मीठो मानेर खान्थें । म बसीरहेको त्यो सम्म परेको चउर पाटोमा बुवाले बाहु बजारेर, दशनङ्ग्रा खियाएर, पसिना बगाएर अन्नका मीठा दाना उब्जा गर्नु हुन्थ्यो । म पनि उहाँ-को पछिलागेर काम गर्थें । सत्तरी पचहत्तर वर्षको उमेरमा पनि आफू तन्नेरी भएर कोदालो खन्नु हुन्थ्यो र म जस्तो २०–२५ वर्षे लक्का जवान केटालाई भन्नुहुन्थ्यो– 'पढ्ने

मान्छे तं धेरै काम गर्न सक्दैनस्, विस्तारै गर र सितलमा गएर बस । केही खानेकुरा बोकेर आमा आउनु हुन्थ्यो, उहाँले बाँडि दिएको भागबाट मीठोकुरा निकालेर मलाई थपिदिंदै भन्नु हुन्थ्यो– पढ्ने मान्छे तैंले त्यो पचाउन सक्दैनस् यो खा..... ! कस्तो माया कस्तो ममता ! न उहाँले म प्रति त्यति रूखो बोली प्रयोग गर्नु भयो, न पिट्नु नै भयो । त्यस्तो करुणाशाली पिता आज मेरो नजरबाट एक्कासी हराउनु भयो सधैंका लागि । म धेरै अधीर भएँ, मैले आफैंलाई नियन्त्रण गर्न सकिन, मेरो आँखाबाट आँसु ह्वारह्वाति निस्केर खस्न थाले ।

त्यसैबखत एकजना मेरा गाउँले दाजु आएर मलाई अलि पर धारोमा लैजानु भयो र क्षौर गरी दिनु भयो । त्यहाँको कार्यविधी सकेर विधिवत स्नान तथा श्वेतवस्त्र परिधानको लागि पण्डितजीले मलाई पधेरा तर्फ लैजानु भयो । दशगात्रादिकर्ममा सम्मिलित हुने मेरो पूर्व तयारी भैसकेपछि मेरा दाजु-भाइ र आमालाई बोलाउन पठाइयो । एकैछिन-पछि खाने-पीउने भाँडा र नुहाएर फेर्ने लुगा हातमा झुण्डाएर आउँदै गरेका ती क्रियाकर्मीहरूलाई देखें । अरूलाई देख्दा मलाई खासै अपठ्यारो लागेन, मेरी वृद्ध माताको पहिरन देखेर मेरो मन ज्यादै दुःख्यो, आँखा रसाएर आए । जुन माताले आर्जेको जीवनको पूर्णतामा भूईंचालो आएर खण्डहरू पर्न गै जीवन अपुरो हुन गयो, जुन माताको सौभाग्य छिनियो, जुन माताको सुहागको प्रतीक सिन्दूर र पोते खोसियो र जुन माताको शृङ्गारिक आभूषण र पहिरन लुटियो सधैंका लागि ।

म जाडोले कुकुक्क परी बसी रहेको थिएँ, उहाँहरू नुहाई धुवाई गरेर म ससे ठाउँमा आउने क्रममा हुनु-हुन्थ्यो । मैले सौचिरहेको थिएँ– आमाले मलाई देखेपछि र म छेऊ आएपछि कति रुनु होला ! त्यस बखत मैले पनि आफूलाई सह्याल्न गाह्रो पर्नेछ, जति कठोर हुन खोजे पनि मैले उहाँको रुवाईमा दुई थोपा आसु खसालेर साथ दिनु पर्नेछ । सोंच्दा सोच्दै आमा केही पर आएर उभिनु भयो र मलिनो अनुहार लगाएर म तर्फ हेर्नु भयो । त्यसपछि विस्तारै म छेऊ आएर बस्दै भन्नुभयो– दुःख मानेर पो के गर्ने, सबैलाई एकपटक जानै पर्ने, तिमीहरूले देख्न पाएनौ भन्ने दुःख मात्रै हो, असक्त भएर दुःख पाएर बाँच्नु भन्दा जानै राम्रो, फेरि जानेवेलामा दुःख तकलिफ केही पनि भएन । दिउँसो सम्म राम्रै हुनुहुन्थ्यो, दिन ढल्केपछि बोल्न छाड्नु भयो, दूध पनि खानु भएन अनि

Heartiest Greetings & Best Wishes

For

Happy New Year 2050

SHIVA TRAVEL (P.) Ltd.

P. O. Box 5385, Chhetrapati, Kathmandu, Nepal.

Phone : 212256, 215650, Fax : 977-1-419317

विस्तारै नाडी पनि हराउँदै गए र बेलुकीपख त सुटुक्क गै पनि हाल्नु भयो । धन्न ठूलो आइ पुगेको थियो र प्राण जाने बेलामा मैरीमा निकालेर पानी खुवाउन पाइयो, नत्र भित्रै प्राण जाने । त्यो उमेरमा दिसा-पिसाब गराउन नपरीकन फेरि यो उत्तरायण माघ महिनामा जानु भनेको भाग्यको कुरा हो, त्यसै भएर पनि राम्रो मान्नु पर्‍यो । पुण्य कमाउनु भएको थियो र मरण पनि राम्रो भयो ।

आमाको कुरा सुनेर म आफै छक्क परें र आफ्नो अज्ञानतालाई धिक्कारें । म कस्तो अज्ञानी र ढोंगी रहेछु– जस्ले बाबुको वृद्धावस्थालाई ख्याल नगरी बाबुकै आर्जनमा लुटपुटी खेलेर आफ्नो खुट्टामा उभिन सक्ने भएपछि सुख सयल र भोग विलासी जीवन बिताउने हेतुले घरदेखि टाढा गएर बसेको छ, जस्ले बाबुको लागि औपचारिकता मात्र निभाएर बाबु-आमालाई आशै-आश र भुलभुलैयामा राखेर स्वार्थसिद्ध गरी रहेको छ– त्यस्ताले ती बाबु-आमाको मरणमा के आँसु चुहाउनु र दुःख मनाउनु । धन्य हुन् ती मेरी आमा– जस्ले आमरण बाबुको निकटतालाई छाड्नु भएन, बाबुको सुखमा सुख र दुःखमा दुःख मनाउनु भयो, पातिव्रत्य जीवनको पूर्ण पालना गर्नु भयो र पारिवारिक जीवनमा कहिल्यै कटुताको आभास दिनु भएन । यस्ता उदाहरणीय आत्माको त्यस्तो पवित्र सोचाई नभएर अरू के हुन सक्छ ?

धिक्कार छ हामी जस्ता छोरालाई– जस्ले पाल्ने नाउँमा बाबुलाई इच्छा विपरित चिन्ता र उत्पीडनमा पारेर रुवाई रह्यो र सेवाको नाममा कोपरा, थुक्दानी र पानी अगाडि सारेर जिम्मेवारीबाट पन्छियो । जस्ले पाल्ने नाउँमा आमालाई सधै कज्यायो र सुख दिने तथाकथित विकुल फुकी झुक्याई रह्यो । त्यसै भएर होला पिताज्यूले पनि अन्तिम प्रहरमा हामी जस्ता कायर र कृतघ्न कुपुत्रको मुख नदेख्ने भनेर सुटुक्क गएको ।

मलाई ज्यादै पश्चात्ताप लाग्यो– आफ्नो अज्ञानता र मूर्खता प्रति ।

पण्डितजीले उता पिण्ड दिने कार्य गराउँदै हुनुहुन्थ्यो । म त्यो दिन पिण्डदानमा सम्मिलित हुन नहुने रे ! किनकि क्रिया शुरू गर्दाको पहिलो दिन भुटेको केरा खाएर क्षेत्रवास बस्नु पर्ने रे ! त्यो प्रकृया पूरा नगरे सम्म आपसमा छोइन नहुने रे ! हाम्रो परम्परामा पाकेको फलफूल पनि खान नहुने र काँचो फलफूलमा पनि एउटै चलन एउटै नियम काँचो केरा वश । त्यसपछि पनि क्रिया अवधिभर फलफूलको स्पर्श गर्नै नपाइने, कस्तो कडा नियम कडा संस्कार !

पिण्ड दिनेकाम सकेपछि त्यहाँ तीनवटा चुल्हा जलाइए । पहिलो दाजु-भाइको, दोस्रो आमाको र तेस्रो बुहारीहरूको । यी तीनवटै बीच आपसमा छुवाछुत हुनु हुन्न, किनकि ती सबैका आ-आफ्नै प्रकृयागत भिन्नता छन् । कसैले कसैलाई छोयो या अलिकति पनि नियम तोडियो भने उसले पहिलो दिनको अवस्थामा फर्कनु पर्छ अर्थात शुरूदेखि नै पुनः कार्य थालनी गर्नु पर्दछ । अन्य कुनै पदार्थ वा वस्तुको हकमा सुकेको होस् वा चीसो कुनैपनि चिज छुन नहुने र यदि छोई हालियो भने त्यसलाई अलग्गै राखेर चोखिने दिन गउँत छर्केर शुद्ध गर्नु पर्ने रे ! कस्तो कट्टर प्रचलन !

पधेरोको त्यसदिनको सम्पूर्ण काम सकेर हामी क्रियाकर्मीहरू र सरसामान बोक्नेहरूको लाम लस्कर घरतर्फ लाग्छ । हाम्रो हिन्दू संस्कृतिमा गर्नु पर्ने यस प्रकारको प्रथम अनुभवले मलाई कता-कता एक्लोपनको महसूस हुन थाल्छ । आज म घर गएर बुबालाई देख्न पाउने छैन, बुबाको बोली सुन्न पाउने छैन र बुबाको सकासमा बस्न पाउने छैन । मैले आफ्ना आँखाको अन्तरङ्गमा बुबाको पाञ्चभौतिक शरीरलाई झलझली देख्दै थिएँ र उहाँका

क्रियाकलापलाई आत्मसात गर्दै थिएँ । यसै क्रममा हामी घर पुग्यौं ।

निरस र उजाड लाग्ने घरको आँगनमा उभिएर मैले एकछिन यताउता नजर घुमाएँ– जतातत बुवाको स्मृति गराउने खालका अवशेषहरू छरिएका थिए । बुवाको पौरखले उभ्याएका ती घर, कटेरा, गोठ र उरिमहरू, उहाँकै हातबाट बीजारोपण भएका केही बृक्ष वनस्पति र फलफूलहरू, स्वहस्त निर्मित कृषिका साधनहरू र उहाँ हिंड्ने बस्ने गरेका स्थान र प्रयोग गर्ने गरेका सामानहरू। ती सबै एक्ला र आश्रयहीन जस्ता देखिन्थे । मानौं पिता-को मृत्युमा शोक प्रकट गरी रहेका छन् ।

हामी बाहिर बसी रहन उपयुक्त थिएन किनकि प्रथमत: एउटा कछाड र कम्बलको भरमा उभिएका हामीलाई सायंकालिन चीसो समीरले स्पर्श गर्दै थियो, अर्को कुनै केटाकेटी वा जीवजन्तुहरू आएर छुने सम्भावना रहन्थ्यो । तसर्थ: हामी मान्द्रो र गुन्द्रीले बारिएको दलान-को अँध्यारो कुनातर्फ प्रवेश गऱ्यौं, जहाँ सुतेर हामीहरूले बाह्र दिनको कठोर कालरात्री बिताउनु थियो ।

परालको ओछ्यानमा एउटा कम्बलको भरमा झट्ट के निन्द्रा लाग्थ्यो । कम्बल र परालले बिजाएर म रातीसम्म निदाउन सकिन । जतातत सुनसान थियो । पहिले पहिले जस्तो बुवाको ख्याक-ख्याक आवाज पनि भित्रबाट आई रहेको थिएन । मात्र सुनिइरहेको थियो– गोठको कोठीमा सुतीरहेका देउरानी जेठानीको गुन-गुन आवाज र बीच-बीचमा उब्जिएको देउरानी अट्टहास हाँसो ।

★

गजल

– रमेश "क्षितिज"

छातिभित्र पीडा दुख्छ दिल अचेल रुने गर्छ
स्याहार गर्ने माली गयो फूल अचेल रुने गर्छ ॥

सबैलाई खुसी बाँड्ने मुस्कानको खानी थियो
समयले कोल्टो फेऱ्यो मूल अचेल रुने गर्छ ॥

भावनामा बगें म त रोक्न खोज्दा रुकिएनें
शीतलाई मोती ठानें भूल अचेल रुने गर्छ ॥

एक्लै रैंछु भन्ने ठान्थे घाउ दुख्ने मान्छे
सडकमा उभिइहेरें हुल अचेल रूने गर्छ ॥

दुई किनारा प्यासी थिए बीचमा थियो ठूलो नदी
जोड्न खोज्दा आफैं भत्क्यो पूल अचेल रुने गर्छ ॥

– मिरौली, दाङ्ग ।

गजल

– ज्ञानेन्द्र "विवश"

विश्वास मैं बाँचूँ भन्थें, तर नमेटिने डाम लाग्यो
बत्ती निभी अँध्यारो भो, उज्यालिने घाम भाग्यो

धोका यस्तो पीडा भयो, दुखिरहने भित्र कता
आँसु भित्र रूझें म त, अब वेदनाको दाम जाग्यो

हिंड्न पनि पाइला कतै काँडा टेक्न पुग्ने भयो
क्षत-विक्षत टुक्याउने, अब पतझडको याम लाग्यो

मान्छे पनि कस्तो निष्ठुरी कस्तो दण्ड दिई गयो
चोट सधैं बल्झिरहने, सबै अरू काम भाग्यो

पराइलाई आफ्नै ठान्नु यौटा मेरो भूल भयो
छिया-छिया इच्छा सारा, अब प्रश्नको लाम लाग्यो

काठमाडौं ।

इहलीला समाप्ती पछिको पारिजात

– खिमानन्द पोखरेल

सुश्री पारिजात यस संसारमा अब रहिनन् । संसारिक दुःख पीडा देखि टाढा रहने मनसायले हामी देखी विदा लिएर अब कहिल्यै नफर्कने गरी चिर निन्द्रामा परिसकेकी छन् । शरीर माटोमा मिली सकेको छ । अब उनको शरीरले धर्तिको माटोबाट सास फेरीरहने छ । आज उनका प्रत्येक उत्कृष्ट साहित्यिक रचनाहरूले सन्मान र गौरव गाथा बोकी आजका समस्त साहित्य प्रेमीहरूलाई विशेषता माथी विशेषता दिएको छ ।

वि. सं. १९९४ सालमा दार्जिलिङ्गको लिंगिया चीयावगानमा डा. के. एस. वाइवा र अमृता मोक्तानको कोखबाट जन्मेकी पारिजातले आफ्नो सम्पूर्ण बाल्यकालमा कक्षा १० सम्मको पढाइलाई जारी राखेर संयोगवस उनलाई काठमाडौं आउनु पऱ्यो र आफ्नो पढाई सञ्चालनार्थ काठमाडौंको पद्मोदय हाई स्कूलमा पुनः १० कक्षामा भर्ना भई एस. एल. सी. दिएर उतीर्ण भएकी पारिजातले पद्म कन्या कलेजबाट तत्कालीक पटना विश्व विद्यालयको पाठयक्रम अन्तरगत वि. ए. गरेकी थिइन् । त्रि. वि. वि. मा पढाइ शुरू भएपछि अंग्रेजी विषय लिएर स्नातकोत्तर तहमा प्रवेश गरी साहित्यको विशाल फांटमा चर्ने सुअवसर प्राप्त भएको थियो ।

नेपाली साहित्याकाशमा एक चम्किलो ताराको रूपमा स्थान ग्रहण गरीसकेकी पारिजातको विषयमा चासो नराख्ने जान्न र बुज्न नचाहने पाठकहरू अब सायद कुनै होलान् । नेपाली साहित्यको विशाल फांटलाई दरिलो योगदान दिएर आफ्नो इह लीला समाप्त गरी सकेकी पारिजातका प्रकाशित कृतिहरू यस प्रकार रहेका छन्– "शिरीषको फूल" (२०२२), महत्ताहिन (२०२५), वैंशको मान्छे (२०२९), पर्खाल भित्र पर्खाल बाहिर (२०३१), अन्तरमुखी (२०३२), तोरीवारी पाटा र सपनाहरू (२०३३), उसले रोजेको बाटो (२०३४), अनिदो पहाडसंगै (२०३९), परिभाषित आँखाहरू, बोनी आदि उपन्यासहरू, आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), सालिगको बलात्कृत आंसु (२०४३), कथा संग्रहहरू र आकांक्षा (कविता संग्रह), बधशाला जाँदा आउँदा, धुपि सल्ला र लाली गुराँसको फेंदमा, एउटा चित्रमय शुरूवात, पारिजातको आत्मसंस्मरण, बाटा र सपनाहरू, आधि आकाश आदि संस्मरणका साथै पारिजातका कविताहरू (सं. ईश्वर बराल) जस्ता अनेकौं बेजोड कृतिहरू हामीलाई दिएर जानु गएकी छिन् ।

स्व. पारिजातका अनेकौं कृतिहरू मध्ये २०२२ साल-

मा मदन पुरस्कार प्राप्त "शिरीषको फूल" को भाषा शैली प्रस्तुतीकरण र विषयबस्तु साहित्य प्रेमीहरूको माझमा विशेष चर्चाको विषय बन्दै आईरहेको कुरा स्पष्ट नै छ साहित्यिक क्षेत्रबाट उनी पारिजातको नामले प्रसिद्धि कमाए पनि उनको बाल्यकालको नाम विष्णु कुमारी वाइवा हो । लेखक लेखिकाहरूले भावनाको आकाशमा पखेटा हाली विचारको संसारमा स्वतन्त्र विचरण गर्ने प्रयाशस्वरूप उपनाम राखेको पाइन्छ । यिनै उपनामको माध्यमबाट साहित्यकारहरू विशेषत: चर्चित बन्न पुग्छन् ।

साहित्यकारको आफ्नो मौलिक भाषा हुन्छ । यिनै मौलिक भाषामा उनीहरूको मन दु:ख्छ, देश दु ख्छ, रोदन पीडा इत्यादि साहित्य सृजना कुनै पनि देशको मौलिक भाषाको संग्रहालयसंग गाँसिएको हुन्छ । यिनै तत्वको माध्यमबाट एउटा साहित्यकारले आफ्नो साहित्य मनग्य-संग स्फूरण गर्न सक्तछ यिनै साहित्यरूपी शरीरको एक अङ्ग हुन्- पारिजात । यसै शिलशिलामा केही महिना अगाडि मैले उनलाई उनकै निवासस्थानमा भेट्ने मौका पाएको थिएँ र तत् सम्बन्धी प्रश्नहरू पनि उनी समक्ष राखी कुरा गर्ने मौका पाएको थिएँ –

मेरो प्रश्न थियो– दिदी तपाईंले त आफ्नो नाम नै फेर्नु भयो किन ? भन्दा उनले मलाई जवाफ दिएकी थिइन् – "मलाई आफ्नो नाम मन परेन त्यसैले नाम फेरेकी हूँ । मैले नाम फेर्नुको मतलब नै विशेषत: यो फूलको विशेषता भूईंमा झरेपछि मात्र टिप्न पाइने, महादेवको पूजा गर्न कुन्तिको लागि अर्जुनले टिपी ल्याएको स्वर्गको फूल, जुन टपरीमा राखेर भगवान्लाई चढाइन्छ जसको रङ्ग नाम पनि राम्रो भएकोले यसको नाम पारिजात राखेकी हुँ ।" भनि मलाई यसरी सरल सहज र मिठासले भरिएको वाणीद्वारा उत्तर दिएकी थिइन् । यसरी नै मलाई पारिजातको बारेमा जान्न पाउँदा केही महत्त्व आजसम्म अल्झी रहेको नै छ ।

अनि यसको लगतै मैले पुनः उनलाई दिदी तपाईले आफ्नो सोंखहरूको बारेमा केही जानकारी दिनु हुन्छ कि ? भनी प्रश्न तेर्साउँदा जवाफमा उनले एक पटक हँसीलो अनुहार लगाउँदै भनेकी थिइन्– "लेख्ने पढ्ने शोख त मेरो जीवन भर छ र रहीरहने छ यो मेरो आफ्नो जीवनको मनपर्ने विषय पनि हो । अरू शोखका विषयहरूमा फूल सजाउने, विभिन्न ठाउँको ढुङ्गा बटुल्ने र खाना पकाउने हो। उनको भनाई थियो शरीरको स्थितिले गर्दा खाना पकाउन सकिन, तरपनि अरूलाई सिकाइवरी पकाउन लगाउँछु ।" यस बाहेक उनले उल्लेख गरेका शोंख मध्ये उनको कोठामा विभिन्न मुलुकका थरिथरीका पुतलीहरूको राम्रो संग्रह गरेको देख्ने मौका मलाई मिलेको थियो सायद यसरी सजाइएका पुतलीहरू-लाई हेर्ने मौका मलाई पहिलो पटक उनकै कोठामा मिलेको थियो ।

एक पटक पुन: मनपर्ने विषयलाई नै अगाडि सारेर प्रश्न गर्ने मन लाग्छ– दिदी तपाईले सोंखको बारेमा केही सुक्ष्म रूपमा जान्ने मौका दिनु भएकोमा दिदी प्रति धन्यवाद टक्याउँछु नै । अनि साहित्यकारहरूमा कस्ता खाले साहित्यकारहरूका साहित्य हेर्न मन पराउनु हुन्छ त ? भन्दा उनले मसंग भनेकी थिइन् कि– "हेर्नुस् पोखरेल भाइ तपाईले प्रश्न त गर्नु भयो तर विदेशी साहित्यकारहरूको नाम लिएर साध्यै हुँदैन, देशको हिसाबले चिनीयाँ, फ्रान्सीसी, रुसी र जापानी साहित्य पढ्न मन पराउँछु । आजमोली तेस्रो विश्वका काला लेखकहरूले लेखेको साहित्य पनि पढ्न मन पराउँछु ।" तर चाही उनले स्वदेशी साहित्यकारहरूको बारेमा कसैको नाम लिन चाहिनन् ।

आज भोलीका युवा साहित्यकारहरूको बारेमा केही भनि दिनु हुन्छ नि भनि सोधिएको प्रश्नको उत्तरमा उनले भनेकी थिइन्– "आज भोलीका युवा साहित्यकारहरूका रचनामा प्राय जसो आक्रोश, विद्रोह र निराशावादी, भावनाका साहित्यिक रचनाहरू मात्र देख्न पाइन्छ तर कुरा के भने सम्पूर्ण साहित्य निराशावादी हुन्छन् भनेर ठोकुवा लगाउन पनि एकदमै गाह्रो पर्दछ। कुनै साहित्य निराशावादी भएता पनि बीच-बीचमा आशाको उज्यालो झल्की रहेको पाइन्छ नै।"

दिदी अब म एउटा प्रश्न गर्छु है! भन्दै तम्सीएर प्रश्नलाई अगाडि सारें– तपाईले लेख्नु भएका कृतिहरू साधारण पाठकहरूले बुझ्न गाह्रो छ भन्ने यदाकदा सुन्न पाइन्छ के यो सत्य हो? यसमा उनको भनाई थियो – "म शैली त ज्यादै सहज खालको अपनाउँछु। त्यसलाई कसैले बुझ्न सजिलो छ भन्छन् कसैले गाह्रो दुवै थरी भन्दछन्। वाक्य पनि सरल खालकै लेख्छु तर कहिले काही अप्ठ्यारा वाक्यहरू पनि पर्दछन् तर प्रस्तुतीकरणको हिसाबले म के स्वीकार्छु भने मैले लेखेका साहित्यहरू साधारण पाठक याने साक्षर सम्म भएकाहरूले बुझ्न सक्तैनन् खरो नभैकन एकदम साधारण कुरा लेख्ने हो भने जसले पनि तुरुन्त लेखीहाल्छ नी; त्यो त कुनै साहित्य भएन साहित्य भने पछि त्यसको सीपपक्ष पनि हेर्नुपर्छ।"

अब प्रश्नहरूलाई छोडी साहित्यिक विशेषता पट्टी जाऊँ। साहित्यकार पारिजातले वि. सं. २०१२–२०१३ साल तिरबाट नै लेख्न थाली सकेकी थिइन्। तैपनि वि. सं. २०१७ साल पछिको काव्य स्वरले उनलाई परिचित तुल्यायो वि. सं. २०१९–२०–२१ तिरका केही कथाहरूले उनलाई चर्चित बनाए अनि त्यसको लगतै पछि मात्र साहित्य जगतमा उन्माद फैलाउँदै आएको थियो– "शिरीषको फूल"। उनको यो "फूल" ले अन्तरराष्ट्रिय जगत्मा पनि निकै ठूलो वास्ना फैलायो। त्यसको अंग्रेजीमा अनुवाद गरी विश्व विद्यालयमा पाठ्यक्रमको रूपमा राखिएको कुरा सुन्न पाउँदा हर्ष लाग्नु स्वभाविकै कुरा हो।

मसिनो बोली, शिष्ट व्यवहार र शान्त मुद्रामा रहने पारिजात स्पष्ट वक्ता, आफ्नो कुरा लुकाउन-छिपाउन नचाहने यी साहित्यकारको धारणा सधै निश्चल थियो। झगडा गर्ने वानी पनि थिएन र सायद आजसम्म नगरेरै गईन् हामी सबैलाई छाडेर। वहस हुनु र झगडा हुनुमा निकै अन्तर छ वहसलाई झगडाको विवादमा फसाउनु भने बिल्कुलै हुँदैन।

पारिजात दिदीले हामीलाई छोडेर गइन् भन्ने आज हामीले सम्झन हुँदैन उनले हामीलाई समस्त कुरा दिएर माया गरी रहेकी छिन्। उनको पार्थिव शरीरसंग कुराकानी गर्न नमिले पनि उनद्वारा छोडीएका विभिन्न कृतिले आज उनको शरीरलाई ताजै तुल्याई दिएको छ। उनका सन्मानीत कृतिहरूले उनको गौरव गाथालाई तिव्ररूपले अगाडि बढाई दिएको छ। त्यसैले साहित्य जगत् फले फूलेको छ टुहुरो भएको छैन। साहित्यकारको दर्शन नै साहित्य हो। दर्शन विना साहित्य प्रस्फुरण हुन गाह्रो पर्दछ।

विभिन्न देश विदेशका साहित्य दर्शनमा अभिरूची राखी चासो लिएर अध्ययन गर्ने पारिजातले आफूलाई कहिल्यै पनि टाढा राखिनन् यिनै यस्तै यस्तै गहकिला अध्ययनहरूको उनमा कहिल्यै कमी भएन। हो पारिजात निकै विद्वान्, बुद्धिजीवि र साहित्य स्रष्टा थिइन् भन्ने कुरा भनि रहन सायद अब पर्दैन होला। अब त स्व. विष्णु कुमारी वाइवा केवल प्राकृतिक मनोरम छटासंग मुग्ध भई विचरण गर्ने पारिजात फूल संग मात्रै फुलिरहन्छिन्। जुन फूल पवित्र निर्मल र निश्छल हुन्छ यस्तो

पवित्र फूलको बारेमा कसैले यसलाई भुल्न खोजेर पनि कदापी सकिदैन । पारिजातको इह लीला समाप्त भए पनि उनीद्वारा लिखित उत्कृष्ट साहित्यिक रचनाहरूले हामीलाई उनैसंग रहेर बसे जस्तो अवश्य तुल्याउने छ । उनी अमर छिन्, अटल छिन्, उत्कृष्ट साहित्यिक तारा बनेर सदा-सदाका लागि हामी प्रत्येकसंग रहने छिन् ।

"शिरीषको फूल" उपन्यासको अन्तिम पानाबाट

"यस दुःखद जीवनको अन्त मृत्यु हो र त्यसपछि हाम्रो भावनाहरूको कुनै पनि अस्तित्व छैन, हामी एक अर्कामा स्पष्ट हुन सकेनौ र कहिल्यै सक्तैनौ पनि, यस जीवनको पछि एउटा महाशून्य छ अब केही पनि चिताउन सब निरर्थक हुन् । तिमी एउटा अन्धकारमा निस्सासिएर भन्यौ र कुन दिन म पनि मर्छु, यही हो तिम्रो र मेरो जीवनको मूल्य । मेरी सकमवरी ! एक दिन खुब फूर्ति लगाएर भन्थ्यौ कि जीवन ती सुनगाभाको जस्तो तन्तु राख्नु पर्छ, खोइ आज तिमीले के गऱ्यौ ? बरू राखेकी छु भन्ने विश्वासमा तिमीले मलाई मारेकी भए हुने । मलाई किन सकिनौ ? त्यो पनि तिम्रा यी सुनगाभाका पातहरू मेरो आँखा-आँखामा ओंठ-ओंठमा टाँसेर लगूं जस्तो लाग्छ । निस्सार जन्मेकी तिमीले मलाई पनि निस्सार छोडि-राख्यौ । अब तिमी शिवलाई आत्महत्या गर्न बाध्य गराउने भयौ । मेरी सकमवरी अब मलाई शरीर भरि खोपेर हिंड्न मन लागेको छ, जीवन असफलता हो, यो जीवन दुर्भाग्य हो । मानिस यसै पनि दुःखी छ उसै पनि दुःखी छ । सधैंको रित्तो हात रित्तो मन फर्कन अभ्यस्त मान्छे म रित्तै फर्कें । शिरीषका रित्तिएका हाँगाहरू आफ्नो रित्तोपनालाई स्वीकार गरेर उभिएका थिए । धुवाँको गुजुल्टो भित्र एउटा सुनौलो टाउको दुई निको-टिनले पहेलिएका औंलाहरू सजीव झैं मेरो अघि-अघि गइरहेका थिए । एउटा कार्टुन शरीर आफ्नो सानो गर्धन देखाएर हिंडिरहेको र म कैला रौंहरूलाई खेलाउने रहर-संग एउटा सिङ्गो मानिसको सम्पूर्ण मानसिकता हराएर, नपाएर फर्किरहेको थिएँ । मेरा क्षणहरू हुन सक्छ घस्रि-रहेका थिए, तर छिटो-छिटो म हिडिरहें ।"

(यसरी पारिजात हाम्रो लागि पनि नफर्कने गरी हिंडिन् ।)

२०५० सालको
नव वर्षले सर्वत्र नेपालीहरूको
सुख शान्ति ल्याओस् ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९४५)

जहाँ तहाँ हुन्न फाल्न फोहर कसिंगर
फोहर जति कन्टेनरमा फाल्ने गरौं ।

फोहर मैला प्रबन्ध
तथा
श्रोत परिचालन केन्द्र
टेकू, काठमाडौं ।

विज्ञान जगत :

वियरको सन्तुलित मात्राले मुटु बलियो हुन्छ ?

सन्तुलित मात्रामा वियरको प्रयोगले मुटुलाई बलियो बनाउँछ भन्ने जानकारी संयुक्त राज्य अमेरिकाको कृषि विभागका वैज्ञानिकहरूले दिएका छन् । एउटा अनुसन्धान-को क्रममा कृषि विभागमा कार्यरत वैज्ञानिकहरूले ६ महिनासम्म थोरै-थोरै मात्रामा वियर खाने गरेका मुसा-हरू वियर नखाएका मुसाहरूको तुलनामा ६ गुना बढी जीवित रहेको पत्ता लगाएका थिए ।

नाडी घडीको व्यापक प्रचलन कहिले देखि भयो ?

अघि-अघि हातमा लगाउने घडीलाई चुरा घडी भनिन्थ्यो । यी चुराघडीहरू स्वास्नी मानिसहरूले मात्र लगाउने गर्दथे । भनिन्छ, पहिलो विश्वयुद्धको समयदेखि भने लोग्ने मानिसहरूले पनि यस्तो घडी लगाउन थाले किनभने युद्ध गर्ने मैदानमा लैजान सजिलो हुनाले सिपाही-हरूलाई पनि यसको आवश्यकता बढ्यो ।

एकछिन हाँसौं कि ?

१. विद्यार्थी– सर, कसैले गर्दै नगरेको काममा दण्ड दिनु हुन्छ कि हुँदैन ?

शिक्षक– त्यस्तोलाई त कहाँ दण्ड दिनु हुन्छ र ।

विद्यार्थी– उसो भए आज मैले गृहकार्य गरेको छैन ।

२. कृष्ण– म मेरो स्वास्नीलाई धेरै माया गर्छु तिमी नि ?

राम– मैले तिम्रो स्वास्नीलाई चिनेकै छैन कृष्ण !

– अरुण बहादुर खत्री "नदी"
सामाखुसी, काठमाडौं–३ ।

मुक्तक

– खगेन्द्र पंथाक 'जन्तरे

वर्तमानले अतितलाई नकोट्याए पछि
अतित वर्तमान बनेर भविष्यतलाई चिथोर्न थाल्छ ।
दुखेको घाउमा मलम नलगाए पछि
मष्तिस्क र मुटुमा समेत दुःखाई बढ्न थाल्छ ।

– तेह्रथुम ।

गीत

गरीबको कहानी

– राम विक्रम थापा

मान्छे भएर मान्छेको रगत म पिउँदै पिउँदिन
म यसै मरूँ हे मेरी आमा बरू म जिउँदिन ।
गरीब भनी नगर हेला त्यो पनि मान्छे हो
मान्छ नै भई बिगार्छ मान्छे त्यो पनि मान्छे हो ।

साहूको हली बसेको छोरो भोकले मरेछ
कोइलाखानी पुगेको बाबु भारूले डढेछ ।
गरीबको जीवन, जीवनै हैन यै भन्छ दुनियाँ
सुन त साथी त्यो डाँडामाथि के भन्छ मुनियाँ ।

– बाम्राङ्ग–८, खोटाङ्ग ।

मुक्तक

– मंजय अर्याल

जिन्दजी बढ्छ
खान नपाई मर्छ
खल्तीमा एक मोहर छ
त्यसै पनि छोराले चोर्छ ।

– डिल्लीबजार ।

"उन्नयनमा सुसाएका सुस्केराहरू"

– भीम राना "जिज्ञासु"

यो विषाक्त परिवेशमा
भो मसँग सपनाको कुरा नगर,
नागवेली भयो भने मनहरू
जीवन खण्डहर हुन सक्छ ।

गन्तव्य खोज्न हिंडेको
निवरछिन्न यात्राहरू कतै
बीचमै ठप्प रोकिन सक्छ ।

आऊ बरू विपना ब्युझाएर
एकछिन उन्नयनको बात गरौं ।

अलिकति मन खुशियालीमा
एक पेग चियर्स !

+

फुल्न त गुलाफ
शिशिरको कठ्याँग्रोमा पनि
फुल्न सक्छ तर फुल्नको अर्थ
चहकमा पूर्णकला हराउनु हुँदैन ।

त्यसैले भो मसंग अचेल
वासन्ती हराएको वंशको
कुरा नगर ।

बरू वर्तमान भ्रुणमै
तुहिएर नजन्मेकै सही !

तैपनि लङ्गडो भविष्य
एक, दुई, तीन चाहिन्न ।

किनभने हरेक मस्तिष्कमा
अलिकति घाम पोखिएको हुन्छ ।

+

मनको वह फुकाएर
उत्सर्ग उमार्न सकिएन भने
सिर्जनाका पालुवाहरू
मौलाउन सक्दैन,
उत्साहमा छिङ्काहरू
लाग्न सक्दैन ।

त्यसैले भो मसंग अचेल
सयपत्री नफुलेको शरदको
कुरा नगर / किन भने
हरेक कुसुमको सुवास हुन्छ
हरेक दीपमा प्रकाश हुन्छ ।

त्यसैले आउ बरू
बेगगामी घोडाको टाप झैं
पाखुरीहरूले उत्सर्ग गर्न सिकौं ।

नत्र पाइला चालिएन भने
गणितको भाषामा प्राप्तिको
हिसाब हुँदैन ।

+

Best Wishes For

Happy And Prosperous

New Year 2050

DRUZBA (P.) Ltd.

G.S.A. Soviet Airlines
Tel. No. : 2-12397
Kamaladi, Kathmand, Nepal.

विज्ञान जगत :

वियरको सन्तुलित मात्राले मुटु बलियो हुन्छ ?

सन्तुलित मात्रामा वियरको प्रयोगले मुटुलाई बलियो बनाउँछ भन्ने जानकारी संयुक्त राज्य अमेरिकाको कृषि विभागका वैज्ञानिकहरूले दिएका छन् । एउटा अनुसन्धानको क्रममा कृषि विभागमा कार्यरत वैज्ञानिकहरूले ६ महिनासम्म थोरै-थोरै मात्रामा वियर खाने गरेका मुसाहरू वियर नखाएका मुसाहरूको तुलनामा ६ गुना बढी जीवित रहेको पत्ता लगाएका थिए ।

नाडी घडीको व्यापक प्रचलन कहिले देखि भयो ?

अघि-अघि हातमा लगाउने घडीलाई चुरा घडी भनिन्थ्यो । यी चुराघडीहरू स्वास्नी मानिसहरूले मात्र लगाउने गर्दथे । भनिन्छ, पहिलो विश्वयुद्धको समयदेखि भने लोग्ने मानिसहरूले पनि यस्तो घडी लगाउन थाले किनभने युद्ध गर्ने मैदानमा लैजान सजिलो हुनाले सिपाहीहरूलाई पनि यसको आवश्यकता बढ्यो ।

एकछिन हाँसौं कि ?

१. विद्यार्थी– सर, कसैले गर्दै नगरेको काममा दण्ड दिनु हुन्छ कि हुँदैन ?

शिक्षक– त्यस्तोलाई त कहाँ दण्ड दिनु हुन्छ र ।

विद्यार्थी– उसो भए आज मैले गृहकार्य गरेको छैन ।

२. कृष्ण– म मेरो स्वास्नीलाई धेरै माया गर्छु तिमी नि ?

राम– मैले तिम्रो स्वास्नीलाई चिनेकै छैन कृष्ण !

– अरुण बहादुर खत्री "नदी"
सामाखुसी, काठमाडौं–३ ।

मुक्तक

– खगेन्द्र पंधाक 'जन्तरे

वर्तमानले अतितलाई नकोट्याए पछि
अतित वर्तमान बनेर भविष्यतलाई चिथोर्न थाल्छ ।
दुखेको घाउमा मलम नलगाए पछि
मष्तिस्क र मुटुमा समेत दुःखाई बढ्न थाल्छ ।

– तेह्रथुम ।

गीत

गरीबको कहानी

– राम विक्रम थापा

मान्छे भएर मान्छेको रगत म पिउँदै पिउंदिन
म यसै मरूँ हे मेरी आमा बरू म जिउंदिन ।
गरीब भनी नगर हेला त्यो पनि मान्छे हो
मान्छ नै भई बिगार्छ मान्छे त्यो पनि मान्छे हो ।

साहूको हली बसेको छोरो भोकले मरेछ
कोइलाखानी पुगेको बाबु भारूले डढेछ ।
गरीबको जीवन, जीवनै हैन यै भन्छ दुनियाँ
सुन त साथी त्यो डाँडामाथि के भन्छ मुनियाँ ।

– बाम्राङ्ग–८, खोटाङ्ग ।

मुक्तक

– मंजय अर्याल

जिन्दजी बढ्छ
खान नपाई मर्छ
खल्तीमा एक मोहर छ
त्यसै पनि छोराले चोर्छ ।

– डिल्लीबजार ।

"आत्मघात"

— कमला सरुप

त्यसो त जीवनको परिभाषा सबैको लागि बेग्लै-बेग्लै हुनसक्छ । जीवन एक प्रकारले अस्पष्ट र खण्डित भएर पनि एउटा नितान्त अप्ठ्यारो भोगाई नै जीवन हो भनेर कति विरोधाभाषपूर्ण विचारहरूलाई प्रश्रय दिइ-रहने । मैले वर्तमान अवस्थाको आफ्नो विचार जुन संयो-जन र आदर्शमा स्थापित गर्न खोजिरहेछु, वा म आफू बाँच्नुप्रतिको धारणामा जति संकुचित हुँदै गैरहेछु, त्यो बास्तवमै सोचाई अनुरूप र सोचाईको सापेक्षित अवस्था-मा नरहन पनि सक्छ । हो म ग्रस्त छु । जीवन वास्तवमा यसरी ग्रसित अवस्थामा बाँचिनु हुँदैन । हुनत जीवनको आफ्नै अस्तित्व छ र अस्तित्वको लडाई लड्न त्यति नै कठिन पनि हुन्छ । जीवनका अपाएक पलहरू मानवीय अस्तित्वको जगेडा गर्ने क्रममा दुःखेका छन् । म सडकमा, सडकमा बढिरहने एक हुल भिडमा र आफ्नै भावनाहरूमा पनि त्यति नै दुःखेकी छु । जीवन कति असहज तरीकाले बाँच्नुपर्छ त्यो पनि एकदमै असन्तुष्ट र आफूभित्र नितान्त खाली भएर । मेरो विबाह भएको पनि आज ५ वर्ष भैसक्यो । मेरो लोग्ने राम्रो अफिसमा जागिर खान्छ । ऊ हेर्नमा, बोल्नमा र पढन सबै कुराहरूमा राम्रो भएकै कारणले आमा बाबुले पनि मेरो विहे उसँग गरिदिने निर्णय गरे अनुरूप नै हाम्रो विहे भएको हो । हामीले ५ वर्षसम्म एउटै भोगाई भोगेका छौं । कतिपय कुराहरूमा विचार नमिल्दा नमिल्दै पनि हामीले सबै वर्तमानलाई जबरजस्ती एउटै बनाउने प्रयत्नमा लाग्नु पर्छ । बाँच्नुको नाममा खुशी उद्देश्य र आकांक्षा केही यस्ता कुराहरू बाँकी नभएको रित्तो आकाश जस्तै हामीहरू हाम्रो भावनामा लगातार दुःखेर बाँचिरहेका छौं ।

हो ! मेरो लोग्नेको एउटै कमजोरी छ । त्यो कम-जोरी म स्वीकार्न सक्दिन । मैले उसको सबै कुरा स्वीकार्नु पर्छ भन्ने पनि केही छैन । मलाई अलिकति नै भएपनि जीवन कसरी बिताउनु पर्छ भन्ने सम्म राम्रोसँग थाहा छ । ऊ प्रत्येक साँझ मसँग अनगिन्ती केटीहरूको कुरा गर्छ । उनीहरूको बयान गर्छ । बाँच्नुको नाममा मसँग यही एउटा पीडा छ । ऊ तो केटीहरूसँग शारीरिक सम्पर्क पनि राख्छ । उसले यस्ता कुराहरू मसँग गर्दा म कुन स्थिती-मा हुन्छु वा म भित्र कस्तो पीडा गुज्रिरहेको हुन्छ, त्यस-लाई म आफै अनुमान लगाउन सक्दिन । उसले मलाई पर्याप्त माया दिन सक्दैन । किनभने ऊ धेरै जनामा बाँडिएको छ । उसले भनिनै सकेको छ । ऊ एक जनासँग मात्रै खुशी हुन सक्दैन । एकै जनालाई मात्र प्रेम दिन

सक्दैन । उफ् विहे गर्दा कत्रो सपना थियो । दिन-दिनै उसको कल्पना गरेर मैले धेरै समय उसको बारेमा सोचेर नै बिताएकी थिएँ । अब त सबै कुरा अतीत भएको छ । म आफै पनि बुझ्दिन, म आफैलाई पनि चित्त बुझ्दैन, किन म उसका कुनै पनि कृयाकलाप सजिलै स्वीकार्न सक्दिन । म किन मानसिक पीडामा गुज्रिरहन्छु । उसले कुनै पनि केटीको कुरा मसँग गर्दा किन मभित्र एक किसिमको विद्रोह जन्मिन्छ । मेरो धैर्यताको सीमा टुट्छ। मलाई लाग्छ– ऊ धेरै पैसा कमाउँछ । त्यसैले ऊ धेरै खुशी किन्न सक्छ । धेरै जनाको शरीर प्रत्येक रात किन्न सक्छ । तर उसले कुनै पनि एउटा स्त्रीले, पुरुषलाई गर्ने मायाँ वासनाभन्दा फरक र टाढा पनि हुनसक्छ भन्ने कुरा बुझ्न सकेको छैन । कुराको सिलसिलामा हिजो पनि उसले मसँग धेरै विरोधाभाष कुरा गऱ्यो । मलाई ऊसँग झगडा गर्न त मन लागेन तर मानसिक विद्रोह भने भइरह्यो । उसले भनेको थियो "हेर न सानु, अफिसमा नीशा भन्ने एउटी केटी छे । यसो बोलचाल पनि राम्रै हुन्थ्यो । अब त मसँ गै बस्छु भन्न लागेकी छे । मेरो विहे भैसकेको छ भनेर जति पन्छाउन खोजे पनि मर्छु भन्न थाली । १/२ महिना पखिन त भनिदिएको छु । के गर्ने ? म त एकदमै समस्यामा परें ।" उसले अर्थात मेरो लोग्नेले यति कुरा गर्दा मलाई लगभग भाउन्न छुट्यो । मलाई मेरा आमा-बाबुदेखि पनि रिस उठ्यो जसले यस्तो चरित्रहीन र विश्वासघाती मान्छे-सँग मेरो विहे गरिदिए तर त्यो मान्छे मैले पनि मन पराएकी थिएँ । जसले गर्दा आमा-बाबुको स्वीकृति पाउन म कति आतुर थिएँ । मलाई राम्ररी थाहा छ त्यो दिन आमाले मसँग मेरो सम्पूर्ण जिन्दगीको बारेमा धेरै कुरा सोध्नु भएको थियो । आमा जति-जति कुरा गर्दै जानु हुन्थ्यो म पनि ती कुराहरू उत्ति नै स्वीकार्दै जान्थें । मलाई अन्तमा आएर यस्तो पनि लागेको थियो कि मेरो विहेमा कुनै अन्योलपन नआओस् । म मेरो वर्तमान लोग्ने सँग नै खुशी हुनसक्छु भन्ने ममा एक किसिमको भ्रम बाँचेको थियो । आज यो भ्रम कति पीडादायक र कति अप्ठ्यारो हुँदै गएको छ । म केही पनि कुरा सोच्न सक्दिन । तर मेरो लोग्ने यस्ता कुराहरूले मलाई सोच्न बाध्य बनाउँछ । म आफू थाकिसकेको एउटा अस्पष्ट बाटो जहाँ मेरा भावनाहरू पूर्णत विक्षिप्त भइसकेका छन् । मेरो लोग्ने त्यही बाटो हिंड्न मलाई बाध्य तुल्याउँछ । वास्तवमा मेरो लोग्नेले मलाई धोका दिएको छ । ऊ मेरो लागि भयङ्कर अन्याय ल्याउन चाहन्छ, जसको थोरै कल्पनाले पनि म पागल जस्तै हुनसक्छु । तर अन्तिम निर्णयमा ऊ राम्रो मान्छेमा गनिन सक्दैन । परिस्थिति साँच्चै कस्तो असिल्दो भएको छ । मेरो लोग्ने मेरो आदर्श हुन सकेन । अब छिट्टै नै उसको बिहे हुन सक्छ । उसले मलाई भन्दा बढि माया र विश्वास उसकी दोस्त्री स्वास्नी माथि नै खन्याउने छ । यसो त उसले मलाई मनग्गे माया कहिले पो गरेको छ र ? आफ्ना विश्वासहरू र माया मसँग समानान्तर रूपले कहिले पो साटेको छ र ?

हिजोदेखि यो मन अनायासै अप्ठ्यारो स्थितिमा रहेको छ । उसले नीशासँग विहे गर्ने निर्णय मलाई सुनाई-सकेको छ । यो उसको अन्तिम निर्णय हो र कुनै पनि हालतमा यो निर्णयबाट विचलित नहुने उसको दृढ संकल्प पनि लगभग पूर्णतः मलाई सुनाइसकेको छ । यतै-कतै हृदयमा यो थोरै निर्णयले पनि कति ठूलो भूकम्प ल्याएको छ । मेरो लोग्ने कति निर्लज्जसँग यस्ता कुराहरू गर्न कुनै धक मान्दैन । के म उसको यो निर्णयलाई सामान्य रूप-मा लिएर सहजताको भूमिका निभाउन सक्छु र ? मेरो लोग्ने बारम्बार मेरो वरिपरि घुमेर मेरो भावनामा घुमेर एउटा पीडा दिन चाहन्छ । मलाई आत्महत्या गर्न भने

मन लागेको छैन । किनभने म यस्तो स्थितिमा आत्महत्या गर्न सक्दिन र मैले म भित्र यस्तो संकीर्ण सोचाई पाल्न पनि हुँदैन । एउटा लोग्ने मान्छेसँग थाकेर मैले आत्महत्या गर्न लागें भने मेरो आफ्नो अस्तित्व र स्वाभिमानको अस्तित्व के हुन्छ र ? म आफू हुनुको अस्तित्वलाई मेट्न चाहन्न । अब त यो घर छोड्नु, मेरो विगत जीवनदेखि पश्चात्ताप गर्नु यस्तै कुराहरूले मन विह्वल भएपनि मैले आत्महत्या भने गर्न हुँदैन । बरू म यस्ता घटनाहरूलाई सामान्यरूपमा लिने प्रयास गर्ने छु । तर जीवन यस्तो पनि हुन सक्दैन । जतिसुकै सान्त्वना खोजे पनि मन न हो जिन्दगीको यति लामो दुःख र पीडा कसरी सहन सकिन्छ र ? सहज जीवन यहाँ कसले पो बाँचिरहेका छन् र ? यी घात र प्रतिघातहरूसँग मैले कस्तो युद्ध गर्नुपर्छ, त्यो मलाई थाहा छैन तर म अब लगातार पीडा भोग्नु सट्टा यो घर छोडेर धेरै टाढा जानेछु । मेरो लोग्नेले सौता ल्याउनुभन्दा अगाडि मैले यो घर छोड्नु पर्छ । मैले वास्तवमै मन पराएको आफूलेभन्दा बढी माया गरेको लोग्नेलाई छोडेर सधैंको लागि छोडेर जानुपर्छ । लोग्नेको माया लाग्छ । तर उसले मलाई प्रत्येक दिन प्रत्येक रात पीडा दिन्छ । त्यो पनि मैले सहनुपर्छ । सबै कुरा छोडेर भोलि सबेरै म यो घर छोड्ने छु । सायद विहानी हुनुभन्दा धेरै अगाडि । ★

Heartiest Greetings & Best Wishes

For

Happy New Year 2050

PRESIDENT Travel & Tours (P) Ltd.

Durbar Marg, P. O. Box 1307 Kathmandu, Nepal. Tels: Ticketing 220245, 221174, Tour 228873, Account 226744. Telex 2417 PRESSI NP. Fax 977-1-221180.

नव वर्ष २०५० सालको सुखद् उपलक्ष्यमा

समस्त देशवासीमा सुख समृद्धि र सफलताको लागि

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था

कम्पनी लिमिटेड (परिवार)

'धमिलो अस्तित्व"

– संगीता "स्वेच्छा"

हप्तौंदेखि ज्वरोसँग लुकामारी खेलिरहेकी म अभागिनी अब मृत्युसँग मीत लगाउन जान लागिरहेकी छु। मसँग औषधी किन्ने पैसा भएको भए यस रोगसँग बध्यताले लुकामारी खेल्नुपर्ने स्थितिसम्म पुग्दिनथें होला। हुनपनि म जस्ती अनाथ अनि अपहेलित व्यक्तित्वले बाँच्नु पनि व्यर्थ छ। प्रत्येक पाइलामा काँडा घोचेको अनुभव हुने मलाई संसारदेखि विरक्त लागिसकेको छ।

कस्तो आँखा हो यो मोरो कालको पनि ? देशका सशक्त व्यक्ति अनि धनीलाई जो बाँच्ने इच्छा राख्छन्, तिनीहरूलाई चटक्क चुँडेर लाने तर म जो उसकै आगमनलाई कुरेर बसिरहेकी छु, मलाई भने कुराइराख्ने। संसारको नियम पनि निश्चिय नै गोलमाल छ।

बाबुको जस्तो सम्मान दिंदा पनि हरि साहूले मलाई आँखा गाड्न छोडेन। हुनपनि म एक नोकर्नी, मेरो अस्तित्व र चरित्रलाई यस अन्धो समाजले मूल्य विहीन सम्झन्छ। सानोमा बाबु-आमा मर्दा म हरि साहूकै जिम्माथिएँ। के मैले दशौं वर्ष सेवा गरेको फल यही हो त ? तर के गर्नु, समाज नै पैसामा बिक्दो रहेछ। खान नपाएको हप्तौंदिन भइसकेको छ। रातको एघार बजे निष्ठुर अँधेरी रातमा आफ्नो इज्जत जोगाएर हरि साहूको घरबाट भागें। भाग्न सफल भै शान्तिको स्वास फेर्दै सडकमा हिंडिरहँदा जँडचाहाको फेला परियो। ढुङ्गाले टाउको फुटाइदिएँ र यस पाटीमा छिर्न पुगें। डरले आक्रोशित मलाई त्यसै रातदेखि जरोले समाइरहेको छ। चोरेर खान नैतिकताले दिंदैन। काम गरेर खान शरीरले दिएको छैन। अनि दया गरिदिने पनि कोही छैनन्।

जहाँ जाऊँ, जता जाऊँ ठोकरै ठोकर। पापी आँखाहरूबाट ग्रसित भएर आत्महत्या गर्ने निर्णय गरिसकेकी थिएँ। नदीको छेऊमा लुगा धोइरहेकी बूढीले मर्न पनि दिइनन्। विचरी बूढी पनि म जस्तै अनाथ रहिछन्। हिजैदेखि सँगै बस्न थालियो। धागो कातेर कमाएको पैसाले मलाई एक छाक त खुवाउन धौ धौ छ। अस्पताल र औषधी खर्च उनको वशको बाहिर छ। कसैको धन छ त मन छैन, कसैको मन छ त धन छैन। के गर्नु, मानवता भन्ने कुरो धनीको समाजबाट बाहिरै पर्दो रहेछ।

मेरो साथी गरीब भएकोले होला शायद यस धनी समाजले मलाई बहिष्कार गर्न खोजेको। आज म निराशाको घोर बादलभित्र लुकेर बसेकी छु। यस दीयोको प्रकाशमा पनि अन्धकार महसूस भइरहेको छ।

खै ! आँखामा कसैले बाँध्ने चेष्टा गरिरहेको भान भैरहेको छ। शायद कालले मलाई सम्झेको हो कि ! कस्तो रमाइलो दिन आज। लाग्दैछ, आज म यस धनी अनि दबदबा समाजबाट टाढा, निकै टाढा जाँदैछु।

★

'बन्द तगारो' लाई नियाल्दा

— रामप्रसाद पन्त

नेपाली साहित्यका महान उपन्यासकार शंकर कोइरालाद्वारा लिखित उपन्यास 'बन्द तगारो' लेखककै हातबाट उपहार स्वरूप मेरो हातमा पर्छ । दीपक प्रेस बाराणसीबाट प्रकाशित नब्बे रूपैयाँ मूल्यको सो उपन्यासलाई मैले आद्योपान्त पढें, तर त्यतिले मात्र मलाई सन्तुष्टि मिलेन । मनमा लागेका कुराहरू लेख्ने खस-खस लागीरह्यो र लेखें ।

म कुनै समालोचक होइन र नेपाली उपन्यासका सशक्त महारथी श्री कोइरालाका औपन्यासिक कृतिहरूको समालोचना पनि म गर्न सक्तिन । यदि गर्ने दुस्सहास गरी हालें भने पनि म त्यो महासागरको गहिराई थाहा पाउन नसकेर अताल्लिने छु, पार पाउन सक्ने छैन । त्यसैले म अहिले उहाँको एउटै मात्र उपन्यासको समीक्षा गर्न खोजी रहेछु । यस अर्थमा म समीक्षक कहलिउँला त्यो पनि होइन । म त खाली आफूलाई मनमा लागेका कुरा व्यक्त गर्न खोजीरहेको एउटा पाठक मात्र हुँ ।

यो उपन्यासको रचना २०३६ सालको जनमत संग्रहको घोषणा भैसकेपछिको खुल्ला वातावरणमा रहेर गरिएकोछ र यस उपन्यासले सामाजिक तथा राजनैतिक दुवै पक्षलाई समेट्न पुगेको छ । प्रकाशनको लागि २०४३ सालमा साझा प्रकाशनले आफ्नो बुक लिष्टमा पनि पारेको थियो रे ! तर उक्त उपन्यासको गुरूकपि उपन्यासकार वी. पी. कोइरालाले हेर्नु भएकोले त्यसैलाई व्यवस्था विरोधी मानी तत्कालिन अध्यक्षबाट फिर्ता गरियो रे !

म त भन्छु— २०३७ सालको अग्नी परीक्षाबाट सफाई पाएर खुल्ला साँढे जस्तो भएको तत्कालिन व्यवस्थामा यस प्रकारको उपन्यासले साझा प्रकाशनको बुकलिष्टमा समावेश हुने मौका पनि कसरी पाउन सक्यो ?

२८७ पृष्ठको डिमाई साईजको यस उपन्यासलाई विविध रङ्ग दिएर सिर्जनु भएको छ लेखकले । स्वदेश प्रतिको प्रेम, प्रजातन्त्र प्रतिको झुकाव, शोषक र सामन्तहरूको विरोध, रूढीवादको विरोध, शोषित पोडित र गरीब जनता प्रतिको सहानुभूति आदि कुराहरू उपन्यासका उल्लेखनीय विषयबस्तु रहेका छन् । व्यङ्ग, विरोध, विद्रोह, शृङ्गारिकता, प्रतीकात्मकता उपन्यासमा मीठास भर्ने सहायक तत्वहरू भएका छन् । कथानक ज्यादै सरल र सरस रूपमा नदीको निर्मल जल जस्तै सललल बगेको छ- पढ्न थालेपछि छाड्न मन लाग्दैन अगाडि हुने परिणाम प्रति उत्सुकता बढी रहन्छ । उपन्यासको सबभन्दा

ठूलो सफलता यही नै हो ।

कथाको विषयवस्तु यस प्रकार छ :

दोलालघाट ग्रमालेचौर निवासी स्व. शशीधरको छोरा किस्ने (म पात्र) बनारसको एउटा कपडा पसलमा काम गर्दछ । एकवर्ष ग्रगाडि ग्राएर ग्रामाको सेवाको लागि वनदेवीलाई विवाह गरेर घरमा छाडी बनारस पुगेको किस्ने एकवर्ष पछि घर फर्कन्छ । तर स्वास्नी चाहीं पोइ नभएको घरमा कसरी बस्ने भनेर माईत (झगडे गाउँ) गएकी हुन्छे। ग्रामा पनि एक्ली र ग्रस्वस्थ भएकीले मावल (दुम्जा) गएकी हुन्छिन् । तैंपनि किस्नेले दैलोको साँचो खोल्छ, वाक्सा राख्छ, नारनेकी स्वास्नी भुङ्ग्रीलाई बोलाएर घर सफा गर्न लगाउँछ, सामान जुटाउन लगाएर खानापकाइवरी खान्छ । ४–५ दिन गाउँमै डुलेर सबै इष्ट-भित्रहरूलाई भेट्छ, गाउँको वस्तुस्थिति बुझ्छ । ग्राफ्ना काका वाउहरूबाट भएको शोषणबाट मर्माहत हुन्छ । स्वास्नी लिन पठाएको हर्ख पनि खालिहात फर्कन्छ । पैसा सकिएर बेचेको रेडियोबाट प्राप्त रू. ६ सय पनि चोरिन्छ । उसलाई ग्रब एकछिन पनि त्यहाँ बस्न मन हुँदैन, हाम्फालेर वा डुबेर मर्न मन लाग्छ । या सर्धका लागि विदेशिन मन लाग्छ । यस्तै दिग्दार भएर सुती रहेको वेला एकरात उसकी कान्छी ग्रामा ढोका ढकढक्याउन ग्राई पुग्छिन् । उनमाथि परपुरुषसंग गोप्य सम्पर्क राखेको ग्रारोप लगाई कान्छा वाले टाउको र मुटुमा मर्मपर्ने गरी पीटेपछि ग्राश्रयको लागि त्यहाँ ग्राएकी हुन्छिन् । थामिन नसकेर लड्न लागेकी उनलाई किस्नले समाउँछ । उनी मर्न जान कसिएकी हुन्छिन् । ग्राफ्ना शत्रु कान्छा वाले ग्रर्को वापत लगाउलान भन्ने डरले उसले उनलाई रोकेर घरमा राख्न सक्तैन र उनलाई समाएर धेरै टाढा पुग्छ । कान्छी ग्रामाले घाँटीको तिलहरी निकालेर एकमात्र ग्रविवाहीत छोरी वीमालाई विहेमा दिनु भनी किस्नेको हातमा सुम्पिदिन्छिन् र लड्दै पड्दै गन्तव्यहीन बाटो लाग्छिन् । किस्ने घर गएर सुत्छ । एकैछिन पछि कान्छा वा खोज्दै उसको घर ग्राँगनमा ग्राई पुग्छन् । किस्नेले ग्रनभिज्ञता दर्शाउँछ । उज्यालो भएपछि ऊ दुम्जाको लागि प्रस्थान गर्छ । दोलालघाट पुग्दा सुनकोशी किनारमा कान्छा वासँग भेट हुन्छ र कान्छी ग्रामाका भुजेलो र पटुका पनि भेटिन्छन् तर लास भेटिंदैन । किस्ने त्यहाँ नरोकिएर सरासर दुम्जा पुग्छ । ग्रामालाई भेट्छ । काका वाउहरूका कुकृत्यहरूको वर्णन गर्छ । ग्रामाले उनीहरू प्रति उल्टै सहानुभूति दर्शाएको देख्दा ऊ भोली नै मुग्वान पस्ने र फेरि नफर्कने कुरा गर्छ । ग्रामाले रोक्छिन् । त्यहीं तल रोसी खोलामा जापानको सहयोगबाट श्रमदान जुटाई बाँध बाध्ने काम भैरहेको हुन्छ । किस्नेले पनि त्यसै कार्यमा सहयोग पुऱ्याउन थाल्छ । उसलाई एक्कासी एउटा समनपूर्जि हातपर्छ । कान्छी ग्रामासँग गोप्य सम्बन्ध राख्ने गरेको र मर्नु ग्रगाडि पनि उसलाई भेटेको ग्रारोप कान्छा वाले लगाएका हुन्छन् । ऊ तोकिएको दिन धुलीखेल जिल्ला ग्रदालतमा सम्पर्क राख्न ग्राउँछ, त्यहाँबाट उसलाई थानामा पठाइन्छ र बिना पूजि थुनामा राखिन्छ । त्यहाँ जेठादाई जस्ता ग्ररू धेरै निरपराध मान्छेहरू पनि थुनामा राखिएको पाउँछ । ऊ छुटेपछि एक महिनाको तारिख लिएर फर्कन्छ । फर्कदा उसलाई ग्राफ्नो घरको माया लाग्छ र घर पुग्छ । घर भित्र हेर्छ– एउटा वाक्सा थियो, वनदेवीलाई भनेर ल्याएको साडी सहित त्यो पनि चोरिएछ । त्यहाँ एकछिन पनि नबसेर ऊ दुम्जा फर्किन्छ ।

ज्यान मुद्दा लागेको र रा. वि. से. विद्यार्थीसँग भनाभन भएको कारण गाउँ पञ्चायतबाट उसलाई निकाल्ने कारवाही हुन्छ तर उसका मामा सूर्यनाथले जोर विन्ति गरेर रोक्न लगाउँछन् । ऊ पुनः एक महिनाको तारिख

लिन जान्छ । ऊ चाहन्छ– तत्काल फैसला होस्, निरपराध व्यक्तिलाई दुःख नहोस् । तर त्यो सम्भव हुँदैन । पुनः डेढ महिनाको तारिख लिएर फर्कन्छ । बसमा उसका जेठान भेट हुन्छन् । उनको मुखबाट ससुरा विरामी भएको थाहा पाएर संगसँगै ससुराली पुग्छ । सासु ससुराले छोरीलाई लैजान अनुरोध गर्छन् । तर एस. एल. सी. गरेर गाउँमा मास्टर्नी भएकी र आई. ए. पढ्दै गरेकी वनदेवीले सीधै इन्कार गर्छे– मेरो खुसी पो हुन्छ तपाईहरूको करले हुन्छ र ! राम्रो गतिलो घरमा दिनु भएको भए मैले माष्टर्नी भएर माइतमा बस्नु पर्थ्यो ! किस्नेले आफ्नो कमजोरी र भूल स्वीकार गर्छ, वनदेवीलाई लैजाने जोड गर्न सक्दैन । २–३ दिन बसेर ऊ फर्कन्छ ।

लामीडाँडा आई पुग्दा सरकारको विरोधमा नाराहरू लगाउँदै एउटा जुलुस आइपुग्छ । निरपराध जनता प्रतिको प्रहरीको क्रुर दमन देखेर उसलाई सहन हुँदैन र पुलिसकै लठ्ठी खोसेर जाइलाग्छ । पुलिसले वेहोस हुने गरी टाउकोमा डण्डा प्रहार गर्छ । वेहोस अवस्थामै उसलाई धुलीखेल अस्पताल पुऱ्याइन्छ । चेतना आएपछि उसले अगाडि बसी रहेकी वनदेवीलाई देख्छ, जुन जुलुसको नेतृत्व गरेर आएकी हुन्छे र भरखर थुनाबाट मुक्त भएकी हुन्छे । वनदेवीले फलफूल ल्याएर दिन्छे, माया गर्छे, आपसी सद्भाव र मित्रवत व्यवहार गर्छे । राम्रैसँग तङ्ग्रिएपछि किस्नेलाई डिस्चार्ज गरिन्छ । वनदेवी र अन्य महिलाहरूले साथी कमलाको घर धुलीखेलमा बसेर पोखरामा भाषण गर्ने प्रोग्राम बनाई रहेका हुन्छन् । त्यही समारोह सफल पार्न किस्ने पनि पोखरा प्रस्थान गर्छ । त्यहाँको कार्यक्रम सकिंदा साथ वनदेवीका दाजु त्यही पुग्छन् र बाबु सिकिस्त विरामी भएकोले ज्वाईका साथ वनारस जाने बाबुको विचार व्यक्त गर्दछन् । जनमतको परिणाम पनि सुन्न नपर्दै भोलीपल्ट नै बस स्टपमा वनदेवीले वनारस जान लागेको किस्ने र विरामी बाबुलाई विदाई गर्छे । उपन्यासको समाप्ती हुन्छ ।

कथाको छोटो परिचय दिन सफल किताबको कभर अत्यन्त आकर्षक छ । लेखकले किताबको नाम 'बन्द तगारो' यसै अर्थमा राख्नु भए होला– सामाजिक न्यायमा लागेको तगारो, पारिवारिक जीवनमा लागेको तगारो र राजनैतिक परिवर्तनमा लागेको तगारो ।

औपन्यासिक मुख्य पात्र किस्ने देशप्रेमी मानिस हो, विदेश बसेर अर्काको गुलामी गरेर पैसा कमाउने प्रवृत्तिलाई उसले विरोध गरेको छ । साहूले जतिसुकै माया देखाएपनि, स्वास्नीलाई समेत त्यहीं ल्याएर राख्ने स्वीकृति दिएतापनि त्यो सबै उसको स्वार्थमय माया ठान्छ । आफ्नो जन्मस्थलो, जन्मदाता र प्रेयसी वनदेवीको मायाले उसलाई सताउँछ र घर फर्कन्छ । त्यतिमात्र कहाँ हो र, उसलाई त विदेशी सिकरेटभन्दा नेपाली बिडी नै मनपर्छ, विदेशी गानाभन्दा नेपाली लोकगीत नै मनपर्छ । ऊ फर्कंदा बाटामा रामशरण जस्तो गाउँलेले मन भड्काउन खोज्दा पनि ऊ दिग्भ्रमित हुँदैन । यसरी ऊ वनारस बाट रक्सौल वीरगञ्ज हुँदै त्रिभुवन राजपथको बाटो काठमाडौं आएर एकरात बसी आफ्नो घर अमालेचौर दोलालघाट पुग्छ ।

आफूलाई मात्र जन्मभूमि तथा स्वदेशको माया लागेर के गर्ने, सबैलाई उत्तिकै माया लागे पो ! गाउँमा त नराम्रोसँग विदेशी प्रभाव परिसकेछ, विदेशी गाना, विदेशी खाना, विदेशी फेसन, विदेशी पुस्तक– उसलाई आश्चर्यलाग्छ यो सबै भएकोमा । इमान्दार भनेर चिनिने नेपालीहरूमा वेइमानी पनि बढेछ– आमालाई दिनु भनी पठाएको छ सय रूपैयाँ अक्कलेले वेपत्ता पारेछ, रजिष्ट्री गरेर चिट्ठीको खाममा हाली पठाउने गरेको पैसा माइला बाले खाई दिने गरेका रहेछन् । देउता जस्ता देवरहरू

भनी कहलिएका आमाका विश्वास पात्र काकाबाउहरूले– किस्नेले उतै एउटी मधिसेनी बिहागरी सक्यो अब उ आउन्न, बुहारी पनि नफर्कने गरी माइत गई भन्ने जस्ता भ्रामक हल्ला फैलाई मोहीयानी पूर्जा आफ्नो हात पारेछन् ।

विकासको जतिसुकै ढ्वाङ फुकेतापनि गाउँमा केही विकास भएको रहेनछ– बाटोघाटो उस्तैछ, सुनकोशी त्यसै बगेर गैरहेछ, कृषिमा नयाँ प्रविधि छैन, वन जंगल त झन घटेर गएछ, विकासको नाममा आएको पैसा भाषण, नाराबाजी, स्वागत र भोजहरूमा स्वाहा ! तैपनि गाउँका ठूलाबडा भनाउँदाहरू गाउँघरमा देखिदैनन् । कहाँ गएका छन् त ! उत्तर मिल्छ गाउँ पञ्चायत तिर ।

यसै सन्दर्भमा लेखिएका लेखका यी पंक्तिहरू अत्यन्त सान्दर्भिक छन् ।

"विकास त बस र मोटर चढ्नेका लागि भएकोछ, गाउँघरमा उकालो ओरालो हिंडने र गाउँलेका झूप्राहरूलाई भएको छैन ।"

किस्नेले सुन्दै जान्छ, बुझ्दै जान्छ– गाउँबाट नैतिकता पनि हराएर गएछ– मानिसहरू पत्याउनै नसकिने पापकार्यमा संलग्न भएछन्– भण्डारी पुरेतको छोरा हरिकृष्ण मास्टर चार महिनादेखि कान्छी आमासित पल्केको र प्रधानले एउटी केटीलाई छोरीको नाताजोडी रखौटी बनाएको कुरा उस्लाई पत्याउन गाहारो पर्छ, तर एकदिन कान्छी आमाको घर गएकोबेला दिउँसो कोही भन्याङसम्म आएको र कान्छी आमा गएर के के कुरा गरी त्यहीबाट फर्काएको घटनाले उस्लाई पत्याउने आधार मिल्छ । यसै गरी कति बेचिएका कति अत्याचार सहन नसकी झुण्डिएर वा हाम्फालेर मरेका घटनाहरू सुनेर उ स्तब्ध हुन्छ ।

नाराने जस्ता हरिकंगाल पनि गाउँमा भेटिन्छन्, जो माइलाबा कहाँ जोत्ने काम गर्दागर्दै शोषित र पीडित भएकोछ । हर्कै जस्ता मान्छेहरू पनि छन्– जो प्रधान कहाँ जोत्ने काम गर्दा गर्दा थात न थलोको भएकोछ ।

यो सबै गाउँको चर्तिकला देखेर किस्नेमा विकृति पैदा भैसकेको छ– उसले आफ्नो रेडियोबाट 'नजाउ छाडी यो देश' भन्ने गीत सुन्न चाहँदैन वरु "छाडेर जाने नेपाली दाजु नआउ फर्केर" भन्ने गीत सुन्न चाहन्छ ।

कुनै पनि मान्छे माथि ज्यादै अत्याचार भएपछि उ असल स्वभावको राम्रो मान्छे भए तापनि त्यो अत्याचार गर्ने मान्छेको अलिकति पनि कमजोरी वा पतनको श्रोत भेट्टाउँदा खुसी हुन्छ । माइलाबा कान्छाबाले उस्माथि ठूलो अन्याय गरेका थिए । सयौंमुरी आउने खेतबारीको मोहियानी पूर्जा हात लगाई आमालाई ५–६ मुरि दिएर बांकी खाने गरेको प्रशंगले उसलाई असह्य भैरहेको थियो । जब कान्छी आमालाई खोज्न कान्छाबा सुनकोशी किनारतिर जान्छन् र त्यहाँ कान्छी आमाको पटुका र मुजेलो देखिन्छ आफू वचन स्वास्नीको दिमाग ठिक थिएन भनी उम्कन खोज्ने कान्छाबा प्रति किस्नेले क्यै खण्ड खातिर नपरीकन को मर्छ भनी पुलिसलाई खबर गर्न पाउँदा उसले सन्तोषको अनुभव गर्छ । त्यसैगरी माइलाबा प्यारालाइसेस भएर चल्न नसक्ने भएका छन् भन्ने सुन्दा आफ्नै पापको कारण सम्झी खुसी हुन्छ ।

रीसको आवेगमा आएर एकदिन काका बाउहरूसँग भनाभन हुँदा नालिस दिने धम्की पनि दिएको थियो किस्नेले । तर उसले यो पनि बुझिसकेको थियो कि नालिस दियो भने पनि जीत उनैको हुन्छ । उनीहरूसित प्रसस्त पैसा छ, उनीहरूले मलाई देशद्रोही, राजद्रोही, अराष्ट्रिय तत्व, समाज विरोधी तत्व आदि आरोप लगाएर उल्टै जेलमा कुहाउन सक्छन् ।

किस्ने राजनैतिक चासो नभएको अशिक्षित तर कसैको अन्याय र अत्याचार देख्न नसक्ने एउटा सीधासाधा मान्छे। लामीडाँडामा पुलिसमाथि आक्रमण गर्नु पनि उसको राजनैतिक स्वार्थ थिएन। उसले त एक निरपराध व्यक्ति माथि भएको लठ्ठी प्रहार देख्न नसकेर जाई लागेको हो। त्यसैलाई राजनैतिक मुद्दा बनाई उस्लाई निर्मम पिटाई गरिन्छ र थुनामा राखिन्छ। उस्लाई त्यहाँ ठूलो विद्रोह पैदा हुन्छ। उ भन्छ- 'मसित हतियार हुँदो होत यस खोरलाई सिंहदरवार जलाए झैं जलाई दिन्थें हाते वम भेट्टाए भत्काई दिन्थें'। पानी चुहिने अध्यारो चीसो लामखुट्टे लाग्ने र गह्राउने अनि खान पनि नपाउने त्यो जेल पहिलो दिन बेलुका थुनेको अर्कोदिन बेलुला मात्र खोलिन्छ। अराष्ट्रियतत्त्वमा लागेको आरोप लगाई पहिलो दिन बेलुका ढोका खोलेर भित्र घच्याटिदिएको एक जना मान्छे- जस्लाई विष खुवाइएको रहेछ, राती नै मर्छ र त्यो लास बेलुकामात्र निकालिन्छ, अनि डाक्टरलाई पैसा खुवाएर हृदयगति बन्द भै मरेको घोषणा गरिएको कुरा किस्नेले पछि मात्र थाहा पाउँछ।

लेखकले अदालती प्रकृयाका आकर्षक झलकहरू पनि दिनु भएको छ।- त्यसबेलाको न्यायिक प्रकृया अत्यन्त सुस्त थियो। एउटा मुद्दा किनारा लगाउन पचास वर्ष लागेको प्रसंग पनि यहाँ उल्लेख छ। त्यस्तै नियम कानूनमा पनि कुनै एकरूपता थिएन। समनपूर्जि दिई सके पछि त्यो अदालती कारवाही भयो भन्ने एकपक्षीय धारणा हुन्छ तर अर्को पक्षले किस्नेलाई विना पक्राउपूर्जि थानामा लगेर थुनीदिन्छ। जवकि पक्राउपूर्जि नभई थुन्न सकिंदैन। त्यस्तै २४ वा ४८ घण्टाका लागि थुनेको कसूरदार विना जानकारी महिनौं थुनिन्छ।

त्यसै भएर उपन्यासकार कोइरालाले मुद्दा हेर्ने तत्कालिन प्रकृयालाई बनारसका पण्डासँग तुलना गर्नु भएको छ। किस्नेलाई जव ज्यानमुद्दालाग्छ उसले वकिलको शरण पर्नु पर्ने हुन्छ। फकाई फुल्याई फसाउन पल्केका बनारसी पण्डा जस्ता वकिलका आसेपासे आएर बीचबाटो मै विश्वास दिलाउन थाल्छन्। हाम्रो वकिल साहेव मुद्दा हेर्नेमा ज्याई पोख्त हुनुहुन्छ मुद्दाको विवरण हेरेपछि जित्ने वा हार्ने जवाफ दिनु हुन्छ। जित्ने मुद्दा लिनु हुन्छ जित्न नसक्ने मुद्दा लिनु हुन्न। उहाँले हेरेको मुद्दा अहिले सम्म हारिएको छैन। आउनुस् बसौं- राती सुत्ने ठाउँ पनि छँदैछ। विश्वासको आधारमा किस्ने बस्छ। अर्को दिन विहान वकिलले एकजना झगडियासँग गरेको पैसाको कसाकस देखेर वाहीमाम भै किस्ने भाग्छ।

थानाबाट छुटेपछि किस्ने अदालत जान्छ, त्यहाँ उसले कर्तव्य विमुख भै गलत नियतमा लागेका कर्मचारीहरू पाउँछ। "घुस खाने र घुस खुवाउनेहरू दुवै देश घातक हुन्" भन्ने श्री ५ वडामहाराजाधिराजको वाणी भित्तामा लेखिएको छ तर पैसा नलिई पत्र दर्ता पनि हुँदैन। कहिले को छैन त कहिले को छैन भनेर एकदिनमा हुने काम हप्तौं लगाउने गरेको र पैसाखान पाए तुरुन्त काम हुने गरेको बुझेर किस्ने हाकिमसँग बाझ्न तयार हुन्छ। तर उसले सुनिसकेको छ- ज्यानमारा हो कि होइन भन्ने छुट्याउन चार वर्ष लागेको र पछि होइन भनेर छाडिएको थियो रे प्रेमनिधि बाजेलाई, त्यस्तै भयो भने! उ सतर्क हुन्छ र खर्दार कहाँ तारिख माग्न जान्छ। तारिख दिंदै खर्दार भन्छ- लासफेला नपरेसम्म तिमीलाई तारिखमा छुटाईदैछ- विमाको भनाई अनुसार तिम्रो कान्छी आमासँग अनुचित सम्बन्ध थियो रे! तिमीले कान्छी आमालाई प्रेमोप्रहार स्वरूप एउटा लकेट पनि दिएका रहेछौ। सबभन्दा बलियो प्रमाण तिम्रो कोठामा उनको हवाई चप्पल फेला परेको छ।

कस्तो झुट्टा आरोप? विदेशबाट भाएको मान्छेले

कान्छी आमालाई घरमा गएर एउटा लकेट दिन पनि नपाउने ! फेरि कोठामा हवाई चप्पल कसरी पुग्यो ! यो सबै कान्छा वा को षड्यन्त्र हो ।

अब त किस्नेमा मात्र होइन धेरैमा विद्रोह जागी सकेको छ । प्रधानकी रखौटीलाई भगायो भन्ने आरोप लगाई हर्षेलाई थुनिएको छ । निरंकुशताको विरुद्धमा बोल्ने देशभक्त कर्मचारीलाई निकालिदैछ, अन्यायको विरोधमा बोल्ने निरपराध जनतालाई अराष्ट्रियतत्व भनी जेलनेलको सजाय दिइदैछ । हर्षेले यो अन्याय सही वस्तु भन्दा त विदेशि नुठिक भन्ने विचार व्यक्त गर्दैछ, गाउँका ठूलाठालु र जाली फटाहाको थिचोमिचोमा परेका हामी-हरू गाउँ छोडेर जाने हो भनें उल्टो तिनलाई हाँस्ने मौका मिल्छ भनी किस्ने रोक्दैछ । प्रजातन्त्र त्यसै आउँ-दैन सात सालको क्रान्ति कसरी भएको थियो सबै प्रजामा एउटै भावना हुनु पर्छ देशप्रेम र अन्यायप्रति असन्तोश हुनु पर्छ भन्ने कसैको धारणा छ । न्याय निसाप देशबाट घाम अस्ताए झैं अस्ताई सक्यो, धनीहरूलाई मात्र निसाप छ नेपालमा, अरूलाई छैन भन्ने भावना साधारण गरीब जनतामा समेत पैदा भएकोछ ।

जतातत्तै असन्तोषै असन्तोष छ, नेपाली कांग्रेसप्रति यस्तो भ्रम फैलाइएको छ कि कुनै थुनामा पऱ्यो भने त्यो के कांग्रेस थियो र ! भन्ने सर्व साधारणको प्रश्न रहन्छ । प्रजातन्त्रवादीलाई समाज विरोधीतत्व, अराष्ट्रियतत्व आतङ्ककारी कुतत्व आदि आरोप लगाई थुन्ने र कांग्रेस-को वेइज्जती गर्ने गरेको प्रसंग ०१५ सालको प्रजातन्त्रको हत्या पछि स्वतन्त्र व्यापार गरी बसेको धुलीखेलको एउटा स्वाभिमानी व्यापारी उल्लेख गर्दछ । उसको विचारमा पञ्चायत भनेको खाली कांग्रेससंग विरोध गर्न सिर्जेको गैर राजनैतिक राजाको सोझो गर्ने अशिक्षितहरूको जम-घट हो यो व्यवस्था प्रचारवाजीमा अडिएको छ देश गम्भीर स्थितिमा गुज्रिरहेको छ, पञ्च महापञ्चहरू आफू केही गर्दैनन् खाली गरीबलाई कज्याउछन् सताउँछन् समाज सेवाको नाममा स्थापित सामाजिक एवं परोपकार मूलक संघ संस्थाहरू व्यक्तिगत स्वार्थमा अल्झिएका छन्, रा. वि. से जस्तो सेवामूलक कार्यक्रम पनि निजी स्वार्थ वा के गरेर नम्बर बढि त्याउने सो कार्यमा मात्र केन्द्रीत रहेको छ ।

जनतामा आक्रोशको ज्वाला दन्की सकेकोछ, आगामी जनमत संग्रहमा पञ्चायत अवश्य ढल्छ भन्ने पूर्ण विश्वास भैसकेको छ । शहरमा विद्यार्थी हडताल भएको, प्रधान मन्त्रीबाट राजीनामाको हल्ला, गृहमन्त्रीको दमन, वी. वी. सी. ले नेपालको बारेमा धेरैवेरसम्म बोलेको आदि कुराहरू सुनिंदै छ । सरकारी अफिस र अड्डा अदालत-मा पनि व्यवस्था विरोधी कुरा गर्ने हावा लागि सकेको छ । नेपालको रेडियो सुन्न विदेशी रेडियो पर्खनु पर्दछ । सरकारीपत्र र रेडियो, टि. भी. ले आफ्नो घर आगलागी भएपनि केही भएको छैन भन्ने गर्छ । कतै मजदूर र किसान हडताल, मान्छे मरेका खबरहरू आउँदै छन् । विदेशी पत्रहरूले नेपालको वारेमा लेखेका समा-चारहरू लुकीलुकी पढ्ने प्रवृत्ति बढेको छ ।

अन्य उपन्यास भन्दा यस उपन्यासले बेग्लै खालको विशेषता प्रस्तुत गरेको छ । विहा गरेर नौली स्वास्नी घर भित्याई विदेशनिर लाग्ने केटाले वाह्य संसारलाई देखेको हुन्छ । आजको विकसित समाज र उनका अन-गिन्ति चाहनाहरूलाई स्वीकारी सकेको हुन्छ । तर गाउँ फर्कदा उसले त्यो केही देख्दैन कही पाउँदैन । अशिक्षित र अविकसित समाजलाई देखेर उस्लाई घृणा लाग्न थाल्छ । यति मात्र होइन कि उसले आफ्नी प्राण प्यारी स्वास्नीमा पनि कुनै प्रकारको परिवर्तन पाउँदैन र उस्लाई अपहेलना र तिरस्कार गर्न थाल्दछ । उसको नजिक बस्दा र बोल्दा

पनि आफ्नो अस्तित्व तल खसेको अनुभव गर्न थाल्दछ। नतिजा यस्तो निस्कन्छ– उसले अर्की स्वास्नी विहे गर्ने कल्पना गर्न थाल्दछ। यस प्रकारका घटना गाउँघरमा प्रशस्त देख्न पाइन्छन्। तर यहाँ त विदेश गएको किस्ने एक अशिक्षित र राजनीतिमा पनि पटक्कै चासो नभएको तर अन्याय र अत्याचार देख्न नसक्ने साधारण व्यक्ति। जसले आफ्नी माता र स्वास्नीलाई भेट्न घर फर्कन्छ। तबसम्म स्वास्नी माइतमा बसी एस. एल. सी. गरेर पनि त्यहींकै स्कूलमा पढाउन थालेकी हुन्छे। जसको रहन सहन, लवाई खवाई बोलीचाली र बौद्धिकस्तर किस्नेको भन्दा धेरै माथि उठीसकेको हुन्छ। त्यतिमात्र नभै राजनैतिक चेतनाले प्रेरित भै सभा संगठन आदिमा भाग लिने र भाषण गर्ने स्वभाव बनी सकेको हुन्छ। घर फर्किने कुरा गर्दा उसले ठाडै इन्कार गर्छे– म तिमीलाई लोग्ने मान्छु माया गर्छु तर तिमी जस्तो साधारण पोशाक लगाएको जिउडाल नभएको अशिक्षित मान्छेसंग म कसरी बसूँ! स्वास्नीको मनशाय बुझ्न किस्नेले एउटा प्रस्ताव पेश गर्छ– म पढेर शिक्षित बन्ने र एउटा अर्को घर बनाएर तिमी र म अलग्गै बस्ने। तर त्यो दुवैलाई अपत्यारिलो र असंभव लाग्छ। वनदेवीलाई माइतमा बस्न पनि मनछैन, सासुको बुहार्तन सहेर घरमा बस्न पनि सक्दिन, पारिवारिक जीवन बिताउने मन हुँदाहुँदै पनि किस्नेसँग बस्न सक्दिन र अर्को बिहे गर्न पनि उ तयार छैन। यस्तो अपठ्यारो स्थितिले किस्ने र वनदेवी बीच तगारो लागेको लागे हुन्छ।

किस्नेका सासु ससुरा भने छोरी घरैमा जाओस् भन्ने चाहन्छन्, ज्वाईको ठाउँमा राखेर सम्मान गर्छन् त्यसै भएर किस्नेले ससुरालीप्रति आस्थाभाव राख्दछ र अन्तमा विरामी ससुरालाई लिएर उपचारार्थ काशी तिर लाग्दछ।

यसरी उपन्यासकार श्री कोइरालाले समग्र नेपालीको दुर्दशाको प्रतिनिधि स्वरूप किस्नेलाई उभ्याएर तत्कालिन राष्ट्र, सरकार र समाजलाई यथार्थ रूपमा छर्लंग्याउनु भएको छ।

प्रस्तुत उपन्यासको बारेमा जे लेख्नु लेखी सकेपछि अन्तमा श्री कोइरालाको बारेमा थप कुरा के लेख्न मन लाग्यो भने–विगत साढे चार दशकदेखि नेपाली साहित्यमा निरन्तर कलम चलाएर दर्जनौं दर्जन किताबका ठेलीहरू दिनसक्ने सुप्रशिद्ध कथाकार एवं उपन्यासकार श्री कोइरालाको कदर एवं सम्मान हामी गर्न सकिरहेका छैनौं। खैरेनीघाटदेखि लिएर अहिलेसम्म उहाँले नेपाली साहित्यलाई जे जति सौगातहरू दिई सक्नु भएको छ र जुन वेगलाई ६३ वर्षको उमेरसम्म पनि कायम राखेर कनिकुथी चार लाइन कविता लेखी कवि हुन खोज्ने तन्नेरी युवाहरूलाई चेतावनी दिनु भएकोछ। नदीको प्रवाह जस्तै यसरी निरन्तर कलम चलाउन सक्ने जिउँदो साहित्यकार सायदै हामी पाउँला।

अनुहार हेरेर बोलीको गुलियोपनामा आफ्नो अस्तित्वलाई भुलाएर अनि आगमन प्रत्यागमनको गणना गरेर समालोचना गर्ने र क्षणिक वाह वाह र गुलामीको भरमा इनाम दिने परंपरा जुनसुकै तन्त्र आएपनि हाम्रो समाजबाट अझ जान सकेको छैन। यो प्रवृत्तिबाट हामी बिलकुलै मुक्त हुन सकेनौं भनें नेपाली उपन्यासका हस्ती श्री कोइरालालाई यथोचित सम्मान दिन सक्ने छैनौं।

✶

धीरता, सहिष्णुता, जितेन्द्रियता, पवित्रता र सच्चरित्रता धर्म हुन्। यदि आफूलाई मानव मान्दछौं भने यी धर्मको अवश्य पालन गर।

–खप्तडस्वामी

कविता

म मर्दा मेरो मृत्युमाथि

– स्व. वासु शशी

म मर्दा मेरो मृत्युमाथि
शोक गर्ने
कसैलाई अधिकार छैन ।
म जान्छु
जसरी आगो लागेको घरबाट
धुवाँ जान्छ ।
मेरो जानु, मेरो जानु हो
भूकम्पमा
खसेको छाना र
पृथ्वीका बीच किचिनुबाट फुत्कनु ।
म गइसकेपछि म हुन्न,
म हुन्न
वर्षाको रातमा चट्याङ नभए जस्तो ।
म मर्दा मेरो मृत्युमाथि
शोक गर्ने
कसैलाई अधिकार छैन ।
म जान्छु
एउटा तारा जस्तै
जहाँ कतै भर नभएको आकाश हुन्न ।

[वासु शशीका कविता – सम्पादकः कुमार बहादुर जोशी (२०३५) बाट ।]

साहित्यकार-पुरस्कार ?

– कृष्णभक्त देवकोटा

प्रमुख नोकरले,
मालिक प्रसंशा गीत गायो
उप-प्रमुख नोकरले,
साह्रै राम्रो भन्दै
सो गीतलाई
प्रथम पुरस्कार दिंदै
सार्वजनिक अभिनन्दन गऱ्यो ।

कविता

बाटो खम्न बाँकी छ !

– सेवक नेपाल

आज यो धर्तिमा
असंख्य जूनका किरण पोखिए जस्तै
खुसिहरू छरिएका छन्
प्रेरणा उत्सर्गित भएका छन्
यो पवित्र स्थल, हिमाली आगनमा
योद्धाहरूको रणभूमि
जहाँ शहीदको रगत पोखिएको छ
युगको निम्ति समाजको निम्ति
राष्ट्रको अस्तित्वको निम्ति
यहाँ शिशिर पछि
बसन्त आउंदैछ
कोपिला बोकेर
जागरणको लहर लिएर
इतिहासका पानाहरूमा
नयाँ पाना भित्रिएका छन्
जहाँ युवा तिम्रो देन छ
जहाँ बुद्ध तिम्रो साथ छ
यसैमा राष्ट्रिय ठाउं छ
बक्रेखा जस्तै प्रत्येक पहाडहरूमा
तिम्रा पैताला पुगेका छन्
तिम्रा आँखाहरूले
तराई पहाड हिम श्रृङ्खलाका बस्तिहरूमा
जीवन दिएका छन्
जहाँ अन्धकार छ
जहाँ रापिलो घाम छाया छ
जहाँ आशुका झुल्काहरू छन्
त्यहाँ त्यहाँ अझै पुग्न बाँकि छ
बाटो रेखाङ्कन गर्दै जाउ
त्यो दिन आउनेछ
झलमल्ल सूर्य उदाए जस्तै भएर ।

–सिन्धुपाल्चोक

मानवीय मनोरचनाको र सामाजिक सङ्गठनको स्थिति समुद्घाटित गरिने पद्धतिमा आपनै किसिमको विशेषता छ– गौतमका कथामा । माथि उल्लेख भएका जीवन जगत् विम्बित हुने र तिनका महत्तम पक्षहरू प्रस्तुत गरिने रचनाका सम्पूर्णताहरू कथाभित्र प्रत्यक्षीभूत भएका छन् । यिनै विशेषतालाई ध्यानमा राखेर जीवन र जगतका मूल्य र मान्यताहरू प्रस्तुत गर्ने काम भएको कुरा उनका कथाले प्रतिपादन गरेका छन् ।

कथा प्रस्तुतिमा स्थिति भोग्न आउने पात्रको मन-स्थितिमा आउने परिवर्तनले कथाको सिङ्गो बनावटमा समेत परिवर्तन आइदिन्छ । यस अवस्थालाई दृष्टि दिंदा कतै कथालाई उपयुक्त हुने पात्र विधान र प्रस्तुतिको सम्वरण, कतै कथनलाई उपयुक्त हुने कथा विधान समेत कथाकारका विशेषता भएर रहेका छन् । कतै चाहिं सिङ्गो परिवेशलाई उपयुक्त हुने पात्र, कथा र कथनका समेत विभाजन राम्ररी प्रदर्शित भएका छन् यिनै परिस्थितिलाई सह्यालेर कथा लेख्ने गौतम २०२० र २०३० का पूरै दशकका प्रतिनिधि कथाकारका रूपमा देखापरेका छन् । यस समयको परिस्थिति र अवस्थितिलाई पर्याप्त सजीवता प्रदान गर्ने क्रममा गौतम सफल भएका देखिन्छन् ।

'अँध्यारो द्वीपमा' र 'गौतमका प्रतिनिधि कथाहरू' सङ्ग्रहकालका तर सङ्कलन भएका र नभएका रचनाका प्रवृत्ति र मूल्यलाई अङ्कन गर्ने सङ्ग्रह 'प्रतिनिधि कथा सङ्ग्रह' ले यस समाजका क्षीण र कोणहरूले पर्याप्त रूपमा स्थापित गरेको छ । राजनीति, समाज र संस्कृति-का संक्रमणलाई प्रदर्शित गर्न यो सङ्ग्रह सफल भएको छ ।

गीत

– डा० मथुरा के. सी.

तिमीलाई देउरालीमा देखे जस्तो लाग्छ
बराथानको उकालीमा भेटे जस्तो लाग्छ

सपनी या विपनी हो संगै जस्तो लाग्छ
अतीतका कुरा गर्दा तिमी जस्तो लाग्छ

पोल्टा भित्र तिम्रै वेंश ओंठ भरि गीत
छाती भित्र तिम्रो माया पाउ भरि शीत

विछोडको कुरा गर्दा मुटु मेरो जल्छ
बर...रर .. तर...रर .. आँशु मात्रै झर्छ

WISHING
Happy and Prospereous
NEW YEAR
2050
MARCO POLO TRAVELS (P.) LTD.
Kathmandu, Nepal. Phone No. : 411780

कृति परिचय

जगतगुरू आदि शंकराचार्य प्रणीत 'सौन्दर्य लहरी' को नेपाली भाषामा व्याख्या गरेर नेपाली साहित्य फाँटमा नयाँ पुष्प थप्ने कार्य पण्डित श्री गिरीधारी भट्टद्वारा भएको छ। जसरी भए पनि नेपाली भाषा उर्वर हुनुपर्छ, नेपाली भाषा उन्नत हुनुपर्छ, नेपाली भाषा संस्कृत जस्तै सक्षम हुनुपर्छ तबमात्र देशको अस्तित्व रहन्छ। आर्य भूमि भनेर आजसम्म शीर ठाडो पार्ने काम गरेको संस्कृत भाषाको उन्नतिले हो। संसारको भाषाक्षेत्रमा यो समान विकसित, सक्षम र वैज्ञानिक भाषा अरू छैन। साहित्य सुमार्गी छ कुमार्गी छैन, क्षणिकता छैन। यसको गहन अध्ययन गर्दा गर्दै मानिस 'एकोऽहं बहुस्याम' मा पुग्छ 'सर्वे भवन्तु सुखिनः' र 'वसुधैव कुटुम्बकम्' को अनुभव गर्न थाल्दछ। संसारमा नयाँ नयाँ नाम र चेहरा देखिन्छन्। ती सम्पूर्ण कुराहरू यसकै उपज हुन् जस्तो आभास हुन्छ।

'सौन्दर्य लहरी' का १२० श्लोक छन्। यी श्लोकहरूमा जगतगुरूले शक्तिको प्रधानता देखाउनु भएको छ। संसार नै शक्तिको आधारमा टिकेको छ, सृष्टिमा शक्ति नै सर्वोपरी छ। मानिस भित्र पनि शक्ति विद्यमान छ, मानिसले शक्तिको सदुपयोग गर्नु पर्छ। स्वार्थमा मात्र परिणत गरेर जीवनको सार्थकतालाई गुमाउनु हुन्न भन्ने कुरालाई जन साधारणसम्म पुऱ्याउन यस ग्रन्थको नेपाली भाषामा व्याख्या गरिएको हो।

'रावण' विरचित 'शिव ताण्डव स्तोत्र' पुष्पदन्त प्रणीत 'शिव महिम्न स्तोत्र' शंकराचार्य प्रणीत 'सौन्दर्य लहरी' यस्ता गरिमामय स्तोत्र हुन् जसले संसारको सम्पूर्णता समेटेका छन्। मानवलाई मार्ग दर्शन गराउने कार्य गरेका छन्।

श्री विष्णु गोपाल रिसालले सरल र सरस भाषाको प्रयोग गरी सूक्ष्मतम तथ्य कोट्याउनु भएको छ भूमिकामा। वास्तविक जीवन के हो ? कर्तव्य के हो ? हामी किन आयौं ? के गर्दै छौं ? र कतातिर जाँदै छौं ?

सम्पादक श्री कृष्ण गौतम स्वयं साहित्यकार र संस्कृतज्ञ भएकोले पाठान्तरका कुरा पनि देखाइएको छ। यसरी निर्माणमा त्रिदेव (ब्रह्मा, विष्णु, महेश) को कार्य जस्तै भएको छ।

'सौन्दर्य लहरी' गहन ग्रन्थ हो। संस्कृत भाषामा लेखिएको हुनाले अल्पज्ञले बुझ्न कठीन थियो। विद्वान् गिरिधारी भट्टले सरल भाषामा व्याख्या गरेर जनसाधारणले बुझ्न सक्ने बनाई दिनु भएकोले शक्तित्वधारी समस्त पाठकवर्गलाई यो ग्रन्थ सङ्ग्रहणीय र पठनीय भएको छ।

नाम– सौन्दर्य लहरी र रसतरङ्गिणी (नेपाली व्याख्या)
व्याख्याकार– पं. श्री गिरिधारी भट्ट
सम्पादक– श्री कृष्ण गौतम
प्रकाशक– सत्सङ्ग परिवार, जावलाखेल, ललितपुर–४
संस्करण– प्रथम (२०४९)
मूल्य– २५/– (पच्चीस)
पृष्ठ– १२०+२४

– ठाकुर

नववर्ष २०५० सालको सुखद् उपलक्ष्यमा

समस्त ग्राहकवर्गहरूमा हार्दिक मङ्गलमय

★ शुभ कामना ★

हरिसिद्धि ईटा तथा टायल कारखाना लिमिटेड

हरिसिद्धि, ललितपुर, फोन नं. ५२२७७६, ५२१४५१

कविता

नयाँ वर्ष

– बलराम बञ्जारा

☐ आयो बोकी नयाँ, नौलो रहर यो उन्माद र हर्षको ।
गाउँ बजाउँ मृदंग र बाँसुरीहरू स्वागतमा नयाँ वर्षको ।।
अतीतमा जे जति भए गल्तीहरू सबै छोडेर यात्रातिर ।
निवेदन यही चढाउन चाहन्छु म सत्मार्गको खातिर ।।

☐ लागे पंक्षी गाउन वन बुट्यानहरूमा चिरविर-चिरविर गरि ।
कस्को पो मन हर्दैन होला र धरतीमा को रुन्छ यसघरि ।।
नाङ्गा डाँडा पाखाहरू र खेतबारी सबै तँछाड-मछाड गर्दछन् ।
बाँकी हरियाली अङ्ग प्रत्यङ्गमा जनाततै हराभरा भर्दछन् ।।

☐ हातेमालो गर्दै अब त एक आपसमा झिकेर मीठो लय ।
हुन सक्ने सद्भाव हामीहरूमा यदि, भने हुन्छ ठूलो प्रलय ।।
फुलपाती र जलघडा लिई संघारमा बसी पुकार गर्दछु ।
मङ्गलै मङ्गल रहोस् जनाततै, श्रद्धा सुमन यही छर्दछु ।।

साझा प्रकाशनका केही नबीनतम प्रकाशन

१. आँशु त्यसै त्यसै छचलिकन्छ (कथा सङ्ग्रह) ३६/७५
दौलत विक्रम विष्ट

२. स्वर्ण विम्व (उपन्यास) २१/२५ कृष्ण गौतम

३. आस्थाको भग्नावशेष (कथा सङ्ग्रह) २६/–
शारदा शर्मा

४. मिल्किएको मणि (नाटक) १७/२५ रमेश विकल

५. पाइलाका डोवहरू (यात्रा संस्मरण) ३१/७५
तेज प्रकाश श्रेष्ठ

६. कालरात्रिमा विम्व खोज्दै (कविता सङ्ग्रह) २६/२५
फणिन्द्र नेपाल

७. नेपालदेखि अमेरिकासम्म (उपन्यास) ७१/५०
डा. तारानाथ शर्मा

नववर्ष २०५० को सुखद् उपलक्ष्यमा

हाम्रा समस्त ग्राहकवर्गमा सुख शान्ति

तथा समृद्धिको मङ्गलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

एस. स्टेशनरी शप

कोपुन्डोल, ललितपुर–१

☎ : ५२४२५६

हरेक महान् कुराहरू असल हुन सक्दैनन् तर सबै असल कुराहरू महान् हुन्छन् । – डेमथेन्स

दुई कविता

मलाई पो ऊ लखेटिरहेछ

दिनका दिन
म समयलाई लखेट्छु ।
विहान जुरमुराउँदै उठी
म बिहान लखेट्छु ।
यताउता हिंड्दै
म दिन लखेट्छु ।
बेलुकी सुती सुती
म रात लखेट्छु ।
यसरी समयलाई
लखेट्दा लखेट्दै
समय कहाँ पुगेछु
म यसो फर्केर हेर्छु
समय यो मलाई
लखेटिरहेको पाएँ ।

छोरो

समय हो यो समय
आलुबखराको रूख जस्तै बढेछ ।
जसमा फलेको
पाकेको
रातो आलुबखरा
खान खोज्दा
मलाई पो पोल्छ ।
अचम्म मानी
मैले यसो हेरें
त्यो त कहाँ पाकेको आलुबखरा हो र
बलेको आगोको ज्वाला पो रहेछ ।

— कृष्ण प्रसाद ढुवाल

गीत

— मंजुल

तिम्रो घृणा मेरो लागि गुनिलो भो कस्तो
इयालखानाको कैदीलाई मुक्ति मिले जस्तो

बेगमारी उड्यो चरी पङ्ख फिजाएर
बाहिर पारी बिजोक हेर्ने तिम्लाई गिज्याएर
उसकै निम्ति मीठो उडान पर्खी बसे जस्तो
तिम्रो घृणा मेरो लागि गुनिलो भो कस्तो

मौलाएको फूलको बोटलाई इर्ष्या गरेकाथ्यौ
फेरि कहिले नपलाओस् भनी कालिकाथ्यौ
सुन्दर बीउ उर्वर भुइँमा हुर्याइदिए जस्तो
तिम्रो घृणा मेरो लागि गुनिलो भो कस्तो

गीत

— दिनेश अधिकारी

आँधी आए सही दिउँला
बाढी आए बगूँला म
जे जे पुछि तिम्रो लागि
सबै दुःख सहुँला म
तिमीलाई चाहनामा
जतततै मैले चुने
जहाँ तिम्रो आँशु झऱ्यो
त्यहाँ आफू पनि रोएँ
तिम्री नै हो मेरो खुसी
तिम्रो निम्ति हाँसूला म
एकान्तमा जहिले पनि
तिम्रै स्वर सुनिरहें
तिम्रै लागि बाटो बीच
आफूलाई थुनि रहें
तिम्री नै हो मेरो प्राप्ति
तिम्रै निम्ति बाँचूला म ।